# आदिवासी जनजाति महिला आन्दोलन र जनजाति महिला महासंघ

कैलाश राई

नेपालको समकालीन राजनैतिक परिवर्तन र प्रकृयामा विभिन्न सिमान्तीकृत समूहको प्रतिनिधित्व र हित संरक्षणको मुद्दाले महत्त्व पाएको छ । उदाहरणको लागि हालै (२०६४ चैत २८ मा) सम्पन्न संविधान सभाको निर्वाचनद्वारा विभिन्न राजनैतिक दलमार्फत जातजातीय र लिङ्गीय प्रतिनिधित्व बढेको छ । विविध समुदाय, भाषाभाषी, धर्मावलम्बी तथा फरक फरक पृष्ठभूमिका महिलाहरूको प्रतिनिधित्व बढेको छ । यसै सन्दर्भमा विश्वको राजनैतिक इतिहासमा नेपालको संविधानसभाको प्रतिनिधित्वको आधारमा नेपालका महिलाहरू अमेरिकाका महिला भन्दा अगाडि रहेको तर्क कतिपयले गर्ने गरेका छन् (जस्तै, यमी २०६५) । विविधतायुक्त पहिचान, मुद्दा र समस्याहरूको आधारमा चिरा-चिरा परेर बेग्लाबेग्लै समूहको रूपमा आन्दोलित हुनु नेपाली महिला आन्दोलनको वास्तविकता हो । ती छुट्टाछुट्टै समूहमा आन्दोलितमध्ये कतिपय महिलाका समूहहरूको पहिचान र मुद्दा अझै पनि ओझेलमै छ । त्यसैले उनीहरूलाई आफ्नो पहिचान र अधिकार प्राप्तिको लागि सशक्त रूपमा अगाडि देखिनै पर्ने बाध्यता छ । यस्ता बाध्यता बोकेका महिलाका समूहहरूमध्ये आदिवासी जनजाति (आ.ज.) महिला[१] पनि हुन् । आ.ज. महिलाहरू मूलधारको महिला आन्दोलनभन्दा त बाहिरै छन् । त्यसको साथै, उनीहरूको आफ्नै समुदायले हाकेको आ.ज. आन्दोलनभित्र पनि अटाएका छैनन् ।

राज्यको विभेदकारी नीतिविरुद्ध नेपालमा वि.सं. २०४६ पछि सामाजिक धारमा चलेका आन्दोलन र सवालहरूको कुरा गर्दा आ.ज. आन्दोलन अग्रपंक्तिमा देखिन्छ । आन्दोलनद्वारा आ.ज. समुदायका सवालले राजनैतिक, सामाजिक, सांस्कृतिक रूपमा स्थानीयस्तरदेखि राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा छुट्टै स्थान हासिल गरेको छ । त्यस्तैगरी वि.सं. २००४ देखि शुरु भएको महिला आन्दोलनले महिलाका पक्षमा वकालत गर्दै थुप्रै उपलब्धि हासिल गरिसकेको छ । जनगणना २०५८ अनुसार नेपालको कूल जनसंख्याको ५०.०४ प्रतिशत (१,१५,८७,५०२) महिलामध्ये ३७.५ प्रतिशत (४३,४५,३१४) आ.ज. महिलाहरू रहेका छन् । ती सम्पूर्ण नेपालका आ.ज. महिलाहरूलाई नेपाली आ.ज. र नेपाली महिलाकै पहिचानभित्र सगोलमा राखिएको छ । त्यसैले अलग्गै पहिचानको खोजीमा रहेका जातीय र लैङ्गिक विभेद झेल्दै आइरहेका आ.ज. महिलाहरू तेहेरो मार

१ राष्ट्रिय आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ द्वारा सूचिकृत आदिवासी जनजाति समुदायका महिलाहरूलाई 'आदिवासी जनजाति महिला' भनिएको हो ।

*Studies in Nepali History and Society* 13(1): 147-199 June 2008
© Martin Chautari

(Triple discrimination) खेप्दै आइरहेका छन् । पहिलो, महिलाको रूपमा, दोस्रो, आ.ज.को रूपमा र तेस्रो, आ.ज. महिलाको रूपमा (जनजाति महिला महासंघ २०६३[२], जनजाति महिला मञ्च २०६४, तामाङ २०६५) ।

अन्य समुदायका महिलाहरूमा भन्दा आ.ज. महिलाहरूको सन्दर्भमा विभेद कम छ । यस्ता विभेदहरूलाई जनजाति समुदायले सामान्यतया आफ्नो पहिचानमा गर्ने गरेको गर्व र सांस्कृतिक परम्पराको आडमा ढाकछोप गर्दै आएको देखिन्छ (विश्व बैंक/डी.एफ.आइ.डी. सन् २००६ : ८-१३) । सो विभेद छताछुल्ला रूपमा बाहिर आइनसकेको भएपनि आ.ज.का सामाजिक संगठनमा पुरुषहरूकै वर्चश्व रहिरहनु लैङ्गिक विभेदको सूचक हो । हिन्दू पितृसत्तात्मक समुदायमा जस्तो महिला-पुरुषमा विभेद नगरी सम्मानजनक व्यवहार गरिने हुनाले आ.ज. महिलाका सन्दर्भमा लैङ्गिक विभेदको कुरा सान्दर्भिक मानिँदैन (भट्टचन २०५८) । त्यत्ति हुँदाहुँदै आ.ज. महिलाहरूको प्रतिनिधित्वको लागि अलग्गै संगठन खोल्नैपर्ने आवश्यकता किन पऱ्यो ? संगठन बनाएपछि आ.ज. महिलाहरूले के कस्ता कदमहरू चाले र ती कदममार्फत के कति उपलब्धिहरू भए ? भन्ने जिज्ञासा लिएर यो अध्ययन शुरु गरियो ।

आवाजविहीन र प्रतिनिधिविहीन अवस्थाबाट जुटेर आ.ज. महिलाहरूले खडा गरेको प्रतिनिधि संगठन राष्ट्रिय आ.ज. महिला महासंघ (निफ)ले करिब एक दशकको यात्रा तय गरेको छ । यो समयावधि र अहिलेसम्मका क्रियाकलापको पक्षबाट पनि आ.ज. महिलाहरूको अभियान र संगठनको मूल्याङ्कन गर्नुपर्ने आवश्यकता छ । नेपालका आ.ज. समुदाय र आन्दोलन बारेमा थुप्रै अध्ययन अनुसन्धान भएका छन् । प्रकाशित सामग्रीहरू पनि थुप्रै संख्यामा उपलब्ध छन् ।[३] आ.ज. महिलाहरूको सम्बन्धमा भने उनीहरूद्वारा उठाइएका सवाल तथा मुद्दाहरूलाई लिखित दस्तावेजको आकार दिने कामको अभाव खड्किएको छ ।[४] आ.ज. महिलाका सवाल ओझेलमा रहिरहेको अवस्थामा ती मुद्दाहरूलाई लिपिबद्ध गर्ने काममा यो अध्ययनले सघाउ पुऱ्याउने छ । अध्ययनको क्रममा भएको अनुभवकै आधारमा भन्नुपर्दा पनि आ.ज. महिलाहरूको सवालमा मात्रै हैन आ.ज. समुदाय/आन्दोलनप्रति रुचि राख्ने तथा अध्ययन अनुसन्धान गर्नेहरूको लागि समेत यो लेख उपयोगी हुने छ । आ.ज. तथा आन्दोलनसम्बन्धी प्रकाशित/

---

२ सो कुरा २४ फागुन २०६३ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा व्यवस्थापिका संसद सभामुख सुवास नेम्वाङ समक्ष बुझाइएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ (विस्तृत जानकारीको लागि हेर्नुहोस् अनुसूचि १) ।

३ विवरणको लागि अन्यसहित हेर्नुहोस्, वन्त सन् २००६ ।

४ अध्ययनको सिलसिलामा आदिवासी जनजाति महिलाका सवालमा एकदमै थोरै लेखक तथा संघसंगठनहरूद्वारा लेखिएका सीमित प्रकाशित सामग्री फेला पऱ्यो । उपलब्ध सामग्रीहरूमा लैङ्गिक मुद्दाभन्दा पनि प्रायः जातीय मुद्दा नै प्रमुख देखिन्छ । आदिवासी जनजाति महिलाहरू संगठित भएको लामोसमय बितिसक्दा र हालको अवस्थामा उनीहरूको पहिचान, मुद्दा र आन्दोलनबारे मुलुकभरि नै छलफल तथा चर्चा परिचर्चा भइरहेको भएपनि गहन रूपमा अध्ययन अनुसन्धान भएको देखिँदैन ।

अप्रकाशित सामग्री, सरोकारवाला व्यक्ति/आन्दोलनकर्मीहरूसँगको भेटवार्ता, आ.ज. महिलाका अभियानमा संलग्न व्यक्तिहरूसँगको औपचारिक/अनौपचारिक अन्तर्वार्ता (कुराकानी) कै आधारमा यो अध्ययन तयार भएको छ ।

नेपालका आ.ज. महिलाहरूको सवालमा नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)को भूमिकाबारे चर्चा गर्दै यो लेख अघि बढ्नेछ । त्यसपछि क्रमश मूलधारको महिला आन्दोलनमा आ.ज. महिलाको अवस्था, उनीहरूको सांगठनिक उदयको नालीबेली र राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ) को स्वरुप तथा क्रियाकलाप, आ.ज. महिला आन्दोलनको उपलब्धि, चुनौतीहरूबारे चर्चा गरिने छ । र, अन्तिममा निष्कर्ष रहने छ ।

निफले आ.ज. महिलाहरूको हकमा विभिन्न मुद्दा र सवालहरू उठाउँदै आइरहेको छ । जसले गर्दा आ.ज. महिलाका सवालमा अन्य आन्दोलित समुदाय तथा सम्बन्धित निकायलाई केही हदसम्म प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा दबाब सृजना भएको छ । तथापि, आ.ज. महिलाका मुख्य मुख्य सवाल अझैपनि ओझेलमै छन् । यस्तो अवस्थामा उनीहरूको प्रतिनिधि संगठनको भूमिका अझ महत्त्वपूर्ण र आवश्यक ठहरिन्छ । आ.ज. महिलाहरूले आफ्नो पहिचान र अधिकारसम्बन्धी वकालत गर्दै आ.ज. तथा महिला आन्दोलनमा स्थान बनाउनु जरुरी छ । त्यसपछि मात्रै विभिन्न समूह/निकायमा आ.ज. महिलाहरूको पहिचान र अधिकारको सुनिश्चितता गर्ने दबाब सृजना हुन सक्दछ ।

## नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) र आदिवासी जनजाति महिला

वि.सं. २०४६ पछिको प्रजातान्त्रिक परिवर्तनसँगै आएको स्वतन्त्रताको उपयोग गर्दै नेपालका आ.ज.हरू खुलेर आन्दोलनमा लागे (सुब्बा २०५८, ह्यांगन सन् २००७) । त्यसैले पञ्चायती युगको अन्त्यपछि नेपालमा जनजाति युगको थालनी भएको मान्न सकिन्छ (विस्तृत जानकारीको लागि हेर्नुहोस् डेशेन सन् १९९६)। त्यही युगको थालनीसँगसँगै राष्ट्रिय, अन्तर्राष्ट्रिय र स्थानीय तहमा विभिन्न चरणमा, विभिन्न ढंगले आवाज बलियो पार्न एकआपसमा सांगठनिक ऐक्यबद्धता र समन्वय कायम गर्दै शासन व्यवस्था र राज्यसत्तालाई दबाब दिने काम जारी रह्यो । संघर्षकै क्रममा वि.सं. २०४७ मा एक गैरसरकारी संस्थाको रूपमा आ.ज.हरूको जातीय संगठनहरूको छाता संगठन नेपाल जनजाति महासंघ (नेफिन) स्थापना भयो । त्यसबेला जम्मा ८ वटा जातीय संगठनहरू[५] नेफिनमा आबद्ध थिए (भट्टचन २०६०ख, माबुहाङ २०६१, जनजाति महासंघ

५ नेफिनको संस्थापक सदस्य संस्थाहरू: किरात याक्थुङ चुम्लुङ, किरात राई सांस्कृतिक संघ (हालको संशोधित नाम किरात राई यायोक्खा), नेपाल तामाङ घेदुङ, नेपाल भाषा मंका खल: (हालको संशोधित नाम नेवा देय् दबु), सगरमाथा सेवा केन्द्र (हालको संशोधित नाम नेपाल शेर्पा संघ), नेपाल लाङघाली संघ (हालको संशोधित नाम नेपाल मगर संघ), तमु बौद्ध सेवा समिति (हालको संशोधित नाम गुरुङ (तमु) राष्ट्रिय परिषद) र सुनुवार सेवा समाज रहेका छन् ।

२०६३) । ५४ वटा जातीय संगठनहरू आबद्ध रहेको नेफिन हाल नेपाली आ.ज.हरूको सर्वाङ्गीण विकास तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ संघर्षरत छ ।

नेफिनमार्फत आ.ज. समुदाय तथा उनीहरूको संगठनलाई निश्चित सांगठनिक बल र टेवा मिल्यो । विभिन्न तरिकाबाट राज्यसत्तालाई दबाब दिने काम भयो । जनजाति आन्दोलनकै बलमा आ.ज.हरूको हितमा राज्यले महत्त्वपूर्ण निर्णय र घोषणा गर्नैपर्ने बाध्यात्मक परिस्थिति सृजना भयो । फलतः आ.ज.हरूको पक्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा केही महत्त्वपूर्ण कामहरू भए । नेपालको आ.ज. आन्दोलन र दबाबपछि नेपालको संविधान २०४७ ले नेपाल बहुजाति र बहुभाषिक मुलुकको रूपमा स्वीकार गरेको छ । नेपाल आ.ज. उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ द्वारा विभिन्न ५९ आ.ज.हरू सूचिकृत गरियो ।[६] आ.ज.का निम्ति आरक्षण नीति अपनाइनु, मातृभाषामा पठनपाठन हुनु, विभिन्न सञ्चारका माध्यमहरूमा आ.ज.का भाषा, सांस्कृति तथा सवालहरूबारे छलफल हुनुले सांस्कृतिक आन्दोलनमा टेवा मिलेको छ (ओम गुरुङ सन् २००४) । आन्दोलनरत अन्य समुदायसँग सञ्जाल निर्माण गर्नुका साथै नेपाली आ.ज. आन्दोलन अन्तर्राष्ट्रिय स्तरमा चर्चा परिचर्चाको विषय बन्न पुगेको छ । यसरी हेर्दा आ.ज. आन्दोलनको उचाइ र उपलब्धिको सेरोफेरोमा नेपालका धेरैजसो आ.ज.हरू समेटिएका छन् । तर, आ.ज. पुरुषको दाँजोमा महिलाहरू आज पनि पिँधको पिँधमै छन् ।

नेफिनको नेतृत्व दिने होस् या जनजाति आन्दोलनको नेतृत्व दिने काममा पुरुषकै एकलौटीपना हावी रहिआएको छ । करिब १८ वर्षको निरन्तर आन्दोलन र सांगठनिक रुपरेखाअनुरुप वि.सं. २०६३ मा छैटौँ अधिवेशनद्वारा नेफिनको नेतृत्व चयन गरियो ।[७] ती सबै अवधिमा पुरुषकै नेतृत्व देखिन्छ ।[८] एक दशक (वि.सं. २०४७ देखि २०५८)को कालखण्डसम्म नेफिनको नीति र निर्देशनअनुरुप दैनिक कामकाज सञ्चालन गर्ने जिम्मेवारी बोकेको सचिवालयमा महिला सहभागिता हुन सकेन । किनकि जातीय संगठनबाट चुनिएको प्रतिनिधि मात्रै नेफिनको सचिवालयमा पुग्न सक्छ (वन्त सन् २००६) । खासगरी जातीय संगठनहरूमा नै महिला सहभागिता कम छ । र, तिनै कम सहभागीमध्येबाट छानिनुपर्ने र अधिवेशनमा संलग्न मतदाता तथा दाबेदार व्यक्तिहरूमा प्राय पुरुषकै बाहुल्यता हुने हुँदा नेफिनको सचिवालयमा महिला सहभागिता न्यून

---

६ यद्यपि अन्य थुप्रै अल्पसंख्यक आदिवासी जनजातिहरूको पहिचान र सूचिकृत नभएको अवस्था छँदैछ । र, तिनीहरूलाई सूचिकृत गर्नुपर्नेतर्फ पनि आदिवासी जनजातिका विभिन्न समूहहरूले आवाज उठाउँदै आइरहेका छन् ।

७ नेफिनको नेतृत्व चयनको लागि प्रत्येक ३-३ वर्षमा अधिवेशन सम्पन्न हुन्छ । नेफिनको दैनिक कामकाज सञ्चालनको लागि एक सचिवालय रहेको छ । अधिवेशनद्वारा सो सचिवालय सदस्य चुनिन्छ ।

८ नेफिनको शुरुआतदेखि अहिलेसम्म नेतृत्व पंक्तिमा रहेका व्यक्तिहरू, क्रमशः सुरेश आलेमगर, पर्शुराम तामाङ, बालकृष्ण माबुहाङ, ओम गुरुङ र पासाङ शेर्पा (अध्यक्ष) रहेका छन् ।

देखिन्छ । वि.सं. २०५८ मा सम्पन्न चौथो महाधिवेशनबाट नेफिनमा महिला उपस्थिति भएको देखिन्छ ।[९] त्यसपछिको अवधिमा जनसम्पर्क र महिला तथा बालबालिका विभागमा महिला[१०] कै सहभागिता रहँदै आएको छ । नेफिनका सदस्य संगठनहरूमा महिला सहभागिता बढेको देखिन्छ (राई सन् २००६) । तर हालसम्म पनि नेफिनको संरचनामा महिला सहभागिता बढेको देखिँदैन ।

जनजाति सशक्तीकरण परियोजना (जेप)[११] शुरु हुनु अगावै नेफिन र यसमा आबद्ध संगठनहरूको अवस्थाबारे सन् २००३ मा नेफिनले एक सर्वेक्षण गरेको थियो । त्यसअनुरुप नेफिनको ८४५ एक्जुक्युटिभ सदस्यहरूमा मात्र २८.७८ प्रतिशत (१४६ जना) महिला सहभागिता थियो । सन् २००६ मा आइपुग्दा ३७.९७ प्रतिशत महिला सहभागिता पुगेको देखिन्छ (राई सन् २००६) । वि.सं. २०६३ देखि संघीय परिषद्[१२]को बैठकमा लिङ्गीय रूपमा समान सहभागिता किटान गरिएको छ । नेफिनको छैटौं महाधिवेशन (२७ पुष २०६३ मा सम्पन्न)द्वारा संशोधित विधानको दफा १२ (ख) अन्तर्गत उल्लेख गरिएअनुरुप:

> 'महासंघ'को एक 'संघीय परिषद्' हुनेछ । जो महासंघलाई क्रियाशील रूपमा निरन्तर अगाडि बढाउने भूमिका निर्वाह गर्दै संचालन भैरहने परिषद् हुनेछ । संघीय परिषद्मा प्रत्येक सदस्य संगठनले एक जना पुरुष र एक जना महिलासहित दुईजना सम्बन्धित जातीय संस्थाहरूले संघीय परिषद्को सदस्यका लागि प्रतिनिधित्व गर्न पठाउनु पर्नेछ, जो संघीय परिषद्को सदस्य हुनेछन् । तर बैठकमा गणपुरक संख्याको रूपमा गणना गर्दा १/१ गरेर सदस्य संगठनलाई गणना गरिने छ (जनजाति महासंघ २०६३) ।

---

९ जनसम्पर्क विभागमा आङदावा शेर्पा, अर्थ विभागमा दीपा गुरुङ चुनिएर आएका थिए भने महिला तथा बालबालिका विभागमा सचिवालयको निर्णयअनुसार फुलमती चौधरीलाई नियुक्त गरिएको थियो ।

१० वि.सं. २०६० को पाँचौं महाधिवेशनमा जनसम्पर्क विभागमा लक्की शेर्पा र महिला तथा बालबालिका विभागमा कल्पना कुमाल चुनिनु भएको थियो । वि.सं. २०६३ को छैटौं महाधिवेशनमा चुनिनु भएका जनसम्पर्क विभागमा टासी स्याङ्बो गुरुङसेनी र महिला तथा बालबालिका विभागमा सुमित्रा ताजपुरिया (उपाध्यक्ष) हाल कार्यरत हुनुहुन्छ ।

११ अन्तर्राष्ट्रिय दातृ निकाय डीएफआइडी इएसपी (इनेबलिङ स्टेट प्रोग्राम)को सहयोगमा सन् २००४-२००७ सम्म सञ्चालन भएको जेप नेपालका आदिवासी जनजाति समुदायको लागि ठूलो आकारमा प्राप्त भएको पहिलो सहयोग हो जसको लागत १९ करोड २० लाख रूपैयाँ बराबरको रहेको थियो ।

१२ नेफिनमा आबद्ध सदस्य संगठनहरूको प्रतिनिधि, सचिवालयका प्रतिनिधि तथा सल्लाहकार गरी वर्षमा दुईपल्ट संघीय परिषद्को बैठक हुने गरेको छ । उक्त बैठकले नेफिन र त्यससँग जोडिएका सम्पूर्ण पक्षको मूल्याङ्कन गर्दै आगामी कार्ययोजनाबारे छलफल तथा सुझाव लेनदेन गर्ने गर्छ ।

## महिला (नारीवादी) आन्दोलन र आदिवासी जनजाति महिला

महिला आन्दोलनको इतिहास छोटकरीमा केलाउँदा, सन् १९१७ देखि नेपाली महिलाहरू संगठित हुने प्रयासको आरम्भ भयो (सोव २०६३) । सन् १९४६ मा आदर्श महिला समिति र सन् १९४७ मा नेपाल महिला संघको स्थापनासँगै नेपालमा महिला आन्दोलनको उदय भयो । महिलाहरूको उत्थान गर्ने कामबाट महिला आन्दोलनको क्रियाकलाप अगाडि बढ्यो । त्यसपछिको जहाँनिया राणा शासनकालमा उनीहरूको शासनविरुद्ध राजनैतिक क्रियाकलापमा सघाउ पुऱ्याए (सेरा तामाङ सन् २००४, सोव २०६३, विस्तृत जानकारीको लागि हेर्नुहोस् ओझा २०५६) । राणा शासनको अन्त्यपछि सन् १९५०-६० को अवधिमा राजनैतिक पार्टीसँग सम्बन्धित महिला संगठनहरू खुले (सेरा तामाङ सन् २००४) । वि.सं. २०१५ मा द्वारिकादेवी ठकुरानी पहिलो नेपाली महिला सहायक मन्त्री बन्नु भएको थियो (ओझा २०५६) ।

पञ्चायती व्यवस्थामा महिलाहरूको विशेष सामाजिक समूह रहेको थियो (शेरचन २००४) । पञ्चायती सरकारले नै आफ्नो वर्गीय संगठनको रूपमा 'नेपाल महिला सङगठन' खडा गरेको थियो । सन् १९७५ लाई संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय महिला वर्ष घोषणा गरेपछि पञ्चायतले महिलासम्बन्धी विभिन्न कार्यक्रम शुरु गऱ्यो (सेरा तामाङ सन् २००४) । (श्री ५ को) सरकारले छैटौँ पञ्चवर्षीय योजना (सन् १९८०-१९८५) मा महिलाकेन्द्रित महिला विकाससम्बन्धी कार्यक्रम ल्यायो । तर त्यसले सम्पूर्ण नेपाली महिलालाई समेटेन । यसबारेमा सञ्जय शेरचन लेख्नुहुन्छ :

> महिलासम्बन्धी यी कार्यक्रमहरू सम्पूर्ण नेपाली महिला समाजलाई एउटै देख्ने तथाकथित हिन्दू धर्मावलम्बी (खस-नेपाली भाषा बोल्ने आदि) प्रभुत्वशाली पहाडे हिन्दू 'उच्च' जात समूहको दृष्टिकोण अनुरुप नै ल्याइएका थिए । यी कार्यक्रमहरूमा नेपालका विभिन्न जाति वा समूहका महिलाहरूलाई एउटै नेपाली महिलाको रूपमा प्रस्तुत गरिएको थियो र सबैको समस्यालाई एकै किसिमले सम्बोधन गर्ने उद्देश्य लिइएको थियो । यी कार्यक्रमहरूले आ.ज. महिला, दलित महिला, मधेसी महिला, गैर-खस भाषी महिला वा गैर-हिन्दू धर्मावलम्बी महिला आदिका आ-आफ्नै कमजोरी एवं समस्याका साथै सकारात्मक पक्षहरू पनि हुन्छन् र यस्तो विविधताको एकलकाँटे रूपमा बेवास्ता गरेका थिए (शेरचन सन् २००४ : ५५) ।

वि.सं. २०४६ पछि महिला हक अधिकारका सवालहरूलाई सक्रिय रूपमा उठाउने काम भयो । महिलामाथि हुने विभेद अन्त्यको प्रयासमा सरकारी, गैरसरकारी निकाय, दातृसंस्था, राजनैतिक पार्टी र स्वयं महिलाहरूले विभिन्न संघसंस्था खोलेर आवाज बुलन्द पार्दै आएको देखिन्छ । वि.सं. २०४७ को संविधानले कानूनी रूपमा महिलाका सवाल उठायो । तर त्यो सवालभित्र विविध महिलाका अनुहार अटाउन सकेन । नेपाली समाजका पुरुषको सन्दर्भमा हिन्दू खस नेपाली भाषी बाहुन पुरुषको हालीमुहाली रहेको

छ । महिलाका सन्दर्भमा तिनै हिन्दू खस नेपाली भाषी बाहुन महिलाकै हैकम यथावत् देखिन्छ (शेरचन सन् २००४) ।[१३]

आन्दोलनहरूमा कुलीन वर्गकै नेतृत्व हुनु विश्वव्यापी समस्या हो (सेरा तामाङ सन् २००४) । नेपालको सन्दर्भमा पनि कुलीन वर्गका ब्राह्मण क्षेत्री समुदायका महिलाबाहेक केही नेवार समुदायका महिलाहरूले मूलधारको महिला आन्दोलनलाई नेतृत्व दिँदै आएको पाइन्छ । आन्दोलनको जोड विविध पृष्ठभूमि बोकेका महिलाका सवालसँग सरोकार राख्ने भन्दा पनि सबै नेपाली महिलाहरू एकैनासले उत्पीडित छन् भन्नेतर्फ नै केन्द्रित रहेको देखिन्छ । संख्यात्मक हिसाबले आ.ज. महिलाहरूको बाहुल्यता रहेको छ । तर प्रायजसो क्षेत्रमा थोरै संख्यामा रहेका ब्राह्मण, क्षेत्री (र, थोरै नेवार) समुदायका महिलाहरूकै हालीमुहाली चल्दै आएको देखिन्छ । हिन्दू परम्पराद्वारा शोषित दमित, अशिक्षित तथा गरिब, पित्तृसत्ताद्वारा पीडित ब्राह्मण क्षेत्री समुदायका महिलाका पहिचान नै नेपाली महिलाको पहिचान बनेको छ । यसरी स्थापित गरिएको नेपाली महिलाको पहिचानले नेपाली महिलाहरूको विविध, वास्तविक समस्यामूलक अनुहार र चित्र थाहा पाउनबाट दाता निकाय वञ्चित हुन पुगे (सेरा तामाङ सन् २००४) । अशिक्षित र गरिब जनजाति महिलाहरू बेवास्तामा परे, पाखा पारिए (रानामगर २०५८) ।

सबै महिलाका समस्या एउटै हो र अधिकार प्राप्तिको लागि हुनु पनि पर्छ भन्ने एकताको नाराले अन्य समूह तथा समुदायका महिलाहरू पाखा पारिएका छन् । आ.ज. आन्दोलनले आ.ज. महिलाको सवाल नउठाउँदाखेरी पनि मूलधारको महिला आन्दोलनलाई थप सजिलो हुन गएको छ । आ.ज. महिलाहरूको लागि जातीय, सांस्कृतिक तथा सामाजिक विविधतायुक्त पहिचान र अस्तित्व प्रमुख तथा संवेदनशील सवाल हो (रानामगर २०६०) । तर महिला आन्दोलन तथा आन्दोलनकर्मीहरूको लागि यो चासो राख्नै नपर्ने या कम चासोको विषयमध्येको एक हो । उदार नारीवादको मान्यताको आड लिँदा पनि महिला आन्दोलन थप एकलकाँटे बन्न सक्ने कुरामा सचेत हुँदै अनुसन्धानकर्ता सेरा तामाङ लेख्नुहुन्छ :

> उदार नारीवादले जसरी महिलाहरूमाथि सर्वव्यापी उत्पीडन भएको भन्ने कुरामा जोड दिन्छ, यही कुराले नै विकासे महिला नेतृहरूलाई आत्मालोचक दृष्टिलाई पन्छाउने मौका दिन्छ । यसबाट उनीहरूका निम्ति दुईओटा अवसरहरू उपलब्ध हुन जान्छ । एक, विभिन्न अवस्थामा रहेका महिलाहरूले जातीय, जनजातीय, धार्मिक आदि पक्षहरूका ऐतिहासिक विकासको विशेषताको आधारमा बेग्लाबेग्लै रूपमा उत्पीडन र पितृसत्ता भोगेको हुन्छन् भन्ने कुराहरूका बारेमा सोच्न ती नेतृहरू बाध्य हुँदैनन् । दुई, आफ्नो वर्गीय र जातीय विशेषाधिकारको उपभोगमार्फत उनीहरू आफै कसरी दलित

---

१३ सन् १९९९ को प्रतिनिधि सभाको चुनावमा १२ जना महिला सांसदमध्ये एकजना नेवार समुदायका महिलाबाहेक अन्य आ.ज. महिला थिएनन् (शेरचन सन् २००४) ।

र जनजाति महिला तथा पुरुषहरूको समेत शोषणमा संलग्न छन् भन्नेबारेमा सचेत हुनुपर्दैन (सेरा तामाङ सन् २००४: ५५०) ।

नेपालमा चलेको धेरैजसो सामाजिक आन्दोलन खासगरी विकासे परम्परामा मौलाउँदै आएको देखिन्छ । महिला आन्दोलन, जसले महिलाका धेरैजसो सवालहरूलाई अधिकारलक्षित भन्दा पनि विकास, उत्थान, कल्याण तथा सशक्तीकरणका रूपमा उठाउदै आएको देखिन्छ (सेरा तामाङ सन् २००४) । विभिन्न कालखण्डमा विकासमा महिला (WID, सन् सत्तरीको पूर्वार्द्धमा), विकास र महिला (WAD, सन् सत्तरीको उत्तरार्द्धमा), विकास र सामाजिक लिङ्ग (GAD) तीनवटा अवधारणालाई आधार मानी महिला विकासको लागि कार्यक्रम लागू गरिए । ती कार्यक्रमहरूले विशेषगरी बाहुन क्षेत्री समुदायका, त्यसमा पनि सीमित महिलालाई मात्र फाइदा पुग्यो (भट्टचन २०५८) । सरकारको दसौं योजनामा गरिबी निवारणको खाकाअन्तर्गत आ.ज. समुदायलाई पनि प्राथमिकतामा राखियो, जसमा आ.ज. समुदायको समग्र विकासको साथै जनजाति महिलाको शसक्तिकरण गर्नेलगायत थुप्रै योजनाहरू तय गरिए । तर आ.ज. महिलाहरूको लागि न आ.ज. समुदायका लागि बनाइएको योजना र बजेटले टेवा दियो, न त समग्र महिलाका पक्षमा बनाइएको योजना र बजेटले नै (किरात र अरूहरू सन् २००७) ।

परिस्थितिअनुरुप विभिन्न कालखण्ड तथा शासनव्यवस्थामा पनि महिलाहरू आ-आफ्नै ढंगले सक्रिय रहे । राणाशासनको अन्त्यपछि नेपाली महिलाको हकमा चरणबद्ध परिवर्तन हुँदै आयो । महिलाका विभिन्न समस्याहरूमा कानूनी पक्षमा कागजी रूपमा अधिकार सुनिश्चित भएको छ । समग्रमा नेपाली महिलाहरूको स्थितिमा उल्लेख्य प्रगति भइराखेको छ । पछिल्लो जनआन्दोलन २०६२/६३ यता आ.ज. महिलाका आवाजलाई मूलधारमा समेट्नुपर्ने र, त्यसको लागि उनीहरूको प्रतिनिधित्व हुनुपर्ने कुरामा अन्य आन्दोलनरत समूहको ध्यान तानिन थालेको छ । सशस्त्र संघर्षसँग मुछिएको राजनीतिक चरित्र भएपनि नेकपा माओवादी[१४]ले समातेको सामाजिक न्यायको अवधारणा अनुरुप लैङ्गिक, जातीय, क्षेत्रीय, वर्गीयलगायतका मुद्दालाई दह्रोसँग उठाउँदै आएको थियो । फलतः ती र त्यस्ता सवाल तथा मागहरू सर्वस्वीकार्य हुन सक्यो ।[१५] र प्रत्यक्ष अप्रत्यक्ष रूपमा यसको प्रभाव प्रायः सबै क्षेत्रमा फैलिन पुग्यो । महिला अधिकारका क्षेत्रमा कार्यरत महिलाहरूद्वारा वि.स. २०४९ मा गठित 'महिला सुरक्षा

---

१४ नेकपा (माओवादी)ले २०५२ फागुन १ गते सशस्त्र जनयुद्धको घोषणा गरेको थियो । अध्यक्ष प्रचण्डको नेतृत्वमा नेपालको सरकारसँग विद्रोहीकै रूपमा भूमिगत रही सशस्त्र संघर्ष गरेको थियो । २०६२ मंसिरमा सातदल र नेकपा (माओवादी)बीच भएको १२ बुँदे सम्झौतापश्चात् उक्त सशस्त्र संघर्ष रोकिएको थियो ।

१५ जनयुद्धको क्रममा सैन्य दस्तामा महिलाको उल्लेख्य सहभागिता रहनुदेखि लिएर हाल उल्लेख्य संख्यामा विविध पृष्ठभूमिका महिलाहरू संविधान निर्माणमा जुटेका छन् ।

दबाब समूह', जो महिलासम्बन्धी जुनसुकै पनि समस्या वा सवालमा सम्बन्धित निकायलाई दबाब सृजना गर्ने उद्देश्य लिएर अगाडि बढेको छ, लाई उदाहरणको रूपमा लिउँ । यो समूहमा पनि लामो समयसम्म ब्राह्मण क्षेत्री तथा पहिल्यैदेखि राजनीतिक क्षेत्रमा लागि परेका थोरै नेवार समुदायका महिलाकै वर्चश्व थियो । हाल विविध समुदायका महिलाहरूको सहभागिता हुन थालेको देखिन्छ ।

## आदिवासी जनजाति महिलाः सांगठनिक उदय

*आदिवासी जनजाति महिलाहरू किन संगठित हुनुपर्‍यो ?*

आ.ज. आन्दोलनमा आफ्नो आवाज बुलन्द पार्दै, राज्यको विभेदकारी नीति र लैङ्गिक विभेद विरुद्धमा लागि परेको मूलधारको महिला आन्दोलनमा आफ्नो हिस्सा ओगट्नको लागि आ.ज. महिलाहरू संगठित बनेका छन् । आ.ज. महिला भनी संगठित हुनुपर्ने मुख्य तीन कडी छन् । एक, आ.ज. महिलाको अस्तित्व र मुद्दासहित आ.ज. आन्दोलनलाई टेवा दिन । 'साथै बाहुनवादबाट आक्रान्त आ.ज. पुरुषहरूबाट महिलामाथि हुने दमन र विभेद रोक्न' (भट्टचन २०६०क : ३०७) । दुई, आ.ज. महिलाका पहिचान र मुद्दासहित नेपाली महिला आन्दोलनमा सहभागी हुन । र तीन, राज्यद्वारा (सामाजिक-राजनैतिक-धार्मिक-शैक्षिक र संवैधानिक रूपमा) हरेक क्षेत्रमा पछाडि पारिएका वर्ग, समुदाय, जातजातिहरूसँग सहअस्तित्वको आधारमा समन्वय गर्दै अगाडि जान । यी सबै पक्षमा क्रमिक रूपमा सचेत र जागरुक भई आ.ज. महिलाहरू संगठित भए ।

राज्यको संयन्त्रभित्र नअटाएका, पहिचानविहीन र पाखा पारिएकामध्येकै आ.ज. महिलाका सवालले आ.ज. तथा मूलधारको महिला आन्दोलन प्रत्यक्ष सरोकार राख्छ । यद्यपि यी दुबै आन्दोलनमा उनीहरू पहिचानविहीन र प्रतिनिधिविहीन अवस्थामा रहेको देखिन्छ । सम्पूर्ण नेपाली आ.ज.हरूको प्रतिनिधित्व गर्ने, गराउने लक्ष्य बोकेको आ.ज. आन्दोलनले आ.ज. महिलाको सवालमा जिम्मेवारी बोध गर्न नसकेको स्पष्ट देखिन्छ ।

मूलधारे नेपाली महिला आन्दोलनले पनि सीमित जाति र समुदायका महिलाहरूकै प्रतिनिधित्व गर्दै आयो । संरचनागत रूपमा, सैद्धान्तिक/नीतिगत रूपमा उनीहरूकै एकलौटीपना हावी भइरह्यो । आ.ज. महिलाहरू पहिचान/पहुँचविहीन र पछाडि पारिएपछि देश विकास, नीति निर्माण तथा विकासको नाममा लाभ लिने तिनै उच्च जात मानिने समुदायका महिलाहरू हुनु अनौठो कुरो होइन । यस्तो अवस्थामा समानताको लागि तलदेखि माथिसम्म आन्दोलित हुनुपर्ने कुरामा जोड दिँदै संगिनी रानामगर लेख्नुहुन्छ,

> आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनैतिक रुपले जनजाति महिलाहरू शोषण र उत्पीडनका चपेटामा पिसिएका छन् । तसर्थ समानता र स्वतन्त्रता खोज्ने हो भने

> गाउँगाउँदेखि लिएर राष्ट्रिय स्तरमा पनि हामीले संगठित भएर आन्दोलनको बाटोमा लाग्नुपर्दछ (रानामगर २०५८: १५७) ।

खस-हिन्दू ब्राह्मण/क्षेत्री समुदाय र आ.ज. समुदायका महिलाहरूबीच सामाजिक-सांस्कृतिकलगायतका धेरै भिन्नताहरू छन् । राज्यको एकात्मक संरचनाको कारणले आ.ज.को मौलिक पहिचान गुम्न थाल्यो । उनीहरू आफ्नो पहिचान र अधिकारबाट अनभिज्ञ तवरले विमुख हुँदै जान थाले । जस्तै, आ.ज.हरूको पहिचानको एउटा कडी उनीहरूको मातृभाषा हो । सो पहिचान कायम राख्नु उनीहरूको नैसर्गिक अधिकार हो । डा. हर्क गुरुङ र अरूहरूका अनुसार 'मातृभाषा नभए जातीय पहिचान नै लोप भएर जान्छ' (गुरुङ र अरूहरू सन् २००० : ३) । नेपाली आ.ज.हरूको भाषाको सन्दर्भमा ११ वटा भाषा 'मरिसकेका' र २१ वटा भाषा 'मृतप्रायः' अवस्थाका छन् । सबै आ.ज.हरूले नेपाली कहलाउनकै खातिर नेपाली भाषा अनिवार्य रूपमा बोल्नैपर्ने बाध्यताले गर्दा यस्तो हुन पुग्यो । त्यसैले अन्य भाषाहरूको लागि नेपाली भाषा 'हत्यारा' (Killer[१६]) भाषा बन्यो (योन्जन-तामाङ २०६३) । त्यसो हुँदा आ.ज. महिलाहरूले आफ्नो मौलिक पहिचान, संस्कृति र परम्परासहित अन्य समुदायका महिलाहरूमाझ अस्तित्व बचाइराख्नु अति आवश्यक कुरा हुन गयो जुन कुरा अन्य समुदायका महिलाहरूमा लागू हुँदैन । यसै सन्दर्भमा संगिनी रानामगर लेख्नुहुन्छ :

> भाषा, धर्म र संस्कृति विकास र उत्थानको कुरा गर्छौं भने नेपालमा जनजाति महिलाहरूको छुट्टै अस्तित्व र पहिचान छ, जसले नेपाल र नेपाली भनी विश्वमा चिनाउँछ । यही अस्तित्व र पहिचानको लागि पनि हिन्दू धर्मविरुद्ध संगठित हुनुपरेको छ, जसले नेपालका जनजातिको संस्कृतिमाथि शोषण र दमन गर्दै आएको छ । हिन्दू धर्मबाट पीडित बाहुन क्षेत्री महिलाहरूका समस्या र सवाललाई मात्र चर्चा र परिचय गर्ने मात्र नभएर हिन्दू धर्मको शोषण, दमन, जातीय भेदभाव तथा गैरजनजाति महिला र जनजाति महिलाबीचमा भएको भेदभावजस्ता कुराको विरुद्ध सँधै हामी एउटै संगठनको झण्डामा आबद्ध हुनुपर्दछ । हामी पुरुष र महिलाबीचको समानताको कुरा गर्छौं भने सबैभन्दा पहिले महिला-महिलाबीच भएको जातीय असमानतामा समानता खोज्नुपर्दछ (रानामगर २०५८ : १५७-१५८) ।

अन्य महिलाहरूको दाँजोमा मात्रै हैन सांस्कृतिक रूपमा धनी आ.ज. समुदायभित्रै पनि आ.ज. महिलाहरूको आ-आफ्नै पहिचान छ । त्यही पहिचानको आधारमा

---

१६ भाषाहरूको स्थितिको आधारमा नेपालका भाषाहरूलाई लोपोन्मुख भाषा, मृतप्राय भाषा र हत्यारा भाषा भनी तीन भागमा बाँड्न सकिन्छ । 'कुसुण्डा' र 'कोयु' जस्ता भाषा एकदमै कम प्रयोग गरिने हुनाले मृतप्रायः अवस्थामा रहेका छन् । 'पुमा' र 'धिमाल' भाषा बालबच्चाहरूले नसिकेको हुनाले लोपोन्मुख अवस्थामा रहेको र नेपाली भाषाले अन्य भाषाहरूलाई देशभित्र बोलीचालीबाट विस्थापन गरेकोले 'हत्यारा' भाषाको रूपमा रहेको छ (राई सन् २००५ : ५३१) । (मेरो अनुवाद)

सांस्कृतिक-परम्परागत पहिरन तथा भेषभुषामा जातीय/जनजातीय आन्दोलन, धर्ना-जुलुस-झाँकीहरूमा आ.ज. महिलाहरू सक्रिय हुँदै आएका छन् (थेवे २०६५) ।

सांस्कृतिक पहिरनलाई मौलिकता र पहिचानको लडाईको अभिन्न अंग मान्ने तर अवसर पाउनासाथ महिलाहरूको भूमिकालाई सही स्थान र महत्त्व दिने काममा जनजाति आन्दोलन चुक्यो (थेवे २०६५) । विभिन्न आन्दोलनहरूमा सांस्कृतिक तथा मौलिक पहिचान स्थापित गर्ने काममा ती महिलाहरूले ठूलो भूमिका रहेको छ । त्यसो त घरपरिवारमा निर्णय गर्ने मामिलामा पनि आ.ज. महिलाहरू उत्तिकै सशक्त छन् (भट्टचन २०६०क) । तर घरबाहिरको स्थिति घरभित्रको स्थितिसँग ठीक उल्टो देखिन्छ । त्यसैले पनि आ.ज. महिलाहरू आफै अग्रसर बन्नुपर्नेतर्फ इङ्गित गर्दै लक्की शेर्पा भन्नुहुन्छ :

> सांस्कृतिक झाँकी, धर्ना-जुलुस-आन्दोलनमा विशेषगरी महिलाहरूलाई 'आफ्नो जातीय पहिरनमा उपस्थित हुनु' भन्ने अनुरोध गरिन्छ । सकभर झण्डा बोकाएर अग्रपंक्तिमा महिलाहरूलाई राखेर लैङ्गिक समानता र महिला सहभागिता देखाउने प्रयत्न गरिन्छ । आन्दोलनबारे, आन्दोलनले उठान गर्नुपर्ने विषयवस्तुबारे सार्वजनिक स्थानहरूमा बोल्नुपर्दा पुरुषहरू अग्रपंक्तिमा उभिन्छन् । सञ्चारमाध्यममा जनजातिको सवालमा बोल्नुपरेको खण्डमा पुरुषहरू नै अगाडि सर्छन् । आन्दोलनको एजेण्डा उठान गर्दै बोल्दाखेरि जनजाति महिलाका सवालबारे कुरै गरिँदैन । उनीहरू पनि आन्दोलनका हिस्सा हुन्, उनीहरूको पनि हक छ भन्ने कुराको ख्यालै गरिँदैन । यस्ता विभिन्न अवस्थाबारे सचेत हुँदाहुँदै पनि जनजाति महिलाहरू आफै संगठित र आन्दोलित नभइकन के गर्ने ?[१७]

सांस्कृतिक विशेषताको आधारमा आ.ज. महिलाहरूको पारिवारिक तथा सामाजिक स्थिति हिन्दू महिलाहरूको भन्दा राम्रो छ । यति हुँदाहुँदै पनि आ.ज. महिलाहरू राजनीतिक, प्रशासनिक, कानूनी क्षेत्रलगायतका सार्वजनिक जीवनमा अगाडि देखा पर्न सकिरहेका छैनन् । यी क्षेत्रमा उनीहरूलाई पुग्ने अवसरै नदिनु सरकारी नीतिको कमी र राजनीतिक नेता र नीति निर्माताहरूको चलाखीपन त छँदैछ (भट्टचन २०६०क) । आ.ज. समुदायभित्रै पनि यस्ता अवसरहरूको सवालमा महिलालाई पछाडि पारिएकै देखिन्छ ।

जातीय संघसंगठनहरूमा महिला सहभागिता न्यून हुनु, न्यून सहभागितालाई पनि प्राथमिकतामा नराखिनु, र नेतृत्व तहमा आ.ज. महिलाको सहभागिता एकदमै न्यून वा शून्यप्राय हुनु, आ.ज. महासंघ पुरुषकै महासंघको रूपमा रहनु, बद्लिँदो परिस्थितिमा आ.ज. महिलाहरू सचेत भएर अधिकार खोज्न थाल्नु, आ.ज. महिलाको लागि कुनै पनि

---

१७ २६ मंसिर २०६४ मा गरिएको कुराकानी ।

खालको कार्ययोजना वा कार्यनीति नबनाइनु, आन्दोलनमा आ.ज. महिलाको सवाल नउठ्नु जस्ता विविध कारणले आ.ज. महिलाहरू संगठित हुनेतर्फ अभिप्रेरित गऱ्यो ।

वास्तवमा आ.ज. महिलाका आवाज, पहिचान र मुद्दामा नेफिनको ध्यान नपुगेकैले जनजाति महिलाको बेग्लै महासंघ जन्मन पुग्यो भन्नु गलत ठहरिँदैन । नेफिनको संरचनाभित्रै रहेर आ.ज. महिलाको हकमा गर्न सकिने या गरिने कामकाजको अलावा स्वतन्त्र ढंगले संगठित भई थप सम्भावना र ठूलो आवाजको लागि निफको जन्म हुन पुग्यो । निफका महासचिव सोमा राई भन्नुहुन्छ :

> आ.ज. महासंघले महिला र पुरुष दुवैलाई समेट्छ । तैपनि जनजाति महासंघले आ.ज. महिलाबारे कुनै पनि खालको मुद्दा उठाएन । उनीहरूको हक अधिकारको पैरवी गरेन । आफ्नो प्रतिनिधित्व गर्ने संगठनले बेवास्ता गरेपछि आफ्नो हक अधिकारको पैरवी गर्नको लागि हामी आ.ज. महिलाहरू एकजुट हुनैपर्ने जरुरी पऱ्यो । त्यसै सिलसिलामा राष्ट्रिय आ.ज. महिला महासंघ खडा हुन पुग्यो ।[१८]

यसो भन्नासाथ आ.ज. समुदाय र आन्दोलनले गरेको बेवास्ताको नतिजास्वरुप मात्र आ.ज. महिलाहरू संगठित भएका हुन् भन्ने हैन । राज्यको विभेद, मूलधारको महिला आन्दोलनको एकलकाँटे प्रवृत्तिलगायतका ठूला-ठूला समस्या छँदाछँदै आफ्नै समुदायभित्र पनि चुनौती र समस्या सृजना हुँदा स्वतः उनीहरूको क्रियाकलापमा असर देखियो । एकातिर हिन्दू परम्परा र ब्राह्मणवादले गाँजेको भनेर स्वीकार्ने, अर्कोतिर लैङ्गिक असमानता नरहेको पुरानै अवस्थाको आ.ज. समाजको 'लेवल' लगाएर हिँड्ने प्रवृत्तिले गर्दा आ.ज. महिला र पुरुषबीच अदृश्य खाडल बन्न पुग्यो । र, बाह्य समस्या र चुनौतीको सामना गर्नकै लागि पनि आन्तरिक खाडल मेट्नु आ.ज. महिला आन्दोलनको प्राथमिकतामा पऱ्यो ।

## *नेपाली आदिवासी जनजाति महिलाका संगठन*

वि.सं. २०४६ ताका नै आ.ज. महिलाहरूका संगठन बन्न शुरु भएको थियो ।[१९] आ.ज. आन्दोलनकै अंगको रूपमा रहँदै आएका ती समूहबीच वि.सं. २०५५ मा एकआपसमा समन्वय हुन थाल्यो । उक्त कामको लागि 'आदिवासी जनजाति महिला राष्ट्रिय तदर्थ समिति'[२०] गठन भयो । र, आ.ज. महिलाहरूको महासंघ (निफ) खडा

---

१८ २२ कार्तिक २०६४ मा गरिएको कुराकानी । डा. चुन्दा बज्राचार्य, स्टेला तामाङ, फुलमती चौधरी, गंगा खासुमगर लगायतका विचार पनि यस्तै रहेको थियो ।

१९ नेपाल तामाङ घेदुङ संघअन्तर्गत वि.सं. २०४५ (१९८९) मा महिला शाखा गठन भएको र नेपाल भाषा/साहित्यसम्बन्धी काम गर्ने महिलाहरूको संगठनको रूपमा नेपाल भाषा मिसा खल वि.सं. २०४६ (१९९०) मा कृष्ण अष्टमीको दिन गठन भएको थियो (स्टेला तामाङ सन् २००४) ।

२० तदर्थ समितिमा स्टेला तामाङ, डा. चुन्दा बज्राचार्य, यशोकान्ति भट्टचन (गौचन), हेमा पुन र रीता घले संलग्न हुनुहुन्थ्यो (भट्टचन २०६०क : ३०७) ।

भयो।त्यसपछि संगठित रूपमा आ.ज. महिलाहरूको पहिचान र आवाज उठ्न थालेको हो। वि.सं. २०५७ मा निफले कानूनी मान्यता पाउने क्रममा र त्यसपछिको समयमा नेफिनमा आबद्ध जातीय संघसंगठनका महिलाहरू स्वतन्त्र रूपमा संगठित हुन थाले।

निफमा आबद्ध भएका जातीय संगठनबाहेक आ.ज. महिलाका अन्य संगठन/समूहहरू पनि रहेका छन्। आ.ज. महिलाहरूमा जातीय पहिचान, जातीय भेदभाव र लैङ्गिक भेदभावबारे सचेत गराउने उद्देश्यले 'राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च' (२०५६) को स्थापना भयो।[२१] यसले लोपोन्मुख आ.ज. महिलाहरूको पहिचान र मुद्दासम्बन्धी जनचेतना जगाउने, अन्तर्क्रिया, गोष्ठी तथा छलफल चलाउने, आयमूलक तालिम सञ्चालन गर्ने, लोपोन्मुख समुदायको वडा, गाविस र जिल्लामा महिला समूह गठन गऱ्यो। त्यसको अलावा आ.ज. महिलाहरूको पहिलो राष्ट्रिय त्रैमासिक पत्रिका 'जनजाति महिला आवाज'[२२] प्रकाशन गऱ्यो।

त्यस्तै गरी वि.सं. २०५९ मा आ.ज. विद्यार्थी महिलाद्वारा 'सहपाठी समूह' (Peer Group) स्थापना भयो।[२३] वि.सं. २०६२/२०६३ ताका हिमाली भेगका आ.ज. महिलाका समूह 'आदिवासी हिमाली महिला सञ्जाल'[२४] र विभिन्न क्षेत्रमा संलग्न तथा स्वतन्त्र आ.ज. महिलाका समूह 'राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल'[२५] देखा परे। वि.सं. २०६२/२०६३ को जनआन्दोलनपछि आ.ज. महिलाका सवालमा सक्रिय रूपमा

---

२१ उक्त समयमा निफ देखा परिसकेको थियो। तर कानूनी प्रक्रियागत रूपमा संगठित नभइसकेको अवस्था थियो। महिला मञ्च वि. सं. २०५६ मा प्रक्रियागत रूपमा दर्ता भई काम गर्न थालेको थियो। त्यस हिसाबले आ.ज. महिलाहरूको राष्ट्रिय स्तरको पहिलो संगठन 'राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च' भएको संगिनी रानामगर (अध्यक्ष) को दाबी छ (७ माघ २०६४ गतेको कुराकानी)।

२२ आ.ज. महिलाका विषयवस्तु समेटेर ३ अंकसम्म प्रकाशित भएको सो पत्रिका हालसम्म पुनः प्रकाशनमा आएको छैन।

२३ त्रिभुवन विश्वविद्यालयबाट विविध संकायमा स्नातकोत्तर गर्दै गरेका र गरिसकेका आ.ज. महिलाहरूको पहलमा यसको स्थापना भयो। सहपाठी समूहले आ.ज. समुदायका रैथाने सीप र कला (राडीपाखी बुन्ने, तान बुन्ने लगायतका) लाई प्रबर्द्धन गर्ने, भूतपूर्व गोर्खा सैनिकका परिवार ( महिला)लाई कानूनी क्षेत्रमा सचेतना जगाउदै आएको थियो। तत्कालीन समयमा देशकालअनुरूप संविधानसभासम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू गर्दै आइरहेको चेतकुमारी गुरुङ (अध्यक्ष) बताउँनुहुन्छ (२९ माघ २०६४ को कुराकानीबाट)।

२४ हिमाली भेगका आ.ज. महिलाहरूलाई सामाजिक-आर्थिक-शैक्षिक-सांस्कृतिक-भाषिक तथा राजनैतिक अवस्थाबारे सचेत गराउने उद्देश्यले वि.सं. २०५९ मा यसको स्थापना भयो। यसअन्तर्गत आयमूलक तालिम, संस्कृति-भेषभूषा संरक्षण तथा सम्बर्द्धन कार्यक्रम, नेतृत्व विकास कार्यक्रम, अनौपचारिक शिक्षा तथा छात्रवृत्तिलगायतका कार्यक्रमहरू गर्दै आइरहेको छ (२९ माघ २०६४ मा लक्की शेर्पा ( अध्यक्ष)सँग गरिएको कुराकानी)।

२५ लक्की शेर्पाको संयोजकत्वमा सन् २००५ मा युएन कमिसन अन स्टाटस अफ वुमन (49th Session of the Commission on the Status of Women) को ४९ औं महासभामा चारजना नेपाली आदिवासी जनजाति महिलाको सहभागिता भएपश्चात् 'राष्ट्रिय आदिवासी जनजाति महिला दबाब समूह' गठन भयो र त्यही समूह वि.सं. २०६३ मा सञ्जालको रूपमा स्थापित भयो।

अभियान सञ्चालन गर्नेमध्येको एक संगठन राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल हो । आ.ज. महिलाहरूलाई अन्तर्राष्ट्रिय सन्धि सम्भौताबारे जानकार गराउने र नेपालको सन्दर्भमा आ.ज. महिलाहरूको मुद्दामा सम्बन्धित निकायहरूमा दबाब सृजना गर्ने उद्देश्यले 'राष्ट्रिय आदिवासी जनजाति महिला दबाब समूह' निर्माण भयो । सोही दबाब समूह पछि गएर 'राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल'को रूपमा अगाडि आयो । सञ्जालले सन् २००७ को विश्व आदिवासी दिवसका दिन आ.ज. महिलाहरूको तर्फबाट घोषणापत्र जारी गरेको थियो (विस्तृत जानकारीको लागि हेर्नुहोस् अनुसूचि २) ।

आ.ज. महिलाद्वारा स्थापना भएका संघसंगठनहरूको सांगठनिक संरचना, उद्देश्य र कार्यशैलीमा धेरथोर भिन्नताहरू छन् । यिनीहरूले उठाउने गरेको सवालको आधारमा पनि केही भिन्नताहरू छन् । समग्रमा हेर्दा भिन्न सवाल बोकी काम गर्दा आ.ज. महिलाका विभिन्न पाटो र पक्षलाई समेट्न सघाउ पुऱ्याएको देखिन्छ । त्यसो हुँदा यिनीहरूबीचको समन्वयात्मकता र सहकार्य निकै नै महत्त्वपूर्ण कुरा हुन आउँछ । महिला मञ्च र निफ दुबै एकै समयमा देखा परेका थिए । दुबै संगठन फरक उद्देश्य र कार्य क्षेत्रमा आ-आफ्नै ढंगले सक्रिय रहँदै आएका छन् ।[२६] राष्ट्रिय रूपमा सम्पूर्ण आ.ज. महिलाहरूलाई संगठित पार्दै उनीहरूको प्रतिनिधित्व गर्दै निफ अगाडि बढ्दै आइरहेको छ । अर्कोतिर, खासगरी लोपोन्मुख आ.ज. महिलाका सवालमा महिला मञ्चले काम गर्दै आइरहेको छ । मुद्दाको हिसाबले निफ र महिला सञ्जालको साभा एजेण्डा थुप्रै छन् । वि.सं. २०६२/६३ को जनआन्दोलन पछिको सडक आन्दोलन, धर्ना, जुलुस तथा आदिवासी दिवस मनाउने क्रममा दुबै संगठनको सहकार्यको थालनी भएको थियो । त्यस क्रममा विभिन्न जातीय संगठन अन्तर्गतका आ.ज. महिलाहरूलाई नेतृत्व दिने काममा निफ सक्रिय रह्यो । स्वतन्त्र तथा विभिन्न क्षेत्रसँग सम्बन्धित रहेका आ.ज. महिलाहरूको नेतृत्व दिने काममा महिला सञ्जाल सक्रिय रह्यो । यसरी यी दुई संगठनमार्फत् संगठित र असंगठित तथा विभिन्न क्षेत्रसँग आबद्ध रहेका आ.ज. महिलाहरू आन्दोलनमा सहभागी भएका थिए ।

आ.ज. महिलाका जति पनि संगठनहरू अगाडि आएका छन्, ती संगठनहरू आ.ज. महिलाकै प्रतिनिधित्वको सवालमा एकमत देखिन्छन् । त्यसबाहेक पनि कुनै न कुनै हिसाबले एक अर्कासँग गाँसिएका छन् । संगठनको नेतृत्व पंक्तिमा रहने व्यक्ति र संगठनमा आबद्ध व्यक्ति उही हुनु, (जस्तै निफको महासचिव महिला सञ्जालको सदस्य रहनु, महिला सञ्जालको अध्यक्ष हिमाली महिला सञ्जालको पनि अध्यक्ष रहनु, महिला मञ्चको सदस्य निफको सल्लाहकार रहनु, सहपाठी समूहको अध्यक्ष निफको जातीय

२६ निफ र महिला मञ्च दुबैको अँग्रेजीमा छोटकरी नाम NIWF/NIWF (National Indigenous Women's Federation र National Indigenous Women's Forum) हो ।

संगठनमा आबद्ध रहनु), र प्रायजसो संगठनहरू काठमाडौँबाटै सञ्चालित हुनुले पनि एकअर्कासँग थप सम्बन्ध निर्माण गर्नमा मद्दत पुगेको छ । त्यसो त अन्य आन्दोलन र समूहहरूमा झैँ आ.ज. महिला संगठन र आन्दोलनमा पनि सीमित आ.ज. महिला वा जातिकै हालीमुहाली हुनसक्ने सम्भावनालाई पनि ध्यान दिनुपर्ने खाँचो देखिन्छ ।

आ.ज. महिलाका हकमा यी र यस्ता संगठनहरूको आ-आफ्नै भूमिका, स्थान र महत्त्व छँदैछ । संगठित भई संस्थागत रूपमा समग्र आ.ज. महिलाको हकमा लामो समयदेखि राष्ट्रिय रूपमा सवाल उठाउने, समग्र आ.ज. महिलाका प्रतिनिधित्व गर्ने पुरानो संगठनको रूपमा निफ देखिन्छ । त्यस हिसाबले आ.ज. महिला आन्दोलन र आ.ज. महिलाको सन्दर्भमा निफ र निफको भूमिकाप्रति यो अध्ययन केन्द्रित छ ।

## राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ) एक गैर नाफामुखी, गैर राजनीतिक[२७] र स्वयंसेवी सदस्यतामा आधारित आ.ज. महिलाहरूको राष्ट्रिय छाता संगठन हो । नेपालको सामाजिक आन्दोलनको हिस्साको रूपमा नेपाली आ.ज. महिलाहरूकै पहलमा वि.सं. २०५५ वैशाख २३ (सन् १९९८) मा आ.ज. महिलाको स्थितिबारे सेमीनार आयोजना गर्नुका साथै 'आदिवासी जनजाति महिला राष्ट्रिय तदर्थ समिति'[२८] गठन भयो । त्यस बेला संगठनको नाम 'आदिवासी जनजाति महिला संगठन' थियो । वि.सं. २०५५ साउन २४ (१९९८) मा नेपाली आ.ज. महिलासम्बन्धी सेमीनार आयोजना गरियो । र, वि.सं. २०५६ साउन २८ मा आ.ज. महिलाहरूको पहिलो राष्ट्रिय सम्मेलन गरियो । सोही सम्मेलनबाट संगठनलाई 'राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ'मा रूपान्तरण गरियो ।[२९] वि.सं. २०५७ जेठ २७ गते सातवटा जातीय संस्थाहरू[३०]को आबद्धतामा निफले वैधानिकता पायो (स्टेला तामाङ सन् २००४) ।

स्थानीय तहदेखि राज्यको माथिल्लो तहसम्मका विभिन्न क्षेत्र र निकायमा आ.ज. महिलाहरूको पहिचान, अधिकारको सुनिश्चितताको पहल र पकड निर्धारण गर्ने उद्देश्यले यसको स्थापना भयो । मोटामोटी यसका उद्देश्यहरू यसप्रकार छन् :

---

२७ गैर राजनीतिक संगठन भन्नाले कुनै पनि राजनैतिक पार्टीमा आबद्ध नभएको तर राजनीतिक मुद्दा तथा सवालहरू उठाउन सक्ने सामाजिक संगठन भन्ने बुझिन्छ ।

२८ स्टेला तामाङको संयोजकत्वमा सो समिति गठन भएको थियो ।

२९ डा. चुन्दा बज्राचार्य, आङदावा शेर्पा र बमकुमारी बुढामगरसँग फरक फरक मितिमा गरिएको कुराकानीको आधारमा ।

३० निफको संस्थापक सदस्यहरू: नेपाल भाषा मिस खलः, नेपाल मगर महिला संघ, सुनुवार महिला समाज, थकाली महिला संघ, राजवंशी महिला संघ, नेपाल तामाङ महिला घेदुङ र नेपाल किरात (राई) महिला संघ रहेका छन् ।

१. राष्ट्र निर्माण प्रक्रियामा योगदान दिइरहेका, अन्य समुदायभन्दा भिन्न आ.ज. महिलाहरूको पहिचानको वकालत गर्ने ।
२. प्राकृतिक स्रोत साधनमाथिको समान अधिकार र मातृभाषामा शिक्षाको अधिकारबारे वकालत गर्ने ।
३. आ.ज. महिलाका अधिकार सुनिश्चित गर्नको लागि राज्यद्वारा निर्मित बन्धन हटाउन उचित सांगठनिक वातावरणको निर्माणमा जोड दिन राज्यलाई दबाब दिने ।
४. जातीय र लैङ्गिक विभेदविरुद्धको वकालतमा आ.ज. महिलाहरूको जातीय संगठनहरूलाई सहयोग प्रदान गर्ने ।
५. आ.ज. महिलाहरूको हक अधिकारका बारेमा सचेत तुल्याई आ.ज. महिलाहरूको सांगठनिक स्वरुप बलियो बनाउने ।
६. आ.ज. महिलाका परिचय र पहिचान खुलाउने खालका संस्कृति, भाषा, भेषभूषाजस्ता कुराहरूलाई संरक्षण र सम्बर्द्धन गर्ने, गराउने ।[३१]

निफको सदस्यता लिने सन्दर्भमा सदस्य, सह-सदस्य र मानार्थ सदस्यको व्यवस्था गरिएको छ । सदस्य तथा सह-सदस्यको लागि आ.ज. समुदायकै महिला संगठन या समूह हुनु आवश्यक मानिन्छ । तर मानार्थ सदस्यमा आ.ज. महिलाको हितमा स्वदेश या विदेशमा रही कुनै उल्लेखनीय योगदान दिने आ.ज. तथा संघ संस्थालाई लिन सकिने व्यवस्था गरिएको छ । साथै, सदस्य र सह-सदस्य नेपाली नागरिक हुनु अनिवार्य छ भने मानार्थ सदस्यमा विदेशी व्यक्ति वा संस्था पनि बन्न सक्ने कुरा विधानमा उल्लेख गरिएको छ ।

निफको दैनिक कामकाज सञ्चालनको लागि ७ सदस्यीय कार्यसमितिसहितको सचिवालय रहेको छ । सचिवालयमा महासचिवसहित अन्य ४ जना विभागीय सचिव (अर्थ विभाग, जनसम्पर्क विभाग, भाषा/संस्कृति विभाग, बालबालिका तथा शिक्षा विभाग) र एक अतिरिक्त सचिवको व्यवस्था छ ।[३२] सचिवालयका पदाधिकारीहरूलाई प्रत्येक ३-३ वर्षमा हुने महाधिवेशनद्वारा चुन्ने गरिएको छ । नेतृत्व विकासमा मद्दत पुग्ने हिसाबले जातीय संस्थाहरूको दर्ताक्रम अनुसार स्वतः बर्सेनी पालैपालो अध्यक्ष पद ग्रहण गर्ने व्यवस्था रहेको छ । त्यस्तैगरी निफको एक संघीय परिषद् रहेको छ । जसमा सदस्य संगठनले पठाएको १/१ जना आधिकारिक प्रतिनिधि र सचिवालयका पदाधिकारीहरू रहनेछन् ।

---

३१ राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको ब्रोसर (Brochure) बाट उद्धृत गरिएको ।
३२ हालसम्म अतिरिक्त सचिव नियुक्त गरिएको छैन ।

वि.सं. २०६५ भदौसम्ममा २६ वटा[३३] निफको सदस्य संगठनहरू रहेका छन् । कुनै एक अथवा सोभन्दा बढी आ.ज.हरूको बसोबास भएको जिल्लामा आ.ज. महिलाहरूलाई संगठित गर्ने उद्देश्यले निफको जिल्ला समन्वय परिषद् गठन गर्ने व्यवस्था छ । जसअन्तर्गत वि.सं. २०६५ भदौसम्म २३ जिल्लामा निफ जिल्ला समन्वय परिषद्[३४] गठन भइसकेको छ । जिल्ला समन्वय परिषद्ले निफको अधीनमा रही जिल्लाका आ.ज. महिलाका समस्या, सवाललाई खुट्याउने र स्थानीय निकायहरूमा तिनको जानकारी गराउने तथा दबाब दिने काम गर्दै आएको छ । जिल्लामा रहेका विभिन्न संघसंगठनहरूसँग समन्वय कायम गर्ने, स्थानीय तहमा आ.ज. महिलाहरूको पहिचान, हक अधिकारबारे जनचेतनामूलक कार्यक्रम गर्नुका साथै देशको वर्तमान अवस्थाको राजनीतिक अवस्था र मुद्दा (खासगरी संविधानसभा) सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको देखिन्छ । मोटामोटी निफको क्रियाकलापहरू:

१. नेपालका आ.ज. महिलाहरूको हक र अधिकार स्थापित गर्नका लागि वकालत गर्ने ।
२. ५९ लगायत सूचीकृत नभएका महिलाहरूको संगठनलाई महिला महासंघमा आबद्ध गराउने र महिलाहरूको जातीय संगठन संस्थाको क्षमता विकास गर्ने ।
३. आ.ज. महिलाहरूलाई राष्ट्रिय तहदेखि स्थानीय तहसम्म संगठित गर्दै, संस्थागत क्षमताको विकास गर्ने ।
४. सरकारी, गैरसरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संगठनहरूसँग समन्वय सहकार्य गर्दै जाने ।
५. राज्यको चौथो अंग (सञ्चार) मा आ.ज. महिलाहरूको पहुँच बढाउने ।
६. आ.ज. महिलाहरूको शिक्षा तथा प्राविधिक शिक्षाको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।[३५]

---

३३ नेपाल भाषा मिस खलः, नेपाल मगर महिला संघ, सुनुवार महिला समाज, नेपाल किराँत (राई) महिला संघ, थारु महिला जागरण केन्द्र, नेपाल तामाङ महिला घेदुङ, थकाली महिला संघ, नेपाल माझी महिला उत्थान संघ, नेपाल कुमाल महिला समाज सुधार समिति, वालुङ महिला संघ, नेपाल गुरुङ (तमु) महिला संघ, दनुवार महिला समाज सुधार संघ, नेपाल शेर्पा महिला संघ, नेपाल पहरी महिला विकास संघ, मेचे महिला उत्थान संघ, राजवंशी महिला संघ, किराँत याक्थुङ माङ्गेना चुम्लुङ, ल्होमी महिला कल्याण मञ्च, पाल्देन डोल्पो महिला संघ, मुगाल आदिवासी जनजाति महिला उत्थान संस्था, व्यासी सौका महिला संघ, छन्त्याल महिला संघ, ताजपुरिया महिला उत्थान संघ, बाह्रगाउँ छिमिघ्यार्चा महिला समाज सेवा, भुजेल महिला समाज र जिरेल महिला समाज सेवा आबद्ध भइसकेका छन् । गन्गाईं महिला समाज, दुरा महिला समाज र धानुक महिला समाजलगायतका संगठनहरू आबद्ध हुने क्रममा रहेका छन् ।

३४ धनकुटा, मोरङ, बर्दिया, नवलपरासी, रुपन्देही, पाल्पा, रसुवा, रामेछाप, भोजपुर, डोल्पा, दोलखा, नुवाकोट, म्याग्दी, तनहुँ, चितवन, ओखलढुंगा, सिन्धुली, उदयपुर, काठमाडौं, इलाम, बाँके, झापा, कास्कीलगायतमा जिल्ला समन्वय परिषद् गठन भइसकेको छ । निफ जिल्ला समन्वय परिषद्मा कम्तीमा ७ जनाको समूह हुनुपर्नेछ ।

३५ राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको ब्रोसर (Brochure)बाट उद्धृत गरिएको ।

माथिका क्रियाकलापहरूबाहेक विभिन्न अवसरमा आ.ज.को मौलिकता, परम्परा, संस्कृति झल्काउने कार्यक्रम, प्रदर्शनीहरूको आयोजना गर्ने तथा उनीहरूको परम्परागत ज्ञान, सीप प्रबर्द्धन तथा संरक्षणसम्बन्धी कार्यक्रम पनि गर्दै आएको छ ।

निफको प्रगति विवरण (सन् २००७) अनुसार वि. सं. २०६३ (सन् २००६) मा डानिडा/ह्यूगोको आर्थिक सहयोग पाएपछि निफको क्रियाकलाप बढेको देखिन्छ । निफ जिल्ला समन्वय समितिअन्तर्गत विभिन्न जिल्लाहरूमा आ.ज. महिला तथा स्थानीय प्रतिनिधि, संघसंगठनहरूबीच सचेतनामूलक/जानकारीमूलक कार्यक्रमहरू भएको देखिन्छ । त्यसको साथै स्थानीय तहबाटै आ.ज. महिलाहरूले आफ्ना हक र सवालहरू आफैले औंल्याएको देखिन्छ । ती सवालहरू निम्न छन् :

१. आ.ज. तथा महिलाका अधिकारबारे आ.ज. महिलाहरू जानकार नभएको,
२. तत्कालीन राजनैतिक परिवेश तथा संविधानसभाबारेमा जानकारी नभएको,
३. नेतृत्व विकास र शसक्तिकरण कार्यक्रमको कमी भएको,
४. राज्यको नीति नियम तथा कानूनी अधिकारबारे जानकार नभएको,
५. उच्च शिक्षामा पहुँच नभएको, शैक्षिक भत्ता तथा छात्रावृत्तिबारेमा जानकारी नभएको,
६. रोजगारीमा पहुँच नभएको ।
७. आर्थिक तथा सामाजिक विकास कार्यक्रमबारे जानकारी नभएको र ती कार्यक्रमबाट वञ्चित भएको,
८. स्थानीय स्रोत साधनबाट वञ्चित भएको,
९. मौलिक पहिचान झल्काउने संस्कृति, परम्परा तथा सीपहरू लोप हुँदै गएको,
१०. स्थानीय स्तरमै राजनीति, प्रशासनिक तथा नीति निर्माणको तहमा आ.ज. महिलाको कम प्रतिनिधित्व भएको र राजनीतिक विषयवस्तुबारे जानकार नभएको,[३६]

*(जनजाति महिला महासंघ सन् २००७) ।*

माथि किटान गरिएका यी सवालहरूले आ.ज. महिलाहरूको अवस्थालाई उजागर गरेको छ । आ.ज. महिलाहरू राष्ट्रिय स्तरमा पछाडि पर्नु र पारिनुको साथै स्थानीय तहमै पहिचान, पहुँच तथा अधिकारविहीन रहनु हो भन्ने स्पष्ट हुन्छ । नेपाली समाजको पुरुषवादी सोच, बाहुनवादी सोच र हिन्दूकरणको प्रभावका कारण आ.ज. महिलाहरू नेतृत्त्वविहीन अवस्थामा पुगेका छन् । यस्ता अनेकौं समस्या तथा सवालहरूबारे अनभिज्ञ

३६ यी बुँदाहरू निफ जिल्ला समन्वय समितिले निफ जनजाति महिला सशक्तीकरण र समावेशी परियोजनालाई पठाएको प्रतिवेदनहरूबाट लिइएको हो ।

रहेका आ.ज. महिलाहरूमा सचेतना जगाउने र अधिकार प्राप्तिको लागि जागरुक बनाउने काममा निफ लम्किरहेको छ ।

*जनजाति महिला सशक्तीकरण र समावेशी परियोजना*

स्थापनाकालपछिको केही समय राष्ट्रिय आ.ज. उत्थान प्रतिष्ठान (पहिलेको जनजाति विकास समिति)को सहयोगमा विश्व आदिवासी दिवस मनाउने, आ.ज. महिलाको पहिचान झल्काउने भेषभूषा, संस्कृतिसम्बन्धी कार्यक्रम गर्ने, सचेतनामूलक कार्यक्रमहरूमा निफ संलग्न हुँदै आएको थियो । वि.सं. २०६० मा पहिलोपल्ट पाँच विकास क्षेत्रमा आ.ज. महिलाको पहिचानसम्बन्धी तालिम सञ्चालन भयो । निफका पूर्व महासचिव रामप्यारी सुनुवार भन्नुहुन्छ : "त्यो कार्यक्रमले दुर्गम गाउँका आ.ज. महिलाहरूलाई आ.ज. महिलाको पहिचान र अधिकारसम्बन्धी चेतना जगायो । र, आ.ज. महिला को हुन् भनी चिन्ने र चिनाउने काम भयो ।"[३७] राज्यको नीति र संरचनाअनुरुप आ.ज. समुदायको सामाजिक, सांस्कृतिक तथा मौलिक पहिचान गुम्दै गएकोले उनीहरू आफ्नो छुट्टै पहिचानप्रति अनभिज्ञ हुन पुगेका थिए ।

निफको संस्थागत सुदृढीकरण, आर्थिक पक्ष र दक्ष जनशक्ति सवलीकरण तथा आ.ज. महिलाहरूलाई लैङ्गिक मूलप्रवाहीकरणमा समावेश गर्न सहयोग गर्ने उद्देश्यसहित निफले डानिडा/ह्युगोको रु. ७९,१२,००० सहयोगमा २० महिने 'जनजाति महिला सशक्तीकरण र समावेशी परियोजना' सञ्चालन गऱ्यो (किरात र अरूहरू सन् २००७ : ९) ।[३८] संगिनी रानामगरको अनुसार: "निफलाई अगाडि लैजान आवश्यक पक्ष सवल पार्न सहयोग गर्ने, निफको क्षमता विकास गर्न सहयोग गर्ने, निफको एक्जुक्युटिभ मेम्बरहरूको क्षमता अभिवृद्धिमा सहयोग गर्ने, आ.ज. महिलाहरूलाई राष्ट्रिय स्तरको लैङ्गिक मूलप्रवाहीकरणमा समावेश गर्ने तथा सामाजिक समावेशीकरणलाई बढावा दिनु सो परियोजनाको उद्देश्य रहेको छ ।"[३९]

परियोजना अन्तर्गत सन् २००६ मा विभिन्न १० जिल्ला[४०]मा निफ समन्वय समिति गठन गर्ने, आ.ज. महिलाहरूको पहिचान र अधिकारसम्बन्धी सचेतनामूलक कार्यक्रम/सेमीनारहरू गर्ने, र उनीहरूलाई संविधानसभासम्बन्धी जानकारीमूलक कार्यक्रम गर्ने जस्ता काममा परियोजना बढी केन्द्रित रहेको देखिन्छ । सो कार्यक्रमले स्थानीय तहमा आ.ज. महिलाको अवस्था र समस्या पहिचान गर्न मद्दत पुऱ्यायो । त्यस्तै गरी निफको क्षमता अभिवृद्धिकै लागि सन् २००७ मा एइडी (एकेडेमी फर एजुकेसनल

---

३७ ७ मंसिर २०६४ मा गरिएको कुराकानी ।

३८ उक्त परियोजना संगिनी रानामगरको नेतृत्वमा अक्टुबर २००६ देखि सञ्चालन भएको थियो ।

३९ २८ मंसिर २०६४ मा गरिएको कुराकानी ।

४० जस अन्तर्गत धनकुटा, मोरङ, बर्दिया, नवलपरासी, रुपन्देही, पाल्पा, रसुवा, रामेछाप, भोजपुर, डोल्पा जिल्ला रहेका छन् ।

डेभलप्मेन्ट) को सहयोगमा १० जिल्लामा निफ जिल्ला समन्वय समिति गठन भयो ।[४१] निफ जिल्ला समन्वय समितिमार्फत आ.ज. महिलाहरूबीच सञ्जाल निर्माण हुन पुग्यो । सोही सञ्जालमार्फत आ.ज. महिलाहरू स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारका विषयहरूप्रति जानकार हुन थाले । यसरी स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म आ.ज. महिलाका सवाल पहिचान गर्ने काम भयो । जसले आ.ज. महिलाको सांगठनिक संरचना बलियो पार्ने, विस्तार गर्ने मात्र हैन आन्दोलनलाई समेत मद्दत पुगेको देखिन्छ ।

राज्यले बाँडफाँड गरी दिएको स्रोत साधनसम्बन्धी जानकार भई त्यसमाथि पहुँच राख्न थाल्नु आ.ज. महिलाहरूको सचेतनाको नमूना हो । जस्तैः महिला तथा आ.ज.का नाममा जिल्ला विकास समिति तथा गाउँ विकास समिति अन्तर्गत छुट्याइएको रकमलाई केही (मोरङ, रुपन्देहीलगायतका) जिल्लाका आ.ज. महिलाहरूले उपयोग गरेका छन् । कतिपय सन्दर्भमा विभिन्न माध्यमद्वारा धेरै अगाडि नै बाहिर आइसकेका मुद्दाहरूलाई अहिले पनि पुनः औँल्याएको देखिन्छ (जस्तै, चेलीबेटी बेचविखन तथा यौन शोषणमा पर्नेमा धेरै जनजाति महिला हुनु) । यसले स्थानीय तहमा सम्बन्धित निकायको ध्यान केन्द्रित नभएको र आ.ज. महिलाहरूको अवस्थामा खासै परिवर्तन नआएको प्रष्ट हुन्छ ।

### *चर्चाबाहिरको आदिवासी जनजाति महिला महासंघ (निफ)*

सीमित आ.ज. महिलाहरूको पहलमा निफ गठन हुनु, गठनपश्चात् आफ्ना क्रियाकलाप बाहिर देखाउन नसक्नुले अधिकांश आ.ज. महिलाहरू आफैसँग, आफ्नो पहिचान र अधिकारसँग परिचित भइसकेका थिएनन् भन्ने बुझिन्छ । समुदायमा बढ्दै गएको हिन्दू धर्मको प्रभावका कारण आफ्नो मौलिक पहिचान र सँस्कृति, सामाजिक अवस्था गुम्दै गइरहेको कुरासँग अनभिज्ञ थिए । त्यस्तो अवस्थामा उनीहरूलाई आफैसँग चिनाउनु, संगठित हुन प्रेरित गर्नु आ.ज. महिला/निफको लागि महत्त्वपूर्ण काम थियो । स्थापनाकालदेखि करिब ८ वर्षको समयावधिमा धेरैजसो समय आन्तरिक सांगठनिक कामकाजमा खर्चेको देखिन्छ । त्यसैको कारणले निफ र निफका क्रियाकलापहरू बाहिर देखिएनन् । र, आ.ज. समुदायभित्रै पनि कम मात्रामा चर्चा परिचर्चाको विषय बनेको देखिन्छ । त्यसको अलावा निफ र आ.ज. महिलाहरूको क्रियाकलाप बाहिर नदेखिनुमा अन्य पक्षहरू पनि रहेका छन् ।

सशक्त जातीय आन्दोलनकै रूपमा उठेको आ.ज. आन्दोलनले लैङ्गिकतातर्फ ध्यान दिन सकेन । आ.ज. महिलाका पहिचान र सवाल उठाउनु पर्ने आवश्यकता पनि महशुश गरेन । बिस्तारै आ.ज. महिलाहरूको भोगाई र चेतना अभिवृद्धिले जातीय

४१ जस अन्तर्गत दोलखा, नुवाकोट, म्याग्दी, तनहु, चितवन, ओखलढुंगा, सिन्धुली, उदयपुर, काठमाडौं, इलाम रहेका छन् ।

मुद्दासँगै लैङ्गिक मुद्दा पनि उठाउनुपर्ने ज्ञान हुन थाल्यो । र, जातीय महिलाका संगठनद्वारा सो काम नगरेसम्म जातीय संगठन र जातीय आन्दोलनले वास्ता नगर्ने स्थितिबारे पनि आ.ज. महिलाहरू सजग हुन थाले । त्यसपछि जातीय महिला संगठन र तिनीहरूको छाता संगठन निफको अवधारणा अगाडि आयो । तर, छुट्टै जातीय महिला संगठन बनाउँदा आ.ज.बीच फाटो आउने, आन्दोलनमा धक्का पुग्नेजस्ता सोचाईले आ.ज. समुदाय र संगठनलाई गाँज्यो । जसले गर्दा आ.ज. समुदायभित्र एकप्रकारको अन्यौलता छायो । संगठित हुन जुटेका आ.ज. महिलाहरूमा यसको सोझो प्रभाव पर्न गयो । यस्तै अलमलमा एकाध वर्ष बित्यो । त्यस क्रममा व्यक्तिगत रूपमा दोषारोपणको स्थिति पनि पैदा भयो । आ.ज. समुदायभित्रको वैचारिक अन्तरद्वन्द्व र संघर्षबीच आ.ज. महिलाहरूले निफ निर्माण गरे । निफ निर्माणमा प्रारम्भिक अवस्थादेखि संलग्न हुनुभएको स्टेला तामाङ भन्नुहुन्छ :

> महिला महासंघ बनाउँने निधो भएपछि विभिन्न जातीय संगठनमा रहेका महिला समूहहरूलाई दर्ता गर्नुपर्ने भयो । त्यस क्रममा नेपाल तामाङ घेदुङ संघको उपसमितिको रूपमा गठन भएको महिला समूहलाई दर्ता गर्नुपर्ने थियो । त्यसबेला म निकै चेपुवामा परे । त्यसरी छुट्टै समूह दर्ता गरेपछि तामाङ घेदुङ पनि फुटाउने भयो र महिला महासंघ बनाएपछि जनजाति महासंघ पनि फुटाउनै लाग्यो भनियो, विभिन्न किसिमको आरोप लाग्यो मलाई । जसले जेसुकै भनेपनि, जो सुकै रिसाएपनि हामीले जातीय महिलाका संगठन दर्ता गरेर महिला महासंघ बनाइकनै छाड्यौं ।[४२]

आ.ज. महिलाहरू संगठित हुनुमा आ.ज. आन्दोलन र नेफिनको प्रत्यक्ष/अप्रत्यक्ष हात छ । नेफिनमा आबद्ध जातीय संगठनहरूभित्रैबाट जातीय महिला संगठन बनेका थिए । सोही जातीय महिलाका संगठनहरूको संयोजन र प्रतिनिधित्व गर्न निफको जन्म हुन पुग्यो । निफको जन्मसँगसँगै आ.ज. समुदायका महिला र पुरुषको संगठन फरक फरक हुन् भन्ने भावना पनि सृजना भयो । त्यसपछि दुई महासंघ एकअर्कासँग सम्पर्कविहीन अवस्थामा आ-आफ्नै ढंगले अघि बढ्न थाले । निफका महासचिव सोमा राई भन्नुहुन्छः "जनआन्दोलन २ अघिसम्म न निफको कार्यक्रमबारे नेफिनलाई जानकारी हुन्थ्यो न त नेफिनको कार्यक्रमबारे निफलाई नै जानकारी हुन्थ्यो । निफ र नेफिन एकअर्काको कार्यक्रममा आउने/जाने चलन थिएन" ।[४३]

नेफिनसँगको चिसो सम्बन्धको कारणले आ.ज. महिलाहरू जनजाति आन्दोलनबाट पनि बाहिरिए सरह भएका थिए । नेफिन र यसमा आबद्ध जातीय संगठनभित्रको पितृसत्तात्मक प्रवृत्तिसँग जुध्नेक्रममा आ.ज. महिलाहरू समुदायभित्र एक्लिए । र,

---

४२ २५ पुस २०६४ मा गरिएको कुराकानी ।
४३ २२ कार्तिक २०६४ मा गरिएको कुराकानी ।

संगठित हुँदै आन्दोलनमा सामेल हुन थालेका आ.ज. महिलाहरूमा अन्यौलता छायो । र, केही समयसम्म आ.ज. महिलाका सवाल र आन्दोलन पनि विचल्लीमा पर्‍यो ।

शून्यबाट अगाडि बढ्नुपर्ने बाध्यता बोकेका सिकारु आ.ज. महिलाहरूमा समुदायभित्रैबाट चुनौती थपिएको हुनाले अगाडि बढ्न कठिन थियो । एकातिर आर्थिक कठिनाई, संगठनको सम्पर्क थलो निश्चित स्थानमा राखी सामान्य कामकाज सञ्चालन गर्न पनि धौ-धौ थियो । अर्कोतिर संगठन चलाउने क्रममा प्राविधिक पक्षमा उत्पन्न भएको कठिनाईले उत्तिकै चुनौती थपेको थियो । संगठन सञ्चालन गर्न पर्याप्त मात्रामा कार्यगत अनुभव भएको दक्ष जनशक्तिको अभाव एकातिर छँदैथियो । अर्कोतिर नेतृत्वको अभाव खड्किएको थियो । धेरैजसो आ.ज.का दक्ष र अनुभवी व्यक्तित्वहरू नेफिन तथा जनजाति आन्दोलनप्रति केन्द्रित थिए । निफ र आ.ज. महिला आन्दोलनको सन्दर्भमा सीमित दक्ष जनशक्तिको संलग्नता रहेको थियो । निफको पहिलो महासचिव बमकुमारी बुढामगर भन्नुहुन्छः

> कतिपय अवस्थामा कार्यलयको हाकिमदेखि पियनसम्म सबैको काम महासचिवले गर्नुपर्ने हुन्थ्यो । दिदीबहिनीहरूमा काम गर्ने इच्छा र लगन नभएको हैन । तर सही र प्रक्रियागत तरिका थाहा नहुँदा गाह्रो पर्थ्यो सबैलाई । शुरुशुरुमा माइनोटिङ गर्ने तरिका समेत थाहा थिएन । त्यसो हुनुको एउटा कारण प्राय जातीय संगठनहरूमा सानातिना पोष्टमा महिलालाई अल्झाएर राखिनु र कार्यालय सञ्चालनसम्बन्धी प्राविधिक काम गर्नबाट वञ्चित हुनु पनि हो ।[४४]

आ.ज. महिलाहरू संगठित हुने क्रममा विभिन्न नीतिगत तथा कानूनी प्रक्रियाहरूसँग अनभिज्ञ रहनुको मूल कारण समतामूलक, उचनीच बिनाको समान हैसियतयुक्त समाजको प्रभाव पनि हो भन्ने स्टेला तामाङको विचार रहेको छ । उहाँ भन्नुहुन्छः

> परम्परागत रूपमा हामी जनजाति महिलाहरू सांस्कृतिक तथा सामाजिक समूहमै रहेर संगठित रूपमा काम गर्दै आएका हौँ । तर राज्यले निर्धारण गरेको कानूनी प्रक्रियाअनुसार संगठित हुनलाई चाहिँ अलिकति गाह्रो पर्‍यो । किनभने ती समूहहरूमा कोही अध्यक्ष, कोही महासचिव, कोही सदस्य लगायतका विभिन्न हैसियत बोकेको पोष्ट हुन्थेन । समूहमा कोही माथिल्लो तहको हुने र कोही तल्लो तहको हुने भन्ने नै हुन्थेन । त्यसैले राज्यले निर्माण गरेअनुरुपको ढाँचामा ढालिँदा शुरुशुरुमा महिला दिदीबहिनीलाई गाह्रो पर्नु स्वभाविक हो ।[४५]

"जनजाति राजनीतिलाई कानूनी मान्यता नदिएको अवस्थामा प्रभुत्वशाली जातका मानिसले जनजातिमुखी परियोजनालाई 'नेपाल टुक्राउने' कामका रूपमा लेलान् भनेर दातृसंस्थाहरू डराउँथे । जनजाति समुदाय आफैपनि दातृसंस्थाको सहयोग लिनेबारे

४४ २३ पुस २०६४ मा गरिएको कुराकानी ।
४५ २५ पुस २०६४ मा गरिएको कुराकानी ।

दोधारमा थिए । सहयोग लिँदा आ.ज. आन्दोलनको मौलिक भावना गुम्छ भन्ने विरोधीहरूको तर्क छ" (विश्व बैंक/डी.एफ.आई.डी सन् २००६ : ६४-६७) । आ.ज.का हकमा धेरै परिवर्तन भइसकेको र आ.ज.सम्बन्धी परियोजनाको लहर उर्लिसकेपछि परियोजनाको रकमले जातजाति तथा आ.ज.बीच एकआपसमा मनमुटाब हुने र आन्तरिक झै-झगडा हुने सम्भावना हुन्छ (भट्टचन सन् २००४) । निफको आर्थिक पक्षलाई सवल बनाउने सम्बन्धमा 'परियोजनामुखी या आन्दोलनमुखी निफ' भन्ने विवाद चल्यो । यद्यपि नेपालका सामाजिक आन्दोलनरत समुदायको सन्दर्भमा आन्दोलन र परियोजना फरक फरक तर एकआपसमा सम्बन्धित कुरा हुन् । दातृ निकायको सहयोगमा सञ्चालन हुने परियोजनामार्फत आन्दोलनलाई पृष्ठपोषण गर्ने, अभियानकर्ता उत्पादन गर्ने र सामाजिक दबाब पैदा गर्ने गरेको पाइन्छ । अन्तत्वगोत्वा निफमा परियोजना सञ्चालन भयो । वास्तवमा उक्त परियोजनाको सहयोग पाएलगत्तै निफको आकार र क्रियाकलाप पनि बढेर गएको देखिन्छ ।

परियोजनाको सहयोगमा निफले आफ्नो क्रियाकलापलाई स्थानीय तहमा केन्द्रित गऱ्यो । जसले स्थानीय तहमा प्रभाव पार्न थाल्यो । परियोजनाको चलहपहलपूर्व निफले आ.ज. दिवस मनाउने, आ.ज. महिलाका सवालमा अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने, स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, गराउनेलगायतका काम गर्दै आएको थियो । तत्कालिन अवस्थामा निफको यस्ता क्रियाकलापले महत्त्व पाउन सकेन । त्यतिबेला आ.ज. महिलाहरूको सवाल र निफबारे चर्चा हुन नसक्नुमा संगठन फितलो हुनु त छँदैथियो । त्यस माथि आ.ज. महिलाका सवालमा आयोजना गरिएको कार्यक्रम/वर्कसप/सेमीनारहरूमा सरकारी निकाय तथा राजनीतिक पार्टीहरूको सहभागिता र चासो कमै देखिन्छ । त्यसको साथै सञ्चारकामाध्यम, आ.ज. समुदायका संघसंगठन, स्थानीय सरकारी तथा गैरसरकारी निकायहरूमा पनि खासै चर्चा परिचर्चा हुन सकेको छैन (जनजाति महिला महासंघ सन् २००७) । आ.ज. महिलाहरूले पनि सवाल केन्द्रित वस्तुस्थितिप्रति सम्बन्धित निकायको ध्यान आकृष्ट गर्न सकेका छैनन् ।

हुन त सवाल तथा आवाज सम्प्रेषणको दृष्टिले स्थानीयदेखि मूलधारका सञ्चारमाध्यमले समग्र आ.ज.को पक्षमा न्याय गर्न सकेको देखिँदैन । आ.ज.का साँस्कृतिक पक्ष (चाडपर्व/उत्सव, झाँकी, भेषभूषा)लाई मनोरञ्जन तथा सामान्य जानकारी दिने सामग्रीको रूपमा प्रयोग गरिँदै आइएको छ । त्यसबाहेक अन्य (राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक, प्रशासनिकलगायतका) गम्भीर विषयवस्तुप्रति खासै ध्यान पुगेको छैन (थप जानकारीको लागि हेर्नुहोस् शिल्पकार २०६४) । अझ आ.ज. महिलाको हकमा हेर्दाखेरी विषयवस्तुको गाम्भीर्यता र विविधताभन्दा पनि मनोरञ्जनात्मक पक्षलाई नै बढी महत्त्व दिने प्रचलन छ ।

निफको क्रियाकलाप कम हुनु, मिडियाको ध्यान केन्द्रित गर्न नसक्नु, महिलाहरूमा अफिसियल म्यानेजमेन्टसम्बन्धी कामको अनुभवमा कमी हुनु, अधिकारप्रति सचेत

जनशक्ति कम हुनु र निफ र निफका सदस्य संगठनहरूबीचमा पर्याप्त छलफल हुन नसक्नु, आन्दोलन र अधिकारबारे पर्याप्त जानकारी नहुनु, आन्दोलनप्रति झुकाव राख्ने र प्रतिबद्ध जनशक्तिको कमी हुनु, आ.ज. महिलाका हक अधिकारसम्बन्धमा कम जानकार हुनु,[४६] नेतृत्वको कमी हुनु, नेफिन र अन्य जातीय संघसंगठनहरूबीच पर्याप्त समन्वय कायम हुन नसक्नु, स्थापित जातीय संघसंगठन तथा नेतृत्व तहबाट पर्याप्त सल्लाह/सुझाब/सहयोग तथा मार्गनिर्देशन नहुनु जस्ता चुनौतीहरू एकातिर थिए । अर्कोतिर 'सर्भिस कि सर्भाइभ' भन्ने अवस्था छिचोल्नै नसकेको स्थिति रहेको थियो । त्यसैले स्थापनापछिको लामो समयसम्म निफ चर्चाविहिन नै रह्यो ।

अहिलेको अवस्थामा आइपुग्दासम्म निफ तथा आ.ज. महिलाहरू धेरै कुरामा सचेत भइसकेको देखिन्छ । तैपनि आ.ज. आन्दोलनमा आ.ज. महिलाको स्थान बनाउन बाँकी नै रहेको देखिन्छ । आ.ज. महिलाहरूले बाध्यात्मक दबाब सृजना गर्न नसक्दा आ.ज. आन्दोलनका अगुवाहरूको ध्यान केन्द्रित हुन सकेको छैन । फाट्टफुट्ट कहिलेकाही औँला उठीहालेको खण्डमा केही उदाहरणसहित तार्किक विचारको आडमा फेरिपनि आ.ज. महिलाहरू छाडिएकै छन् ।

## आदिवासी जनजाति आन्दोलनमा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)

*नेपाली आदिवासी जनजाति महिलाका मुद्दा*

समग्र आ.ज. समुदाय पछाडि पर्नुमा राज्य दोषी छ । उनीहरूको समस्या भनेको गोर्खा राज्य विस्तार अभियानबाट वर्तमानको राज्यको जन्मसँगै नेपालको राज्य संरचनाले जन्माएको समस्या हो (हर्क गुरुङ सन् २००४) । तर आ.ज. महिला पछाडि पर्नुको कारण राज्य मात्रै हैन आफ्नै समुदाय पितृसत्तातर्फ उन्मुख हुँदै जानु पनि हो (भट्टचन २०५८) । आ.ज.का सांस्कृतिक तथा परम्परागत पहिचान झल्काउने (पहिरन तथा गरगहनालगायतका) कुरामा आ.ज. महिलाको चर्चा परिचर्चा हुने गरेको देखिन्छ । खासगरी मनोरञ्जन तथा सूचनामूलक जानकारी सम्प्रेषणको पाटोबाट त्यस्ता चर्चा परिचर्चा हुने गरेको पाइन्छ (थप जानकारीको लागि हेर्नुहोस् गुरुङ २०६५) । तर आ.ज. महिलाका समस्या र मुद्दातर्फ खासै ध्यान पुगेको छैन । आ.ज. समुदायको पहिचान र मुद्दाभन्दा फरक नभएकै मान्यताको कारण पनि आ.ज. महिलाका बारेमा छुट्टै चर्चा हुन सकेको छैन । यद्यपि यो आ.ज. आन्दोलनसँग प्रत्यक्ष सरोकार राख्ने सवाल हो । आ.ज.को नाममा जनजाति पुरुषहरूकै वर्चश्व कायम हुनु, आ.ज. आन्दोलनभित्र

---

४६ आ.ज. आन्दोलन तथा महिला आन्दोलनमा सक्रिय रहेका आ.ज. महिलाहरूमा आफ्नो पहिचान र हक अधिकारबारे पर्याप्त सचेतना आइनसकेको कारणले उनीहरू दुबै आन्दोलनमा जुटेपनि आ.ज. महिलाका मुद्दा छुट्न पुग्यो । फलस्वरुप उनीहरूको समस्या बाहिर देखिएन भन्ने डा. चुन्दा बज्रचार्यको ठम्याई छ (१४ माघ २०६४ मा गरिएको कुराकानी) ।

आवाजविहीन र पहिचानविहीन रहेको अवस्थामा आ.ज. महिला आन्दोलनले उठाउँदै आएको मुद्दा जातीय र लैङ्गिक अधिकारको मुद्दा हो ।

अर्को, नेपाली महिला आन्दोलनसँग गाँसिएको मुद्दा भनेको महिला आन्दोलनभित्र उनीहरूको पहिचान, अधिकारको सुनिश्चितता र सहकार्यको मुद्दा हो । त्यस्तैगरी अशिक्षा, कमजोर स्वास्थ्य स्थिति, खस नेपाली भाषाले उब्जाएको भाषिक समस्या, हिन्दू धर्मले ल्याएको विभेद तथा त्यसको प्रभावले आ.ज. महिलाको पहिचान तथा संस्कृति संकटमा पर्दै जानु, गरिबीको चपेटामा पर्नु, स्रोत साधनप्रतिको पहुँच र अधिकारबाट वञ्चित हुनु, जनजाति महिलाको पहिचानलाई बेवास्ता गर्नु लगायतका थुप्रै सवालहरू आ.ज. महिलाका राष्ट्रिय पहिचानसँग जोडिएका सवाल हुन् । त्यसैले राष्ट्रिय स्तरमा आ.ज. महिलाको पहिचान स्थापित हुनुपर्ने, राज्यको प्रमुख अंगहरूमा उनीहरूको समानुपातिक प्रतिनिधित्व हुनुपर्नेदेखि लिएर संविधानसभा निर्वाचनमा समानुपातिक प्रतिनिधित्वको आधारमा आ.ज. महिलाहरूको प्रतिनिधित्व हुनुपर्नेलगायतका मुद्दाहरूमा उनीहरूको आन्दोलन केन्द्रित रहेको छ । आ.ज. महिलाका सवालमा निफले सांगठनिक रूपमा पहिलोपल्ट अघि सारेका मुद्दा तथा समस्याहरू निम्न छन्:

१. 'आदिवासी जनजाति महिला' लाई नेपाली समाजमा भिन्न समुदायको रूपमा पहिचान नगरिनु र राष्ट्रको कुनैपनि दस्तावेजहरूमा उल्लेख नहुनु,
२. राज्यको मुख्य तीन अंगहरू (कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका)को नीति नियममा आदिवासी जनजाति महिलाको समानुपातिक प्रतिनिधित्वको विशेष व्यवस्था नहुनु,
३. अहिलेका विद्यमान कानून तथा ऐनले आदिवासी जनजाति महिलाका मौलिक अधिकारलाई मान्यता नदिनु तथा उनीहरूको आधारभूत आवश्यकतालगायत अन्य आवश्यकतालाई बेवास्ता गरिनु र हिन्दू परम्परा अन्तर्गतको पित्तृसत्तात्मक प्रभाव आदिवासी जनजाति समुदायमा बढ्दै जानु । जस्तैः छोरा र छोरीमा गर्ने भेदभाव बढ्दो छ ।
४. बेचविखनबाट धेरैजसो आदिवासी जनजाति महिलाहरू पीडित छन् । र, बेखविखनका पछाडि भएका कारणहरूलाई सम्बोधन गर्ने प्रयास पनि भएको छैन ।
५. प्रशासन, निजामति सेवा, कानूनी तथा अन्य नीति निर्माणका गर्ने तहहरूमा आदिवासी जनजाति महिलाको प्रतिनिधित्व नहुनु,
६. पूर्ख्यौली जग्गा जमिन, भूभाग, स्रोत साधनमा आदिवासी जनजाति महिलालाई मान्यता तथा अधिकार दिइएको छैन, जुन चाहिँ उनीहरूको एकमात्र जीविकाको साधन हो,

७. बेइजिङ प्लेटफर्म फर एक्सन, महिला विरुद्ध हुने सबै खालको भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि (CEDAW), सहस्राब्दी विकास लक्ष्यलगायतका मुद्दाहरूमा राज्यले आदिवासी जनजाति महिलालाई समाहित नगर्नु,
८. देशमा चलेको द्वन्द्वले आदिवासी जनजाति महिलाहरूको जीविकोपार्जन, सामाजिक सुरक्षा, स्वास्थ्य, शिक्षा तथा बसोबासमा ठूलो प्रभाव पार्नु,
९. सरकारी/गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी लगायतका निकायमा जातजाति तथा जनजातीय तथ्याङ्क नहुनु,
१०. आदिवासी जनजाति महिलाका पहिचान तथा अधिकारसम्बन्धी अध्ययन अनुसन्धान तथा दस्तावेजको कमी हुनु ।

(*जनजाति महिला महासंघ,* मिति उल्लेख नभएको) ।

*नेपाली आदिवासी जनजाति महिला आन्दोलन*

आ.ज. महिलाका आन्दोलन आ.ज. आन्दोलनभित्रैबाट उब्जिएको हो । त्यसैले उनीहरूको आन्दोलन आ.ज. आन्दोलनकै एउटा रुप हो । जसले आ.ज. महिलाको हकमा बढि ध्यान केन्द्रित गर्दै आ.ज. र महिला आन्दोलनलाई समेत सघाउ पुऱ्याउने देखिन्छ । आ.ज. आन्दोलनका साथै आफ्नै समुदायमा बढ्दै गइरहेको लैङ्गिक विभेद र हिन्दूकरणको प्रभावप्रति खबरदारी गर्नु, त्यसलाई न्यून गर्नु (भट्टचन २०६०क) र आफ्नो पहिचानसहित महिला आन्दोलनमा सहभागी हुनु आ.ज. महिला आन्दोलनको ध्येय रहेको छ ।

वि.सं. २०४६ पछि आ.ज. महिलाका संगठन खुलेपनि तिनले आ.ज. महिलाका सवालमा खुलेर आवाज उठाउने वातारण रहेन । आ.ज. महिलामा रहेको रैथाने सीप विकास तथा प्रवर्द्धन गर्ने, भाषा साहित्यसम्बन्धी काम गर्दै जनजाति आन्दोलनमा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सरिक भएको पाइन्छ । नेपालको आ.ज. आन्दोलनको फैलावट, राष्ट्रिय अन्तर्राष्ट्रिय अवलोकन तथा सिकाइसँगै सीमित आ.ज. महिला तथा पुरुषहरू आ.ज. महिलाका हक अधिकारका बारेमा जानकार हुन थाले । थोरै आ.ज. महिला तथा पुरुषहरूको प्रयासबाट शुरु भएको आ.ज. महिला आन्दोलनले बिस्तारै गति लिन थाल्यो । निफको स्थापनापश्चात् अन्य जातीय महिला संगठनहरू आन्दोलनमा सरिक हुने क्रम बढ्दै गयो ।

वि.सं. २०६२/६३ को ऐतिहासिक जनआन्दोलनमा विभिन्न ढंगले आ.ज. महिलाहरूको सहभागिता रह्यो ।[४७] तर आ.ज. महिलाहरूको सशक्त र संगठित भूमिका र क्रियालकलाप देखिएन । उनीहरू विभिन्न समूह र फरक फरक नेतृत्व अन्तर्गत रहेर

४७ स्टेला तामाङको संयोजकत्वमा 'आदिवासी जनजाति महिला शान्ति सञ्जाल' नामक समूहले जनआन्दोलन जुलुसमा सहभागीहरूबीच सगुन स्वरुप 'लोकतान्त्रिक खाजा' र शान्तिको प्रतिक 'सेतो फूल' बाँडिएको थियो ।

आन्दोलनमा सरिक भए । जनआन्दोलनलगत्तै आ.ज. महिलाका अन्य संगठनहरूको उदय हनु, ती संगठन तथा निफबीचमा पर्याप्त छलफल तथा संयोजन हुन नसक्नु, आ.ज.का सवालमा संयुक्त तथा एकतागत नेतृत्व हुन नसक्नु, आ.ज. आन्दोलनले आ.ज. महिलाका बारेमा ध्यान दिन नसक्नुजस्ता यसका विभिन्न पक्षहरू देखिन्छन् ।

उक्त जनआन्दोलन आसपास आ.ज., महिला, दलित, मधेसी, अन्य अल्पसंख्यक समुदायहरूको आन्दोलनमा समावेशीकरणको चर्को स्वर उठ्न थालेको थियो । त्यही अवसरमा आ.ज. महिलाका तर्फबाट अलग्गै माग अगाडि सार्दै धर्ना, जुलुस, शान्ति र्‍याली गर्ने, पर्चा, पम्प्लेट बाँड्ने, सम्बन्धित निकायमा ज्ञापन पत्र बुझाउने, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूसँग अन्तर्क्रिया गर्ने जस्ता कामहरूमा निफले नेतृत्व प्रदान गर्‍यो । त्यस लगत्तै अन्य आन्दोलनरत समूहहरू (आ.ज., महिला, दलित, मधेसी, अपाङ्ग तथा अल्पसंख्यक) सँग पनि साझा मुद्दामा सहकार्य गर्दै एकबद्ध रूपमा आ.ज. महिलाहरू सडक आन्दोलनमा ओर्लिए । निफको संयोजकत्वमा २४ फागुन २०६३ मा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा तत्कालिन अन्तरिम व्यवस्थापिका संसदको सभामुख सुवास नेम्वाङ समक्ष आ.ज. महिलाहरूले आफ्नो समस्या र मागसहित ज्ञापन पत्र बुझाए । १९ वटा मागसहितको सो ज्ञापनपत्रमा बाह्र ओटा बुँदा आ.ज. महिलाहरूको हकमा र अन्य मागहरू समग्र आ.ज. समुदायको हकमा वकालत गर्ने खालका छन् (विस्तृत जानकारीको लागि हेर्नुहोस् अनुसूचि १) ।

विश्व आदिवासी दिवस (९ अगस्त २००७)को अवसरमा नेपाली आ.ज. महिलाहरूले 'आदिवासी जनजाति महिलाहरूको काठमाडौँ घोषणापत्र २००७' जारी गरे । राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल[४८]को संयोजकत्वमा सो १० बुँदे घोषणापत्र जारी भएको थियो (विस्तृत जानकारीको लागि हेर्नुहोस् अनुसूचि २) । आ.ज. आन्दोलनको बलले सरकार र आ.ज.बीच चरणबद्ध हिसाबले ९ पटक वार्ता सम्पन्न भयो (नयाँ पत्रिका २०६४) ।[४९] र, वि.सं. २०६४ साउन २२ मा सम्झौता भएपश्चात् सहमतिमा वार्ता टुङ्गियो । तर आ.ज. महिलाहरूको हकमा सो वार्ता उपलब्धिमूलक बन्न सकेन । वार्ता टोलीमा सहभागिता देखिएपनि आ.ज. महिलाकाबारेमा चर्चा गरिएन ।[५०]

---

४८ सञ्जालका व्यक्तिगत सदस्यको रूपमा निफका महासचिव, नेफिनको सचिव तथा विभिन्न सामाजिक, राजनैतिक क्षेत्र तथा जनजाति समुदायका आन्दोलनरत महिलाहरू रहेका छन् ।

४९ वार्ता टोलीमा आ.ज.का तर्फबाट डा. ओम गुरुङ र सरकारको तर्फबाट रामचन्द्र पौडेल संयोजक रहनु भएको थियो । सो वार्ता टोलीमा नेपाल आदिवासी जनजाति महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, आदिवासी जनजाति संयुक्त संघर्ष समिति, आदिवासी जनजाति युवा विद्यार्थी संघ र आदिवासी जनजाति विद्यार्थी महासंघ संलग्न रहेका थिए ।

५० निफका महासचिव सोमा राई र डिकी लामा गरी दुई जना महिला उक्त वार्ता टोलीमा सामेल हुनुभएको थियो ।

सम्झौतापत्र हस्ताक्षर गरे लगत्तै आ.ज.हरूको मुख्य एजेण्डालाई छाडिएको र अपेक्षाकृत उपलब्धि नभएको भन्दै नेफिनले सो सम्झौता पत्रको खण्डन गर्दै आन्दोलन शुरु गऱ्यो । तर आ.ज. महिलाका हकमा फेरिपनि कुनैपनि पक्षबाट कुरा उठेन । सो काममा आ.ज. महिलाहरू आफै पनि मौन रहे । जसले गर्दा एकातिर आ.ज. महिलाहरू एउटा अवसरको सही उपयोग गर्नबाट चुके । अर्कोतिर, वार्ता टोली समावेशी देखाउने र गाल टार्ने काम पनि सम्पन्न भयो । यसले स्पष्ट हुन्छ, वार्तामा सामेल हुनुपूर्व आ.ज. महिलाहरूको हकमा के कस्ता सवाल महत्त्वपूर्ण हुन सक्छन् र सो सवाल सुनिश्चित गर्न कुन ढंगले प्रस्तुत हुने भन्ने बारेमा छलफल र कसरत भएन । यद्यपि आ.ज. महिलाका सवाल तथा मागहरू निफले अगाडि ल्याइसकेको थियो ।

आ.ज. महिलाहरूले आफ्नो आन्दोलनलाई समय सापेक्ष बनाउने क्रममा संविधानसभामा जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने कुरामा राज्यले ध्यान दिनुपर्ने कुरा अगाडि साऱ्यो । हाल कूल ६०१ संविधान सभासद्‌मध्ये २१५ आ.ज. र १९७ जना महिला रहेका छन् । त्यसमध्ये ७१ जना आ.ज. महिलाहरू सभासद् रहेका छन् (जनजाति महासंघ २०६५क)[५१] । देशव्यापी रूपमा उर्लेको समावेशीकरणको बहस र प्रक्रिया, समानुपातिक निर्वाचन प्रणालीमा बाध्यकारी लैङ्गिक समान सहभागिता तथा विभिन्न राजनैतिक पार्टीले अपनाएको समावेशीकरणको प्रक्रियाले आ.ज. महिलाका प्रतिनिधित्व हुनमा ठूलो भूमिका खेल्यो ।

आ.ज. महिला आन्दोलनको गतिसँगै वैचारिक (सतही रुपमै सही) समर्थन जनाउँने जमात बढेको छ । निफ लगायत आ.ज. महिलाका अन्य संगठनहरूले राजनीतिक दलका प्रतिनिधि, संविधानसभाका सभासद्, अधिकारकर्मीहरूसँग गर्दै आएको छलफलले केही हदसम्म समर्थन जुटाउन सघाएको छ । अधिकार प्राप्तिको लडाईमा सम्बन्धित निकायसमक्ष दबाब पैदा गर्न र बहुमत प्रदर्शनको खातिर पनि त्यसो हुन पुगेको अनुमान लगाउन गाह्रो छैन । तैपनि अधिकार र प्रतिनिधित्वको लागि आवाज उठाउने कार्यमा समन्वयात्मक वातावरण सृजना हुन र एकआपसको सवालहरूबारे जानकार हुन सघाउ पुगेको देखिन्छ ।

समग्र महिलाको हकमा कुरा गर्दा विविधतायुक्त महिलाको प्रतिनिधित्व हुनुपर्नेमा कसैको असहमति देखिन्न । प्रायजसो महिला आन्दोलनकर्मी तथा अधिकारकर्मीहरूले यसबारेमा आवाज उठाउदा सहर्ष स्वीकार्ने गरेको देखिन्छ । महिला आन्दोलन सम्पूर्ण नेपाली महिलाको आन्दोलन बन्नुपर्ने र जुनसुकै महिला आन्दोलनले सबै महिलाको मुद्दा उठान गर्नैपर्नेमा विमति जनाउँने कमै होलान् । तर बेग्लाबेग्लै समुदायका महिलाहरू अलग अलग ढंगले आ-आफ्नै समूहमा किन र के का लागि आन्दोलित छन् ? भन्नेतर्फ

---

५१ नेफिनले उल्लेख गरेको आ.ज. समुदायका संविधान सभासद्‌को नामका आधारमा यहाँ आ.ज. महिला सभासद संख्या छुट्टाइएको छ (थप जानकारीको लागि हेर्नुहोस्, जनजाति महासंघ २०६५क) ।

न त मूलधारको महिला आन्दोलनले गहिरो चासो राखेको देखिन्छ, न त आन्दोलनकर्मीहरूले नै । समग्र महिलाको मुद्दाभित्र विविधतायुक्त महिलाहरूलाई कसरी अटाउने भन्ने प्रश्न मूलधारे महिला आन्दोलनको अगाडि तेर्सिएको छ । त्यस्तै गरी, मूलधारको महिला आन्दोलनमा आ.ज. महिलाको पहिचान र प्रतिनिधित्व कसरी सुनिश्चित गर्ने भन्ने चुनौति आ.ज. महिलाका सामु यथावतै छ ।

समग्र महिलाको अधिकार सुनिश्चित गर्ने र हिन्दूवादी पितृसत्तात्मक प्रणालीलाई तोड्नेतर्फ मूलधारको महिला आन्दोलन केन्द्रित छ । त्यसको लागि विभिन्न समूह र समुदायका महिलाहरूले सक्रिय भई मूलधारको महिला आन्दोलनमा साथ दिनु पहिलो आवश्यकता भएको ठम्याई तिनै मूलधारका महिला आन्दोलनकर्मीहरूको रहेको छ । तर, ती विभिन्न आन्दोलनरत महिलाका समूहहरूको अस्तित्व, पहिचान र अधिकारबारे गहन रूपमा सोचविचार गर्ने काम भने भएको देखिदैन । सहअस्तित्व र सहकार्यको लागि मूलधारमा चलेको मानिने महिला आन्दोलन र अन्य आन्दोलनरत महिलाका समूहबीचमा साझा मुद्दा बनाई एकताबद्ध ढंगले अगाडि जाने काम भएको छैन । त्यसैले सबै आन्दोलनरत समूह/समुदायले आ-आफ्ना सवाल र उद्देश्यलाई पुनर्मूल्याङ्कन र विश्लेषण गर्नुपर्ने देखिन्छ ।

एकातिर विविध महिलाका समुदायमा रहेको फरक फरक समस्या र तिनको समाधानतर्फ मूलधारमा चलेको महिला आन्दोलनको भित्री चासो जागेको देखिँदैन । अर्कोतिर आन्दोलनरत आ.ज. महिलाहरूले मूलधारको महिला आन्दोलनमा आफ्नो प्रतिनिधित्व नभएको नारा लगाउने, तर ठोस दबाब सृजना पनि गर्न सकेको देखिँदैन । यही अवस्था रहीरहेमा फेरिपनि एकलकाटे रुपमै महिला आन्दोलन अघि बढिरहने प्रवल सम्भावना देखिन्छ । र, आ.ज. महिला आन्दोलन उस्तैगरि मूलधारभन्दा बाहिर एक छेउमै रहिरहने सम्भावना पनि उत्तिकै देखिन्छ ।

आ.ज. महिला आन्दोलन जातीय आन्दोलनको अंश हो, र लैङ्गिक समानताको लडाई पनि हो भन्ने कुरामा दुईमत छैन । साथै, यो अलग्गै राज्य निर्माणको आन्दोलन कदापि हैन । उनीहरूको आन्दोलन जातीय विविधतासहितको समानता, अधिकार र लैङ्गिक समानतासहितको अधिकार प्राप्तिको लडाई हो । त्यसैले जातीय सवाल परिपूर्तिको खातिर जातीय आन्दोलनमा एकाकार हुनुपर्ने र लैङ्गिक सवाल परिपूर्तिको खातिर मूलधारको महिला आन्दोलनमा एकाकार हुनुपर्ने आ.ज. महिला आन्दोलनको आवश्यकता हो । र, आन्दोलन जुझारु खालको हुनुपर्ने पनि देखिन्छ ।

## नेपाली आदिवासी जनजाति महिला आन्दोलनका दुई पाटा

*क. सकारात्मक पक्ष*

आ.ज. महिलाहरू आफ्नो पहिचान र अधिकारबारे चनाखो भई स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म सांगठनिक स्वरुप तयार भएको छ । लामो समय खर्चेर भएपनि निफले

आफ्नो सांगठनिक स्वरुपलाई व्यवस्थित बनाउँदै आएको छ । आ.ज. महिलाहरू पहिचान र अधिकारको सवालसहित आन्दोलित भई खुलेर आएका छन् । विभिन्न सामाजिक संघसंगठनहरूमा उनीहरूको संलग्नता बढ्नुको साथै नेतृत्वमा विकासमा मद्दत मिलेको छ । अधिकार प्राप्तिको लागि जुटेका अन्य सामाजिक तथा जातीय संघसंगठनहरूसँग सम्बन्ध स्थापित गरी वैचारिक समर्थन जुटाउने र साझा मुद्दामा सहकार्य गर्ने काम पनि भएको छ । जस्तैः ३० फागुन २०६३ मा समानुपातिक निर्वाचन प्रणाली र जातीय-क्षेत्रीय स्वशासनमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रका लागि संयुक्त आन्दोलनको लागि जातीय संस्थाहरूले एकआपसमा समझदारी कायम गरेका थिए । त्यसमा छ वटा साझा एजेण्डा बनाई १७ वटा विभिन्न आन्दोलनरत संगठनहरूले प्रतिबद्धता जाहेर गरेका थिए ।[५२] साथै, निफ निर्माणको शुरुको अवस्थामा जातीय संगठनभित्र रहेको विरोधाभाषपूर्ण अवस्थामा परिवर्तन हुँदै आएको छ । त्यसले गर्दा जातीय संगठन तथा जातीय महिला संगठनबीचमा घनिष्ठता बढ्दै गएको र एकआपसमा सहकार्य हुन सकेको छ ।

सामाजिक आन्दोलनको रूपमा विभिन्न निकायहरूमा आ.ज. महिलाको सहभागिता र प्रतिनिधित्व हुनैपर्ने आवाजलाई उठाइयो । फलतः आ.ज. महिलाका बारेमा धेरै संघ संगठन तथा समुदायले जानकारी पाए । स्थानीय तथा राष्ट्रिय स्तरमा उनीहरूको पहिचान र मुद्दासम्बन्धी केही हदसम्म छलफल र बहसको विषय बन्न पुग्यो । बहस र छलफलको क्रममा आ.ज. महिलाका बारेमा चर्चा परिचर्चा गर्ने क्रम बढ्दै गइरहेको देखिन्छ । अन्तर्राष्ट्रिय नीति नियम, सन्धि, सम्झौतापत्रहरूबारे आ.ज. महिलाहरू थप सचेत हुँदै गएका छन् । र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने अधिकारमुखी कार्यक्रमहरूमा आ.ज. महिलाहरूको सहभागिता र रुचि बढ्दै गइरहेको छ । सीमित आ.ज. महिला आन्दोलनकर्मीमाझ नयाँ नयाँ आन्दोलनकर्मीहरू थपिने क्रम जारी छ । यसले आन्दोलनमा नयाँ नेतृत्व प्रदान हुने र पछिल्लो पुस्तालाई आन्दोलनप्रति तान्न सक्ने कुराप्रति आशावादी हुन सकिने सम्भावना देखिन्छ । आ.ज. महिलाहरूमा बढ्दै गएको सचेतनाले आ.ज.आन्दोलन तथा आ.ज.सम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय सन्धि/सम्झौता अनुमोदन गर्नेतर्फ नेपाल सरकारलाई दबाब दिन सघाउ पुगेको छ (आ.ज. महिलाहरूले आइएलओ महासन्धि नं. १६९ लाई पारित गरि कार्यान्वयन

५२ जसमा मधेसी जनअधिकार फोरम, नेपाल, नेपाल आदिवासी/जनजाति महासंघ, बृहत् राष्ट्रिय लोक-गणतान्त्रिक मोर्चा, नेपाल, आदिवासी/जनजाति संयुक्त संघर्ष समिति, नेपाल, राष्ट्रिय आदिवासी/जनजाति महिला महासंघ, नेपाल, दलित गैरसरकारी संस्था महासंघ, नेपाल, तामाङ स्वायत्त गणतान्त्रिक मञ्च, नेपाल, नेपाल पिछडा वर्ग महासंघ, नेवाः दे गुथी, नेपाल मण्डल, आदिवासी/जनजाति मुक्ति संगठन, नेपाल, आदिवासी/जनजाति महिला गणतान्त्रिक मोर्चा, नेपाल, अवधी सांस्कृतिक विकास परिषद्, नेपाल मैथिली महासंघ, नेपाल, मैथिली महिला समाज, नेपाल, आदिवासी विद्यार्थी समाज, नेपाल, लोकतान्त्रिक नेवाः संघर्ष समिति, र संयुक्त किरात संघीय लोक-गणतान्त्रिक मोर्चा, नेपाल रहेका छन् (कान्तिपुरअनलाईन डट कम सन् २००७)।

गर्नुपर्ने माग राख्दै आएका थिए । २९ भदौ २०६५ देखि उक्त महासन्धि लागू भएको छ) ।[५३]

अधिकांश जातीय संघ-संगठनहरूमा पुरुषकै नेतृत्व रहेको छ ।[५४] तर आ.ज. महिलाहरूको सहभागिता/प्रतिनिधित्व बढ्ने क्रममा रहेको देखिन्छ । धेरैजसो जातीय संगठनहरूमा महिला सहभागिता बढाउनेतर्फ पहल हुन थालेको छ । नेफिन अन्तर्गतको केही जातीय संघठनहरूमा उल्लेख्य संख्यामा महिला सहभागिता बढेको छ (राई सन् २००६) । विश्व आदिवासी दिवस २००८ को घोषणापत्रमा आ.ज. महिलाका सम्बन्धमा पहिलोपल्ट नेफिनले आवाज उठाएको देखिन्छ (जनजाति महासंघ २०६५ख) । यसबाट थाहा हुन्छ, आ.ज. आन्दोलनले जनजाति महिलाको मुद्दालाई उठाउन थालेको छ । यसले आ.ज.का संगठन र उनीहरूको आन्दोलन लैङ्गिक सवालमा थप सचेत हुन थालेको स्पष्ट हुन्छ । त्यस्तै गरी महिलाका संगठनहरूमा पनि विविध पहिचान बोकेका महिलाहरूको प्रतिनिधित्व गराउनु पर्ने तर्फ ध्यान दिन थालिएको छ । आ.ज. महिलाका मुद्दा मूलधारको महिला आन्दोलनको अगुवाई गरेका सीमित (ब्राह्मण/क्षेत्री) समुदायका महिलाहरूले स्पष्ट रूपमा उठाउने गरेका छैनन् । तर अधिकारबाट विमुख भएकाहरूको आवाज उठेको खण्डमा वैचारिक समर्थन जनाउँने र प्रतिबद्धता जाहेर गर्ने परम्परा बनिसकेको छ । यसले आ.ज. महिलाहरूको आन्दोलनमा केही न केही उर्जा मिलेको छ ।

आ.ज. महिलाका आन्दोलन र विभिन्न क्रियाकलापले विभिन्न दातृ निकायमा आ.ज. महिलाहरूको आफ्नो अलग्गै प्रकारको पहिचान बनेको छ । त्यसैको माध्यमले निश्चित समूह, धर्म-संस्कृति तथा समुदायका महिलाबाहेक अन्य विविध सामाजिक, सांस्कृतिक, धार्मिक तथा भाषिक पहिचान बोकेका महिला पनि नेपालका महिला नै हुन् भन्ने बारेमा दातृ निकायलाई जानकार हुन सघाउ पुगेको छ । र, केही दातृ निकायले आ.ज. महिलाका लागि आ.ज. महिलाकै संगठनलाई सहयोग उपलब्ध गराउँदै आएको छ (अन्तर्राष्ट्रिय दातृ निकाय डानिडा ह्यूगोको सहयोगमा निफले सञ्चालन गरेको 'जनजाति महिला सशक्तीकरण परियोजना' यसैको एउटा उदाहरण हो) ।

आ.ज. महिलाहरूको हकमा नेपाल सरकारको तर्फबाट संवैधानिक तथा लिखित रूपमा पहिलोपल्ट केही निर्णय गरिएको छ । अन्तरिम संविधानद्वारा २०६३ जुन १४ मा पास गरिएको विधेयकमा आ.ज. समुदायका महिला-पुरुष दुवैको हकमा समान (कूल ३७

---

५३ यो महासन्धि विश्वका धेरै राज्यहरू एक आपसमा मिलेर आफूहरूलाई लागू हुने गरी बनाएको एक अन्तर्राष्ट्रिय कानून हो । जसले विश्वभरका आदिवासी तथा ट्राइबल पिपुलहरूको हक अधिकारहरूको ग्यारेन्टी गर्दछ । यो महासन्धि पारित गर्ने विश्वको उन्नाइसौं र एशियाको दोस्रो राष्ट्रमा नेपाल पर्दछ (जनजाति महासंघ २०६५ख) ।

५४ नेफिनको संस्थापक सदस्यमध्येको एक, सम्पूर्ण किरात राई जातिको प्रतिनिधि संगठन किरात राई यायोक्खाको अध्यक्षमा हाल सुमाया राई रहनुभएको छ ।

प्रतिशत आ.ज.को जनसंख्यामध्ये १८.९ प्रतिशत आ.ज. महिलाको) प्रतिनिधित्व हुने कुरा उल्लेख गरिएको छ । त्यस्तैगरी सामाजिक, आर्थिक, राजनीतिक सशक्तीकरण तथा लैङ्गिक मूलप्रवाहीकरणमा विशेषगरी दलित, आ.ज., मधेसी र एकल महिलाहरूको प्रतिनिधित्व सुनिश्चित गरिने कुरा तीन वर्षे अन्तरिम योजना, २०६४ (विशेष व्यवस्था)मा उल्लेख गरिएको छ (जनजाति महिला महासंघ सन् २००७) । त्यस्तैगरी निफको प्रतिनिधि (महासचिव) 'राष्ट्रिय विकास परिषद्, नेपाल'को सदस्य हुने प्रावधान बनेको छ ।[५५]

सरकार र आ.ज.बीच भएको वार्ताद्वारा गरिएको २० बुँदे सहमतिपत्रमा दुईवटा कुरा आ.ज. महिलाहरूको हकमा देखिएको छ- 'आदिवासी जनजातिसम्बन्धी जिल्ला समन्वय समिति गठन गर्ने सिलसिलामा लोकतान्त्रिक एवं पारदर्शी प्रक्रियाको अवलम्वन गरिनेछ । साथै, यस प्रक्रियामा आ.ज. महासंघ र राष्ट्रिय आ.ज. महिला महासंघको संलग्नतालाई उच्च महत्त्व दिइनेछ", र "अन्तरिम योजना लगायतका विकास योजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा लैङ्गिक मूलप्रवाहीकरणको मर्म र भावनालाई आत्मसात् गर्दै कार्यक्रमको लाभको बाँडफाँडमा महिला विविधतालाई दृष्टिगत गरी आ.ज., दलित र मधेसी महिलाहरूको समेत समान सहभागितामा जोड दिइनेछ" ( शान्ति तथा पुनर्निमाण मन्त्रालय २०६४ : १५-१६) ।[५६] नेपाल सरकारले आ.ज. महिलाको आवाज सुन्ने र केही हदसम्म (गाल टार्ने खालको) भएपनि निर्णय गरेको कुरा यहीबाट थाहा हुन्छ ।

*ख. नकारात्मक पक्ष*

निफले आफ्नो सांगठनिक संरचना र व्यवस्थापन पक्ष मजबुत बनाउनमा धेरै समय खर्चेको देखिन्छ । निफको सांगठनिक व्यवस्थापन र सचेतनामूलक कार्यक्रम अनुरुपको आन्दोलन तथा दबाब सृजना गर्न सकेको छैन । आ.ज. महिला आन्दोलनको प्रभाव केही मात्रामा आ.ज. आन्दोलनमा देखिन थालेको छ । तर मूलधारको महिला आन्दोलनमा कुनै खालको प्रभाव जमाउन सकेको देखिएन । आ.ज. महिलाका समस्या र मागहरूलाई अगाडि सार्ने काम स्वयं आ.ज. महिलाहरूबाटै भयो । तर ती मुद्दाहरू पूर्ति गर्नको लागि दबाबमूलक कार्यक्रम तथा बाध्यकारी परिस्थिति सृजना गर्न नसक्नु उनीहरूको आन्दोलनको कमजोरी हो । अधिकांश पुरुषकै नेतृत्वमा चल्दै आएका आ.ज. तथा जातीय संगठनहरूमा थोरबहुत लैंङ्गिक चेतना आएको देखिन्छ । तर समुदाय तथा संगठनहरूमा रहेको हिन्दू संस्कार र पितृसत्तात्मक प्रवृत्ति/मनस्थितिलाई छिचोल्न सक्ने

५५ राष्ट्रिय योजना आयोग, सन् १९७२ मा स्थापना भएको थियो । जसले विकाससम्बन्धी विभिन्न योजना बनाउने काम गर्दै आइरहेको छ । सो आयोगले भर्खरै तीन वर्षे योजना तयार पारेको छ । सो योजना आयोगको सल्लाहकार समितिको रूपमा राष्ट्रिय विकास योजना रहँदै आएको छ ।

५६ २२ साउन २०६४ मा ललितपुरको गोदावरीमा सरकार र आ.ज.बीच भएको २० बुँदे सहमतिको बुँदा नम्बर १३ र १४ मा पनि क्रमश उल्लेख गरिएको छ ।

चेतना ल्याउन बाँकी छ । जातीय संघसंगठन तथा आ.ज.का मुद्दासँग सरोकार राख्ने समूहहरूसँग आ.ज. महिला/निफको समन्वय र सहकार्य कायम हुन थालेको छ । तर आ.ज. महिलाका हकमा खुलेर वकालत गर्ने/गराउने काम भने हुन सकेको देखिँदैन ।

आ.ज. महिलाका सवाललाई कसरी र कुन ढंगले अगाडि लैजाने, आ.ज. आन्दोलनमा कुन हिसाबले दबाब सृजना गर्ने र मूलधारको महिला आन्दोलनमा कुन मुद्दाको आधारमा स्थान बनाउने भन्ने संयन्त्र तथा योजनाको अभाव देखिन्छ । जातीय र लैङ्गिक मुद्दालाई व्यवस्थित ढंगले अगाडि लैजानुपर्ने कुरामा अभ्यासरत छन् आ.ज. महिला आन्दोलनकर्मीहरू । तर स्पष्ट दृष्टिकोण र नीति तर्जुमा गर्न बाँकी नै देखिन्छ । त्यसैले आ.ज. महिला आन्दोलनको प्रक्रियागत र व्यवस्थित मार्ग तय हुन सकिरहेको छैन । विभिन्न क्षेत्रसँग सम्बन्धित सवल र सक्रिय आ.ज. महिलाहरू नभएका हैनन् । तर उनीहरूबीच मुद्दा  केन्द्रित छलफलको अभाव देखिन्छ । साथै, एकबद्ध आन्दोलनको लागि समेटेर नेतृत्वदायी भूमिका निर्वाह गर्ने नेतृत्व पंक्तिको पनि अभाव खड्किएको देखिन्छ ।

संख्याको हिसाबले आ.ज. महिलाका संगठन धेरै छैनन् । तर जनजातीयताभित्रको विविध जातीय परिवेश, आकांक्षा, समस्या तथा सोचहरू थुप्रै र जातीगत आधारमा फरक फरक हुनसक्छन् । किनकी आ.ज. समुदायका महिलाहरूको समानताभित्र पनि थुप्रै विविधता रहेको छ । ती विविधताका बाबजुद व्यवस्थित रूपमा संगठित नभएसम्म आ.ज. महिला आन्दोलनको एकीकृत शक्ति प्रदर्शन र दबाब सृजना हुन कठिन छ । त्यसका लागि आ.ज. महिलाहरूभित्र रहेको जातीय विविधताबीचमा संयोजकत्व र सहअस्तित्वको मापदण्ड निर्धारण गर्ने पर्याप्त सम्भावना देखिन्छ । त्यसो हुन सकेमा आ.ज. महिलाका आवाजलाई थप बल प्रदान हुन सक्छ । केही हदसम्म यो काम भइरहेको छ । तर आ.ज. महिलाको सवाललाई माथि उठाउन खासै टेवा मिलेको भने देखिँदैन ।

जातीय संगठन र जातीय महिलाका संगठनबीच बढेको घनिष्ठता र सहकार्य समग्र आ.ज.को हकमा देखिन्छ । र, यो हुनु आवश्यक पनि छ । जातीय महिलाका संगठनहरू आ-आफ्नै जातीय संगठनसँग बढी सरोकार राख्ने र जातीय मुद्दाप्रति केन्द्रित हुन थालेका छन् । त्यसअनुरुप निफ र आ.ज. महिलाका हकमा उपलब्धि हुन सकेको देखिँदैन । यस्तो अवस्थामा आ.ज. महिलाहरूले उठाउँदै आएको लैङ्गिक सवाल, निफ र जातीय संगठनबीचको तालमेल मिलाउने काममा जातीय महिला संगठनको भूमिका महत्त्वपूर्ण हुने देखिन्छ । त्यसो हुन नसक्दा लैङ्गिक मुद्दा ओझेलमा पर्ने सम्भावना पनि देखिन्छ । जातिय महिला संगठनको प्रतिनिधित्व र संयोजन गर्ने संगठन निफ हो भन्ने हो भने निफले आफ्नो स्थान र महत्त्वलाई जोगाउँदै आफ्ना सदस्य संगठनहरूसँग घनिष्ठता कायम राख्नु र आ.ज. महिला आन्दोलनप्रति अझै संवेदनशील बनाउनेतर्फ थप पहल गर्नुपर्ने देखिन्छ । त्यसो नहुँदा आ.ज. महिला आन्दोलनको दौरानमा जातीय

महिलाका संगठनहरूको संयोजन र व्यवस्थित परिचालनमा सुधार आउला भन्न गाह्रो छ । साथै सम्पूर्ण आ.ज. महिलाहरूभित्रको असमानता तथा विविधताप्रति सचेत बन्दै आ.ज. महिलाहरूलाई गोलबद्ध गर्नु पनि उत्तिकै आवश्यक हुन आउँछ । र, निफको आन्तरिक एकताबिना कुनैपनि आन्दोलनमा आ.ज. महिलाका आवाज दह्रो हुन सक्दैन ।

आ.ज. समुदायमा हिन्दूकरणको प्रभाव कम गर्ने तथा लैङ्गिक विभेद कम गर्ने सम्बन्धमा पनि जनजाति महिला आन्दोलनको प्रभाव फितलो देखिन्छ । उदाहरणमा, वि.सं. २०५९ (सन् २००२) को विश्व आदिवासी दिवसको अवसरमा डा. हर्क गुरुङले भन्नुभएको थियो- "महिलाको बारेमा महिलाले कुरा गरे पो सुहाउँछ, मैले तपाईहरू महिलाले नै भनिहाल्नु हुन्छ भनेर नै नभनेको हुँ" (माबुहाङ २०६० : १०१)[५७] । कुराकानीको क्रममा आ.ज. महिलाका हकमा नेफिनको भूमिका र योजनाबारेको जिज्ञासामा "आदिवासी जनजाति महिलाको हकमा कुरा नउठाइएको भने हैन । प्रतिष्ठान र निफ स्वयंले आदिवासी जनजाति महिलाको हकमा काम गरिराखेको र कामको डुप्लिकेशन नहोस् भन्नाको खातिर नेफिनले त्यसप्रति ध्यान नदिएको हो । तर, महिलाको कुरा महिलाले नै उठाउँदा अझबढी प्रभावकारी हुन सक्छ" भन्ने नेफिनका अध्यक्ष पासाङ शेर्पाको भनाई रहेको थियो ।[५८] यी दुई अभिव्यक्तिले पहिलो, आ.ज. समुदायले आ.ज. महिलाको सवालमा खासै ध्यान नदिएको यथास्थितिको चित्रण गरेको छ । दोस्रो, उस्तै खालको तर्कको आडमा आ.ज. महिलाका सवालबाट पन्छिने गरेको थाहा हुन्छ ।

## नेफिन र निफबीचको अन्तरसंघर्षपछिको बढ्दो सहकार्य[५९]

नेपालको आ.ज. आन्दोलन र नेफिनले निर्माण गरेको पृष्ठभूमि र संरचनाअन्तर्गत नै रही आफ्नो हक र अधिकारको लागि आ.ज. महिलाहरू जुटेका थिए । सांगठनिक संरचना, नीति नियम तथा कार्यशैलीको आधारमा नेफिन र निफ एकअर्कासँग पृथक

---

५७ सन् २००२ अगष्ट ९ का दिन विश्व आदिवासी दिवसको अवसरमा डा. हर्क गुरुङले 'राष्ट्रियताको सन्दर्भमा जनजाति सवाल' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो (विस्तृत जानकारीको लागि हेर्नुहोस् गुरुङ २०६० : ८६-९२) । सोही कार्यपत्रमा निफको प्रतिनिधि बमकुमारी बुढामगरले जनजाति महिलाको हकमा कुरा नउठाइएको टिप्पणी गर्दै भन्नुभएको थियो- "आज महिलाहरूलाई राष्ट्र निर्माणमा सहभागी गराउने चुनौती हाम्रो सामु छ । यसका लागि भनेर प्रतिनिधिसभामा थोरै मात्र अर्थात् प्रतिशत सिट महिलाहरूका लागि भने छुट्याइएको छ । तर यस बारेमा कार्यपत्रमा उल्लेख गरिएको मैले पाइँन, यो एउटा कमजोरी हो" (माबुहाङ २०६० : ९७) । कार्यपत्र प्रस्तुतकर्ता डा. हर्क गुरुङले यही टिप्पणीको प्रतिउत्तरस्वरुप यस्तो अभिव्यक्ति दिनुभएको थियो ।

५८ १४ माघ २०६४ मा गरिएको कुराकानी ।

५९ आ.ज.का दुई महासंघबीचको अन्तरसंघर्षलाई उजागर गरेर आन्तरिक कमजोरीलाई बाहिर ल्याउनु यो लेखको आशय हैन । आ.ज. आन्दोलन र आ.ज. महिला आन्दोलनभित्र रहेको कमजोरीलाई केलाउँनुपर्ने र त्यसप्रति दुबै महासंघ र समग्र आ.ज. समुदायले ध्यान पुऱ्याउनुपर्नेतर्फ खबरदारी गर्नु यसको प्रमुख उद्देश्य हो ।

तथा अलग छैनन् । न त आन्दोलनले उठाउँदै आएको मुद्दा र माग नै फरक छन् । नेफिनले नउठाएको तर उठाउँनै पर्ने आ.ज. महिलाको सवाललाई प्रमुख एजेण्डा बनाएर आ.ज. महिलाहरू संगठित भए । सो संगठनले आ.ज. आन्दोलनलाई धक्का पुऱ्याउन सक्ने तर्कसँगै सृजना भएको विवादले दुई महासंघबीच दुरी पैदा गऱ्यो । जसको प्रत्यक्ष प्रभाव आ.ज. समुदाय तथा आन्दोलनलाई पर्नु स्वभाविक हो । र, खासगरी आ.ज. महिला र उनीहरूकै संगठन बढी मारमा पऱ्यो ।

समग्र आ.ज.को वकालत गर्ने महासंघ हुँदाहुँदै उस्तै प्रकृति र संरचनाको अर्को महासंघको के औचित्य ? निफको उदयसँगै आ.ज. समुदायभित्रै यो प्रश्न उब्जियो । त्यसमा पनि खासगरी संगठित हुन जुटेका आ.ज. महिला तथा उनीहरूले निर्माण गरेको संगठनप्रति यो जिज्ञासा लक्षित थियो । जसको जवाफ आ.ज. आन्दोलनभित्रै भेटिन्छ । आ.ज. आन्दोलनको शुरुआतदेखि आजसम्म आइपुग्दा जातीय सवालकेन्द्रित थुप्रै उपलब्धिहरू भए । तर जातीय मुद्दाभित्रको लैङ्गिक सवाललाई उठाइएन । त्यसैले आ.ज. आन्दोलनद्वारा प्राप्त भएको उपलब्धि आ.ज. महिलाहरूको लागि लाभदायक हुँदाहुँदै न्यायोचित हुन सकेन । विगतमा जनजाति आन्दोलनले जनजाति महिलाको हकमा थोरै भएपनि वकालत गरेको भए बेग्लै संगठनको स्वरुप निर्माण हुने सम्भावना घटेर जान्थ्यो । र, आ.ज. समुदायभित्र रहेको लैङ्गिक विभेद यो तहसम्म पुगेर चर्चा परिचर्चाको विषय बन्ने सम्भावना रहँदैनथ्यो ।

वि.सं. २०४६ पछिको केही समयसम्म जनजाति आन्दोलनलाई 'साम्प्रदायिक', 'पृथकतावादी', र 'अराष्ट्रिय तत्व'को संज्ञा दिइन्थ्यो (भट्टचन सन् २००३) । समान अधिकारको लडाईमा निरन्तर लागि पार्दै आएपछि सो अवस्थामा परिवर्तन हुँदै गयो । यहि अवस्था जनजाति समुदाय पुनः लागू भएको देखिन्छ । आ.ज. महिलाहरूको संगठित आन्दोलनको थालनीले आ.ज. आन्दोलनको पुन मूल्याङ्कन गर्दै आन्दोलनले उठाउँदै आएको मागलाई लैङ्गिक रुपले फराकिलो पार्ने संकेत गरेको थियो । आत्मालोचना गर्ने बाटो दिएको थियो । तर आ.ज. आन्दोलन र समुदायभित्र हावी हुँदै गएको पितृसत्तात्मक प्रवृत्तिले महिलाका स्वतन्त्र संगठन र आन्दोलनलाई सहज रूपमा लिन सकेन । एकातर्फ जातीय आन्दोलन भाँड्ने र अर्कोतर्फ उनीहरू आफैले आवाज उठाउनुपर्ने विरोधाभाषपूर्ण तर्क गर्दै उनीहरू बेग्लै संगठित हुनु र आन्दोलित हुनु उचित नभएको भनाई र बुझाई राख्दै आ.ज. महिलाका सवालबाट पन्छिने गरेको देखियो । चालीसको दशकमा जनजाति आन्दोलनलाई साम्प्रदायिक मानिए झैं आ.ज. महिलाको यो कदमलाई पनि 'आन्दोलनमा बाधा पुऱ्याउने समूह' तथा 'जनजाति पुरुष विरोधी' को रूपमा लिइयो । यही गलत बुझाई या एकात्मक सोचको कारणले आ.ज. महिलाहरूको संगठन निर्माणमा चुनौती खडा हुन पुग्यो । नेपाल शेर्पा महिला संघ गठन गर्ने क्रममा आङदावा शेर्पाको अनुभव एउटा यस्तै उदाहरण हो । उहाँकै भनाईमाः

> जनजाति महिलाको प्रतिनिधित्व गर्ने स्वतन्त्र संगठन बनाउनेतर्फ हाम्रो जोड थियो । त्यसै क्रममा उपत्यकामा रहनुभएका शेर्पा महिलाहरूलाई जम्मा गर्न ट्रिकी तरिका अपनाइयो । शुरुमा शेर्पा संघको महिला विभागको लागि भनेर भेला बोलायौँ र त्यही भेलाद्वारा स्वतन्त्र रूपमा नेपाल शेर्पा महिला संघको गठन गर्‍यौँ । हामीले ट्रिक नअपनाइएको भए हाम्रा कतिपय दिदीबहिनीहरू भेलामा सामेल हुन सक्दैन थिए ।[६०]

आ.ज. महिलाहरू एकजुट हुन थालेपछि आ.ज. समुदाय र आन्दोलनबाट पर्याप्त सहयोग पाउन सकेनन् । त्यस्तो अवस्थामा आ.ज. महिलाहरू आफै सशक्त रूपमा अगाडि आउनुको विकल्प थिएन । र, महिला पुरुष दुबैको सहकार्य र सक्रियताको उत्तिकै खाँचो थियो । आ.ज. महिलाहरू संगठित हुन थाले लगत्तै समाजशास्त्री डा. कृष्णबहादुर भट्टचन लेख्नुहुन्छः

> आदिवासी जनजाति महिलाहरूले आफ्नो आन्दोलनका सवालहरू आफै पहिचान गर्ने, संगठित हुने, चेतना जागरणको अभियान सञ्चालन गर्ने, अधिवेशन गर्ने, प्रशिक्षण दिने, अनुसन्धान गर्ने र सामाजिक परिचालन गर्ने कामहरू शुरु गर्दै तीव्रता दिनु आवश्यक छ । साथै, बाहुन क्षेत्री महिलाहरू र बाहुनवादका शिकार भएका महिलाहरूले उठाएका सवालहरूलाई गहन र सूक्ष्म रूपमा अध्ययन र छलफल गरेर एउटा निश्चित धारणा बनाउनु पनि उत्तिकै आवश्यक छ । आदिवासी जनजाति महिला आन्दोलनको एउटा महत्त्वपूर्ण पक्ष आदिवासी जनजाति महिला भएर पनि आदिवासी जनजातिका सवालहरूमा संवेदनशील हुन नसकेकाहरूमा संवेदनशीलता जगाउन एउटा अभियान चलाउनुपर्दछ । यसै क्रममा हालै स्टेला तामाङ, डा. चुन्दा बज्रचार्य, यशो कान्ति भट्टचन (गौचन), हेमा पुन र रीता घले (गुरुङ) मिलेर शुरु गरेका जनजाति महिला राष्ट्रिय तदर्थ समिति, नेपालले नेपाल जनजाति महासंघसँग आबद्ध सबै आदिवासी जनजाति संगठनका महिलाहरूलाई एकै सुत्रमा बाँधेर आफ्ना हक र अधिकारप्राप्तिका लागि गरेको प्रयास सकारात्मक छ । उक्त समितिलाई सम्पूर्ण आदिवासी जनजाति महिलाहरूले सक्रिय रूपमा भाग लिएर पुरुषहरूले आफूले सक्दो सहयोग र योगदान दिनु आवश्यक छ (भट्टचन २०६०क : ३०७) ।

आ.ज. महिलाहरू आफ्नो अधिकारको लडाईमा सक्रिय रूपमा अघि बढ्दै अन्य समुदायका महिलाहरूसँग प्रतिस्पर्धा गर्न र अधिकार लिन तयार हुनुपर्ने, र त्यसमा आ.ज. पुरुषहरूले पनि साथ दिनैपर्नेतर्फ डा. भट्टचनको विचार केन्द्रित देखिन्छ । साथै आ.ज. आन्दोलनतर्फ आ.ज. महिलाहरूलाई संवेदनशील बनाउनुपर्ने आग्रह पनि देखिन्छ । यस आधारमा पनि आ.ज. आन्दोलनकै अंश आ.ज. महिला आन्दोलन हो भन्ने बुझिन्छ ।

निफको स्थापनापश्चात् नेफिनसँग समन्वय र सहकार्य गर्ने क्रममा सांगठनिक हैसियतको कुरा अगाडि आयो । निफले सिर्फ आ.ज. महिलालाई समेट्ने तर नेफिनले

६० १२ मंसीर २०६४ मा गरिएको कुराकानी ।

सम्पूर्ण आ.ज. समुदायलाई समेट्ने तर्कको आधारमा निफ नेफिनको भगिनी संगठन बन्नुपर्ने मत-मतान्तर सृजना हुन पुग्यो । आ.ज.हरूको लागि दुबै महासंघ समानान्तर संगठन हुन् भन्ने मान्यता बोकेर निफ अगाडि बढ्न थाल्यो । त्यसपछि आ.ज. समुदायकै लागि खटेका दुई महासंघ आ-आफ्नै ढंगमा अघि बढ्न थाले । त्यस क्रममा आ.ज. आन्दोलन र नेफिनले आ.ज. महिलाहरूको पहिचान र हकहितको सवाललाई ख्याल गरेन । न त ख्याल गर्नुपर्ने बाध्यता नै रह्यो । त्यस्तो अवस्थामा नेफिनको सचिवालयको बैठकमा राखेको प्रस्तावलाई बेवास्ता गरिएको घटना आङदावा शेर्पा सुनाउँनुहुन्छः

> स्व. डा. हर्क गुरुङसहितको आदिवासी जनजाति महासंघको सचिवालयको बैठकमा महिला महासंघको प्रतिनिधिलाई प्रत्येक कार्यक्रम र बैठकमा सहभागी गराउनुपर्ने प्रस्ताव राखेँ । 'किन बोलाउँने?' भन्ने धेरैको प्रतिप्रश्न थियो । यसबारेमा निकैबेर विवाद चल्यो । तर 'छाड्दिउँ यी छिछिमिरा आइमाइको कुरा पनि सुन्ने हो' भन्दै जिम्मेवार व्यक्ति फाइल बोकेर हिड्नुभयो ।[६१]

निफ र नेफिनबीचको असमझदारिताको अवस्था केही समयसम्म टिकीरह्यो । जसको प्रभावले गर्दा आ.ज.का अन्य संघ/संगठनहरूसँग पनि निफको समन्वय हुन सकेन (जस्तैः *नेपाल आदिवासी/जनजाति पत्रकार संघ* (अनिज[६२]) र निफको सम्बन्ध । उक्त समयमा निफ र अनिजबीच न समन्वय हुन सकेको थियो न सहकार्य नै) । जतिपनि जातीय संघसंगठनहरू छन्, प्रायजसोमा हिन्दू संस्कारद्वारा आक्रान्त पुरुषवादी सोच हाबी भएकोले त्यसो हुन गएको आ.ज. समुदायको अभिव्यक्ति/दाबी रहेको पाइन्छ । शुरुआतको समयमा जातीय महिला संगठन बनाउन केही अप्ठ्यारो परेपनि बिस्तारै बिस्तारै सो अवस्था परिवर्तन हुँदै गयो । र, सहज ढंगले थप जातीय महिलाका संगठन बन्दै गयो । देशमा चलिरहेको राजनैतिक अस्थिरतासँगै आन्दोलनको गति र आन्दोलनकर्मीहरूको अनेकौं समूहको जन्मले पनि आ.ज. महिलाहरूलाई सघाउ पुगेको देखिन्छ ।

पछिल्लो (२०६२/०६३) ऐतिहासिक जनआन्दोलनपश्चात् विभिन्न आन्दोलनरत समूहहरू स्वतन्त्र रूपमा देखा पर्न थाले । नयाँ नयाँ मुद्दा र मागसहित अगाडि आएका विभिन्न समूहहरूले प्रतिनिधित्व र समावेशीकरणतर्फ बढी जोड दिन थाले । र,

---

६१ १२ मंसीर २०६४ मा गरिएको कुराकानी ।

६२ पत्रकारिता क्षेत्रमा क्रियाशील आ.ज. समुदायका व्यक्तिहरूलाई एक सूत्रमा आबद्ध गर्दै व्यावसायिक नेतृत्व प्रदान गर्ने उद्देश्यले वि.सं. २०५६ मा स्थापना भएको हो- अनिज । अनिजले आदिवासी जनजातिसम्बन्धी अध्ययन/अनुसन्धान, लेखन र प्रकाशन गर्ने र उनीहरूको सवाललाई विभिन्न ढंगले राष्ट्रिय अन्तर्राष्ट्रियकरण गर्न मद्दत पुऱ्याइरहेको छ (अनिजको थप चिनारीको लागि हेर्नुहोस्, अनिज न्यूज डेस्क २०५८ : ३३२-३३३) । आ.ज.का अन्य संगठनहरू सरह अनिजमा पनि आ.ज. महिलाको सहभागिता न्यून नै रहेको छ ।

आन्दोलनरत समूहहरूबीच साझा एजेण्डा तयार गरी सहकार्य गर्दै अघि बढेमा प्रभावकारी दबाब सृजना हुन सक्ने सम्भावनातर्फ केन्द्रित हुन थाले । त्यसपश्चात् फरक फरक समूहहरूबीचमा वैचारिक समझदारिता र साझा एजेण्डा निर्माण गरी सहअस्तित्वको आधारमा सहकार्यको थालनी हुन पुग्यो । त्यही माहोलमा आन्दोलित हुँदै दुई महासंघ र अन्य जनजातीय संगठनहरूबीच पनि निफको सहकार्यको थालनी भयो । लामो समयपछि पछिल्लो जनआन्दोलन (२०६२/६३) पश्चात् निफ र नेफिनबीच वैचारिक रूपमा सहकार्य र समर्थनको शुरुआत हुन पुग्यो । त्यसपश्चात् आ.ज.का अन्य संगठनहरूसँग पनि बिस्तारै बिस्तारै समन्वय र सहकार्य हुने क्रम बढ्न थाल्यो । जस्तैः नेफिन, नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, अनिज र निफको सहआयोजनामा उपत्यका तथा उपत्यकाबाहिरका विभिन्न एफएमहरूबाट *आदिवासी जनजातिको आवाज*[६३] नामक साप्ताहिक रेडियो कार्यक्रम प्रसारण भएको थियो ( जनजाति महिला महासंघ सन् २००७) ।

निफ र आ.ज. महिलाका आन्दोलनमा नेफिनले वैचारिक समर्थन जनाउँन थालेपछि एकआपसको समन्वयात्मक सम्बन्धमा क्रमिक रूपमा सुधार आएको छ । विश्व आदिवासी दिवस २००८ (अगस्त ९) मा आ.ज. महिला पुरुष दुवैको तर्फबाट १९ बुँदे घोषणापत्र जारी गरेको छ । जसमा आ.ज. महिलाहरूले भोग्दै आएको तेहेरो विभेदको स्मरण गर्दै, आ.ज. महिला पुरुषमा राज्य संरचनाले पारेको असरबारे स्मरण गर्दै र आ.ज. आन्दोलनले उठाउनुपर्ने मुद्दाप्रति सचेत बन्दै पहिलोपल्ट नेफिनले जातीय र लिङ्गीय दुबै पाटोको प्रतिनिधित्व देखाएको छ (जनजाति महासंघ २०६५ख, हेर्नुहोस् अनुसूचि ३) ।[६४]

जनआन्दोलनपश्चात् सुध्रिदै गएको दुई महासंघबीचको सम्बन्ध आ.ज. आन्दोलन, आ.ज. महिला तथा सम्पूर्ण आ.ज. समुदायको हकमा सकारात्मक कदम हो । सहकार्य निरन्तर र अझै बलियो हुँदै गएमा आ.ज. महिलाका हक अधिकार सुनिश्चित गर्ने काममा सम्बन्धित निकायलाई दबाब दिन ठूलो मद्दत पुग्नेछ । साथै, आ.ज. आन्दोलनमा आ.ज. महिलाको सहभागिता र संवेदनशीलता पनि बढ्दै जाने सम्भावना देखिन्छ । यद्यपि यो सहकार्य निरन्तर रूपमा बढाउँदै लैजान निफ र नेफिनले

---

६३ ३७ भागसम्म प्रसारण भएको सो कार्यक्रम हाल बन्द भइसकेको छ । सो कार्यक्रम देशको विभिन्न भागबाट सञ्चालित १४ वटा एफएमहरूबाट एकैपल्ट प्रसारण गरिएको थियो । अनिजका प्रतिनिधि राजकुमार दिक्पालका अनुसार थोरै पैसामा प्रसारण गरिदिएकोले कम्युनिकेशन कर्नर पनि सो कार्यक्रममको सहआयोजक रहेको थियो (१२ भदौ २०६५ मा गरिएको कुराकानी) ।

६४ २५ साउन २०६१ मा सम्पूर्ण आ.ज.हरूको तर्फबाट नेफिनले जारी गरेको ३२ बुँदे 'आदिवासी जनजाति घोषणापत्र २०६१' मा आ.ज. महिलाको हकमा एउटा बुँदा समावेश गरिएको छ । सो घोषणापत्रको बुँदा नम्बर १७ मा 'आदिवासी जनजाति महिलाहरूप्रतिको सम्पूर्ण भेदभाव, उपेक्षा र उत्पीडनको अन्त्य गरी नीति निर्माण लगायत सबै अवसरमा समुचित प्रतिनिधित्व र सहभागिताको सुनिश्चितता हुनुपर्ने' भनी उल्लेख गरिएको छ (जनजाति महासंघ सन् २००४ : ७५-७७) ।

आ-आफ्नो सांगठनिक अस्तित्व र भूमिकासहित आन्तरिक रूपमा लैङ्गिक समानतातर्फ पनि थप स्पष्ट धारणा बनाउनुपर्ने देखिन्छ ।

अहिलेको अवस्थामा यिनीहरूबीचमा उब्जिएको अन्यौलता र खाडललाई चिर्न यो सहकार्य मात्रै पर्याप्त छैन । एकअर्काको कामकाज र कार्यक्रमबारेको जानकारी, माग र आन्दोलनबारेको जानकारी साटासाट गर्ने कुरामा अहिलेसम्मको सहकार्य केन्द्रित रहेको देखिन्छ । त्यसबाहेक निफ, आ.ज. महिला आन्दोलन, नेफिन, आ.ज. आन्दोलनबीचको आपसी सम्बन्ध अनि मूलधारको महिला आन्दोलनमा दबाब दिने कुरासमेत सहकार्यसँग उत्तिकै सरोकार राख्ने विषय हुन् । आ.ज. महिला आन्दोलनले आ.ज. आन्दोलन र नेफिनसँग अधिकार दाबी गर्दा आ.ज. महिला आन्दोलनले अपनाउने कडीले आगामी दिशा तय गर्नुपर्ने देखिन्छ । निफले बनाएको खाकाको आधारमा आफ्नो सांगठनिक अस्तित्व, स्थान, भूमिका र सक्रियताका साथै मूल्याङ्कन गर्ने स्थान निर्माण हुनसक्ने सम्भावना देखिन्छ ।

निफ हुँदाहुँदै नेफिनले बोल्दा निफको भूमिका र आवाज उठाउने अधिकार खोसिने, आ.ज. पुरुषले आ.ज. महिलाका बारेमा बोल्दाखेरी आ.ज. महिलाको बोल्ने अधिकार खोसिने (कु)तर्क दिँदै मौन रहने प्रवृत्तिमा परिर्वतन भइरहेको छ । तैपनि स्वतन्त्र संगठनको रूपमा निफ अगाडि आएको भएपनि सनातन परम्पराअनुरुप परिवारको रेखदेख गर्ने दाजुको हैसियत नेफिनले छाड्न सकेको छैन । अझैपनि निफ आफ्नो मातहतमा रही काम गरोस् भन्ने नेफिनको भित्री आशय नहटेको स्टेला तामाङको भनाईले[६५] पनि यी दुई महासंघबीचको अन्तरसंघर्षको यथास्थितिको अवस्थालाई पुष्टि गर्छ । हुन त यसबारे निफ र आन्दोलित आ.ज. महिलाहरू जानकार नभएका होइनन् । र, उनीहरू स्वतन्त्र रूपमा हिड्न सक्ने हैसियत बनाउन प्रयासरत पनि देखिन्छन् । तैपनि नेफिनसँग कुन आधारमा, कुन हैसियत र क्षमताको भरमा कतिसम्म सहकार्य गर्ने या नगर्ने भन्ने निर्णय गर्न कतिञ्जेल कुर्नुपर्ने हो ठेगान छैन ।

## निष्कर्ष

आफ्नो गुमेको पहिचान खोज्ने क्रममा आ.ज. महिला र उनीहरूको आन्दोलनले सांगठनिक रुप धारण गरेको छ । निफमार्फत संगठित हुने क्रममै धेरैजसो आ.ज. महिलाहरू आफ्नो पहिचान र अधिकारप्रति सचेत र जानकार हुन पुगे । विभिन्न ठाउँमा फरक फरक अवस्थामा छरिएर रहेका आ.ज. महिलाहरूबीच एक प्रकारको सञ्जाल निर्माण भएको छ । सोही सञ्जालमार्फत आ.ज. महिलाका आन्दोलनमा एकबद्ध हुन सघाउ पुगेको छ । आन्दोलनको स्वरुप फितलो देखिएपनि आ.ज. महिलाका पक्षमा केही हदसम्म सकारात्मक परिवर्तनहरू भएका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा आ.ज.

---

६५ २५ पुस २०६४ मा गरिएको कुराकानी ।

महिलाको पहिचान फैलिएको छ । उनीहरूको सामाजिक-सांस्कृतिक- भाषिकलगायका पक्षमा राज्य पक्ष तथा स्वयं आ.ज.को पक्षबाट बिस्तारै सुधार भइरहेको छ । एकातिर आ.ज. समुदाय र आन्दोलनभित्र आ.ज. महिलाका बारेमा पनि सोच्नुपर्ने स्थिति आइसकेकोबारे सजग हुन थालेको देखिन्छ । अर्कोतिर अन्य नेपाली महिलाका समुदाय तथा आन्दोलनले पनि आ.ज. महिलाको प्रतिनिधित्वको सवालमा चासो दिन थालेको देखिन्छ ।

यति हुँदाहुँदै पनि निफ र आ.ज. महिला आन्दोलनले धेरै कुरामा ध्यान पुऱ्याउनुपर्ने स्थिति यथावत छ । आ.ज. महिलाका सन्दर्भमा हासिल भएका कतिपय उपलब्धीहरू आ.ज. महिला आन्दोलनको आफ्नै कमाई हैन । ऐतिहासिक रूपमा वञ्चितिकरणमा परेका समुदायहरूको समानता प्राप्तिका निम्ति लगातार संघर्षको नजितास्वरुप धेरैजसो उपलब्धि हासिल भएको देखिन्छ । निफले आ.ज. महिलाका हकमा आवाज उठाउने कामको थालनी गऱ्यो । उनीहरूलाई प्रक्रियाबद्ध ढंगले संगठित र एकबद्ध बनायो । र, राज्य तथा सम्बन्धित निकायसमक्ष अधिकार र प्रतिनिधित्वको दाबी गर्दै माग अगाडि साऱ्यो । तर आन्दोलनको अगुवाई गर्ने क्रममा मुख्य 'गुदी', स्पष्ट खाका र कार्ययोजनाको तड्कारो अभाव रहेको देखिन्छ । व्यवस्थित र स्पष्ट एजेण्डाको अभावले आन्दोलनलाई खकुलो बनाइदियो । र, अगाडि सारिएको माग र सवालहरू छरपष्ट हुन पुग्यो । निफ र आ.ज. महिला आन्दोलनको मुख्य कमजोरी यहीँनेर देखिन्छ । आन्दोलनसम्बन्धी स्पष्ट खाकाको अभाव हुनु, नेतृत्वको कमी हुनु, सम्बन्धित ठाउँमा पर्याप्त दबाब दिन नसक्नु, तत्कालीन तथा दीर्घकालीन नीति तय हुन नसक्नु जस्ता आन्दोलनको आफ्नै कमजोरी छँदैछ । त्यसमाथि आ.ज. आन्दोलनको पुरुषवादी चरित्र र मुलधारको महिला आन्दोलनको एकलकाँटे चरित्र पनि उत्तिकै भागीदार रहेको अनुमान लगाउन कठिन छैन । सचेत र सशक्तीकरण हुने प्रक्रिया छिचोलिनसकेका आ.ज. महिलाका आन्दोलन सशक्त र जुझारु प्रवृत्तिको हैन भलाद्मी र शान्त प्रवृत्तिको देखिन्छ । यही ढाँचामा आन्दोलन रहिरहने हो भने आ.ज. महिलाका पक्षमा कहिले र कस्तो खालको परिवर्तन आउँला भनेर अनुमान लगाउन सजिलो देखिँदैन ।

जातीय र लिङ्गीय सवालको सेरोफेरोमा आ.ज. महिला आन्दोलन केन्द्रित छ । जातीय सवालले सांस्कृतिक, भाषिक, सामाजिक लगायतका पक्षमा बढी महत्त्व दिन्छ । जातीय आन्दोलनको सन्दर्भमा सांस्कृतिक भिन्नतासहितको पहिचानयुक्त समानताको पक्षमा लड्दै आएका आ.ज. समुदायभित्रको विविधता (विविध जाति, जातिगत भाषा, जातिगत संस्कृतिलगायतका पक्ष) अति नै महत्त्वपूर्ण कुरा हो । आ.ज. महिला आन्दोलनको लागि पनि यही कुरा उत्तिकै सान्दर्भिक हुने देखिन्छ । विविध जाति, भाषा, संस्कृतियुक्त जनजाति महिलाको प्रतिनिधित्व गर्न सकेमा, विविधतामा एकता मात्रै हैन एकतामा विविधताको पक्षलाई पनि ध्यान दिन सकेमा आ.ज. महिला आन्दोलन सशक्त

हुने देखिन्छ । साथै, कमजोर र अल्पसंख्यक अवस्थामा रहेका आ.ज. महिलाहरूको संरक्षण गर्नु र सचेत बनाउनु पनि आवश्यक देखिन्छ ।

जातीय संगठनभित्र रहेको लैङ्गिक असमानता र मूलधारे महिला आन्दोलनबाट बाहिरिएको अवस्था उक्त संगठनहरूको संरचनासँग पनि गाँसिएको कुरा हो । आ.ज. महिलाहरूले संरचनागत तहबाटै प्रतिनिधित्व र उल्लेख्य सहभागिताको पहल गर्न सकेमा उनीहरूको आवाज उठ्ने सम्भावना बढेर जाने देखिन्छ । जस्तैः नेफिन र यसका सदस्य संगठनहरूमा सशक्त र धेरै भन्दा धेरै महिला संलग्नता गराउन पहल गर्ने । त्यसो गरिएको खण्डमा नेतृत्व पंक्तिमा आ.ज. महिलाको स्थान सुनिश्चित गर्न सहज हुने र आ.ज. महिलाका पक्षबाट आवाज उठ्न सक्ने सम्भावना रहन्छ । साथै आ.ज. आन्दोलनमा महिला सहभागिता पनि बढ्न पुग्छ । मूलधारे महिला आन्दोलन र आ.ज. महिलाको सन्दर्भमा पनि यही कुरा लागू हुन सक्छ । यद्यपि यी दुई भिन्न पृष्ठभूमि र सवाल बोकेको आन्दोलनमा उनीहरूले फरक किसिमले आफ्ना सवाल उठान गर्नुपर्ने हुन सक्छ ।

अहिले देशमा चौतर्फी रूपमा समावेशीकरण र प्रतिनिधित्वको बहस चलिरहेको छ । र, संविधान निर्माणको संघारमा उभिएको जटिल अवस्था पनि छ । यस्तो अवस्थामा आ.ज. महिलाहरू संगठित र सचेत भई अगाडि आउनु समय सापेक्ष र सान्दर्भिक छ । र, आ.ज. महिलाका सवाल र समस्या स्थानीय तहदेखि राष्ट्रिय/अन्तर्राष्ट्रिय तहसम्म पुगी छलफल र चर्चाको विषय बन्नु आश्चर्यजनक कुरा रहेन । आ.ज. आन्दोलन तथा आ.ज. समुदायभित्र रहेको लैङ्गिक विभेद र मूलधारको महिला आन्दोलनको एकांकीपनाको स्थिति परिवर्तन गर्ने प्रयास गर्नु पनि नौलो कुरा लाग्दैन । तैपनि लामो पृष्ठभूमिसहितको आ.ज. आन्दोलन र मूलधारे महिला आन्दोलनको उचाई र उपलब्धि अगाडि आ.ज. महिलाहरूको पोल्टो हलुकै देखिन्छ ।

आ.ज. समुदायको सन्दर्भमा, यो अध्ययनले आ.ज. समुदाय तथा आ.ज. आन्दोलनले समतामूलक समुदायको बिल्ला भिरेर गर्ने गरेको गर्वमाथि लैङ्गिक पाटोबाट पुनः एकपल्ट घोत्लिनैपर्ने ठाउँ दिएको छ । पारिवारिक, सांस्कृतिक समानता र स्वतन्त्रताभन्दा बाहेक अन्य क्षेत्र तथा परिवेशमा आ.ज. महिलाको अवस्थाप्रति मनन गर्नुपर्ने ठाउँ दिएको छ । समग्र नेपाली महिलाको पाटोबाट हेर्दाखेरी, आ.ज. महिलालगायत अन्य समुदायका महिलाहरूको आवाज मुखरित हुँदा 'नेपाली महिला'को पुनर्परिभाषित र पुनर्पहिचान गर्नुपर्नेतर्फ जोड दिएको छ ।

## धन्यवाद

यस अध्ययनको क्रम (२०६४ असोजदेखि २०६५ भदौ) मा आ.ज./महिला आन्दोलन, मूलधारको महिला आन्दोलनसँग प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सरोकार राख्ने थुप्रै व्यक्तिहरूसँग कुराकानी गरियो । उहाँहरूको विचार, विश्लेषण तथा जानकारीमार्फत

आदिवासी जनजाति/महिला आन्दोलनबारे बुझ्ने राम्रो मौका मिल्यो । त्यसको लागि उहाँहरू सम्पूर्ण लगायत विभिन्न संघ संगठनप्रति अनुगृहित छु । अध्ययन/अनुसन्धान तथा लेखन परिमार्जनको लागि चरणबद्ध रूपमा खँदिलो सल्लाह/सुझाव दिनुहुने सेरा तामाङ र प्रत्यूष वन्त, लेखनको क्रममा पढेर सल्लाह दिनुहुने अनुभव अजीत, पूर्ण बस्नेत र शेखर पराजुलीप्रति आभार व्यक्त गर्दछु ।

## सन्दर्भ सूचि

अनिज न्यूज डेस्क । २०५८ । नेपाल आदिवासी/जनजाति पत्रकार संघः एक चिनारी । *छापामा जनजाति* । प्रत्यूष वन्त, कुमार यात्रु र भास्कर गौतम, सं., पृ.३३२-३३३ । काठमाडौँः एकता बुक्स ।

ओझा, घनानाथ । २०५६ । *नेपालमा महिला* । काठमाडौँः पैरवी बुक्स एण्ड स्टेशनरी सेन्टर ।

गुरुङ, ओम । सन् २००४ । विश्व आदिवासी दशकको समीक्षा । *विश्व आदिवासी दिवस २००४ विशेषाङ्क* । डा. ओम गुरुङ, इन्द्र तामाङ, भक्त योञ्जन, सं., पृ. ९-१७ । ललितपुरः नेपाल आदिवासी जनजाति महासंघ ।

गुरुङ, रैनु कुमारी । २०६५ । दैनिक पत्रिकाहरूमा नेपाली महिलाहरूको स्थितिः दलित, आदिवासी जनजाति तथा खस महिलाहरूबीचको तुलनात्मक अध्ययन । अप्रकाशित प्रतिवेदन, मार्टिन चौतारी, काठमाडौँ ।

गुरुङ, हर्क । २०६० । राष्ट्रियताको सन्दर्भमा जनजाति सवाल । *विश्व आदिवासी दिवस अगस्त ९, २००२ प्रतिवेदन* । बालकृष्ण माबुहाङ, सं., पृ. ८६-९२ । काठमाडौँः नेपाल आदिवासी जनजाति महासंघ, संघीय परिषद् ।

गुरुङ, हर्क । सन् २००४ । राष्ट्रियता र जनजाति । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । मेरी डेशेन र प्रत्यूष वन्त, सं., पृ. ४१८-४४६ । ललितपुरः सोसल साइन्स बहाः ।

गुरुङ, हर्क र अरूहरू । सन् २००० । *जनजाति विकासको जुक्ति* । काठमाडौँः जनजाति विकास-समन्वय केन्द्र ।

तामाङ, पर्शुराम । २०६५ । महिला र राज्य पुनःसंरचना । *हाम्रो नेपालः सङ्घीय लोकतान्त्रिक गणतन्त्र (अल्पसंख्यकको संरक्षण, जातीय स्वशासन, क्षेत्रीय स्वायत्तता र साझा शासनसम्बन्धी दृष्टि र संरचना)* । पृ. ३१२-३२३ । काठमाडौँः मूल्याङ्कन प्रकाशन गृह ।

तामाङ, सेरा । सन् २००४ । नेपालमा नारीवाद । *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* । मेरी डेशेन र प्रत्यूष वन्त, सं., पृ. ५२२-५५७ । ललितपुरः सोसल साइन्स बहाः ।

थेबे, अमृता । २०६५ । राज्यको पुनःसंरचनामा आदिवासी जनजाति महिलाको सवाल । *पालाम मासिक* १६: २४-२५ ।

नयाँ पत्रिका । २०६४ । रामचन्द्रको कसरत खोलामा । कार्तिक २७: १, १५ ।

नेपाल आदिवासी जनजाति महासंघ । सन् २००४ । आदिवासी जनजातिका घोषणापत्र २०६१ । *विश्व आदिवासी दिवस २००४ विशेषाङ्क* । बालकृष्ण माबुहाङ, सं., पृ. ७५-७७ । ललितपुरः नेपाल जनजाति महासंघ, संघीय परिषद् ।

नेपाल आदिवासी जनजाति महासंघ । २०६३ । *नेपाल आदिवासी जनजाति महासंघको विधान* २०६३ । ललितपुरः नेपाल आदिवासी जनजाति महासंघ ।

नेपाल आदिवासी जनजाति महासंघ । २०६५क । *सशक्तिकरण सन्देश* ३(२) ।

नेपाल आदिवासी जनजाति महासंघ । २०६५ख । विश्व आदिवासी दिवस अगस्ट ९, २००८, नेपाल आदिवासी जनजाति महासंघ काठमाडौँ घोषणापत्र । *सशक्तिकरण सन्देश* ३(३): ४-६ ।

भट्टचन, कृष्ण । सन् २००४ । नेपालका आदिवासी जनजाति आन्दोलनको समीक्षाः विश्व आदिवासी वर्षदेखि दशकको अन्तसम्म । *विश्व आदिवासी दिवस- २००४ विशेषाङ्क* । डा. ओम गुरुङ, इन्द्र तामाङ, भक्त योञ्जन, सं., पृ.१८-२५ । ललितपुरः नेपाल आदिवासी जनजाति महासंघ ।

भट्टचन, कृष्णबहादुर । २०६०क । के नेपालका आदिवासी जनजाति महिलाहरू संगठित हुन आवश्यक छ ? *छापामा जातीय मुक्ति आन्दोलन भाग १* । बालकृष्ण काउछामगर, सं., पृ.३०३-३०७ । काठमाडौँ : जनजाति मञ्च ।

भट्टचन, कृष्णबहादुर । २०६०ख । नेपालमा जनजातीय आन्दोलन र त्यसको दिशा । *छापामा जातीय मुक्ति आन्दोलन भाग १* । बालकृष्ण काउछामगर, सं., पृ.७१-७८ । काठमाडौँः जनजाति मञ्च ।

भट्टचन, यशोकान्ति । २०५८ । नेपालमा महिला विकासको लैङ्गिक अवधारणा र आदिवासी जनजाति महिलाको स्थान । *छापामा जनजाति* । प्रत्यूष वन्त, कुमार यात्रु र भास्कर गौतम, सं., पृ.१३४-१४१ । काठमाडौँ : एकता बुक्स ।

माबुहाङ, बालकृष्ण, सं. । २०६० । *विश्व आदिवासी दिवस अगस्त ९, २००२ प्रतिवेदन* । काठमाडौँः नेपाल जनजाति महासंघ, संघीय परिषद् ।

माबुहाङ, बालकृष्ण । २०६१ । आदिवासी जनजाति आन्दोलनमा विश्व आदिवासी दसकः सन् १९९५-२००४ उपलब्धी, समस्या र चुनौतीहरू । *विश्व आदिवासी दसकः उपलब्धि, समस्या र समाधानका उपायहरू* । चुन बहादुर गुरुङ र रामकुमार मादेन, सं., पृ.२२-५३ । ललितपुरः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

यमी, हिसिला । २०६५ । अमेरिकामा भन्दा नेपालका महिला अगाडि । *मूल्याङ्कन* १६२ः १४ ।

योञ्जन-तामाङ, अमृत । २०६३ । *नेपालका भाषाहरूको पहिचान, वर्तमान स्थिति र भाषाविकास योजना* । काठमाडौँ : आदिवासी भाषा विज्ञान समाज ।

रानामगर, संगिनी । २०५८ । जनजाति महिला र आन्दोलनको बाटो । *छापामा जनजाति* । प्रत्यूष वन्त, कुमार यात्रु र भास्कर गौतम, सं., पृ. १५६-१५८ । काठमाडौँ : एकता बुक्स ।

रानामगर, संगिनी । २०६० । नेपालमा महिला आन्दोलन र जनजाति महिलाहरू । *छापामा जातीय मुक्ति आन्दोलन भाग १* । बालकृष्ण काउछा मगर, सं., पृ. ३०८-३११ । काठमाडौँ : जनजाति मञ्च ।

राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च । २०६४ । *संविधानसभा र आदिवासी जनजाति महिला अधिकारसम्बन्धी कानूनी जानकारी निर्देशिका* । काठमाडौँ : राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च ।

विश्व बैंक/डी.एफ.आइ.डी. । सन् २००६ । *छोटा नागरिक बडा नागरिक: नेपालमा महिला, दलित र जनजातिको वञ्चितीकरण सारांश* । काठमाडौँ: विश्व बैंक र बेलायती अन्तर्राष्ट्रिय विकास मन्त्रालय (डी.एफ.आई.डी) नेपाल ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय । २०६४ । *सरकारी वार्ता टोली र विभिन्न समूहहरूबीच भएका सहमति/सम्झौताहरूको कार्यान्वयन स्थिति* । काठमाडौँ: नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सिंहदरबार ।

शिल्पकार, शुभराज । २०६४ । आमसञ्चार माध्यममा आदिवासी जनजातिका मुद्दा । स्नातकोत्तर शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

शेरचन, संजय । सन् २००४ । *नेपाली राज्य र आदिवासी जनजाति* । काठमाडौँ: पसरिहा गरयोबा ।

सुब्बा, दिलेन्द्र । २०५८ । नेपालमा जातीय आन्दोलन र जनजाति महासंघको भूमिका । *छापामा जनजाति* । प्रत्यूष वन्त, कुमार यात्रु र भास्कर गौतम, सं., पृ.४९६-४९९ । काठमाडौँ: एकता बुक्स ।

सोब, दुर्गा । २०६३ । नेपालमा महिला आन्दोलन र दलित महिला । *नेपालमा दलित महिला* । पृ. १-१६ । ललितपुर: दलित महिला संघ ।

Bhattachan, Krishna B. 2003. Indigenous Nationalities and Minorities of Nepal. Report Submitted to Minority Rights Group International, London. Unpublished ms.

Des Chene, Mary. 1996. Ethnography in the *Janajati-Yug*: Lessons from Reading *Rodhi* and other Tamu Writings. *Studies in Nepali History and Society* 1(1): 97-161.

Hangen, Susan. 2007. *Creating a "New Nepal": The Ethnic Dimension*. Wasington D.C.: East-West Center.

Kantipuronline.com. 2007. Jātīya Saṁsthāharūko Samajhdārī. Available at: http://www.kantipuronline.com/forward. php?nid= 103780. Accessed on 10 April 2008.

Kirat, Jitpal, Shasi Shekhar Shrestha, Chhabi Prasad Subba, Harka Gurung (resource person). 2007. Review of Programmes for Development: Indigenous People in Nepal. Report submitted to Janajati Empowerment Project (JEP), Nepal Federation of Indigenous Nationalities (NEFIN) by Centre for Ethnic Studies and Development. Unpublished ms.

National Indigenous Women's Federation (NIWF). 2007. National Indigenous Women's Federation, Inclusion and Empowerment of Janajati Women Project. Annual Progress Report 1 January to 31 December. Submitted to Danida/HUGOU. Unpublished ms.

National Indigenous Women Federation. ND. Issues/Problems of Adibasi Janajati Women. Available at: http://www.niwf.org.np/intro.php. Accessed on 19 March 2008.

National Indigenous Women's Federation. ND. NIWF Activities on Indigenous Women's Interests. Available at: http://www.niwf.org.np/notice/NIWF%

20ACTVITIES%200N%20INDIGENOUS%26WOMEN.pdf. Accessed on 19 March 2008.

Onta, Pratyoush. 2006. The Growth of the Adivasi Janajati Movement in Nepal after 1990: the non political institutional agents. *Studies in Nepali History and Society* 11(2): 303-354.

Rai, Shambhu. 2006. Management Audit and Institutional Capacity Assessment Report of the Indigenous People's Organizations of Nepal. Report submitted to JEP/NEFIN. Unpublished ms.

Rai, Vishnu S. 2005. Endangered Language, Moribund Language and Killer Language. In *Contemporary Issues in Nepalese Linguistics.* Yogendra Yadava, Govinda Bhattarai, Ram Raj Lohani, Balaram Prasain and Krishna Parajuli, eds., pp. 531-539. Kathmandu: Linguistics Society of Nepal.

Tamang, Stella. 2004. Indigenous Women Movement and National Indigenous Women Federation: Challanges and Opportunities. Paper abstract. presented at the Sixth Anniversary Celebration of National Indigenous Women's Federation, 22-23 June 2004, Kathmandu. Unpublished ms.

## अनुसूचिहरू

### अनुसूचि १ : २४ फागनु २०६३ मा प्रधानमन्त्री तथा सभामुख समक्ष पेश गरिएको ज्ञापन पत्र[६६]

नेपालको इतिहासमा आदिवासी जनजाति महिलाहरूले राष्ट्र विकास र निर्माणमा योगदान र बलिदान दिँदै आइरहेका छन् । सन् २००१ को जनगणनाअनुसार नेपालको कूल जनसंख्या २३१५१४२३ मध्ये आधाभन्दा बढी अर्थात् ११५८७५०२ संख्या (५०.४%) महिलाहरूको रहेको छ । जसमा महिलाहरूको जनसंख्या ११५८७५०२ संख्या (५०.४%) मध्ये आदिवासी जनजाति महिलाहरूको जनसंख्या ४३४५३१४ (३७.५%) रहेको छ । यी अल्प अस्तित्व स्वीकार नगरेर (३७.५%) आदिवासी जनजाति महिलाहरूको परिचयलाई राज्यले नीति निर्माणमा उपेक्षित गरी नेपाली महिलाभित्र गाभ्दै आइरहेको र उनीहरूको अस्तित्वलाई स्वीकार नगरिएको सत्य, तथ्य सर्वविदितै छ । साथै राष्ट्र विकासको मूल प्रवाहमा समाहित हुनबाट वञ्चित गराइएको छ । ३७.५% आदिवासी जनजाति महिलाहरू सिमान्तीकृत हुँदै मूल प्रवाहबाट बहिष्कृत भइरहेका छन् । जसको कारण आदिवासी महिलाहरू तेहेरो विभेद (Triple Discrimination) को शिकार भइरहेका छन् । जस्तै:

- पहिलो, महिला भएको कारणले,
- दोस्रो, आदिवासी जनजाति भएकोले कारणले र,
- तेस्रो, आदिवासी जनजाति महिला भएको कारणले ।

### आदिवासी जनजाति महिलाका मागहरू

१. राज्यले आदिवासी जनजाति महिलाको पहिचानलाई स्वीकार गर्नुपर्ने र राष्ट्रको प्रत्येक दस्तावेजहरूमा आदिवासी जनजाति महिला भनेर उल्लेख हुनुपर्ने ।

२. संविधानसभामा जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न समानुपातिक निर्वाचन प्रणाली लागू गर्नुपर्ने ।

३. अन्तरिम संविधानमा आदिवासी जनजाति महिलाको पहिचानसहित समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने ।

४. राज्यको मुख्य तीन अंगहरू (कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका) को नीति नियममा आदिवासी जनजाति महिलाको समानुपातिक प्रतिनिधित्वको विशेष व्यवस्था हुनुपर्ने ।

५. महिला विकास कार्यक्रम लगायतका योजनाहरू बनाउँदा आदिवासी जनजाति महिलाहरूलाई वञ्चित गराएको र ती महिलाहरूको आर्थिक, सामाजिक, शैक्षिक,

---

६६ Available at: http://www.niwf.org.np/notice/NIWF%20ACTVITIES%200N%20INDIGENOUS%26WOMEN.pdf. Accessed on 19 March 2008.

स्वास्थ्य, सांस्कृतिक तथा राजनैतिक विकासका लागि नीति, नियम, कार्यक्रम, योजना र बजेट छुट्याइनुपर्ने ।

६. आदिवासी जनजाति महिलाहरूको मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक आधिकार महासन्धि, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, महिला विरुद्धका भेदभाव विरोधी महासन्धि आदिद्वारा प्रदत्त समानता, स्वतन्त्रतासम्बन्धी अधिकारको निर्बाध रूपमा उपभोग गर्न दिँदै भेदभावको विरोध गर्न पाउने व्यवस्था हुनुपर्ने ।

७. अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ लाई अविलम्ब पारित गर्नुपर्ने ।

८. अति सीमान्तकृत र गरिब आदिवासी जनजाति महिला (माझी, दनुवार, सतार, पहरी आदि) र लोपोन्मुख अवस्थामा रहेका आदिवासी जनजाति महिला (राउटे, वनकरिया, कुशवाडिया, राजी, कुसुण्डा, हायू, किसान, मेचे, लेप्चा र सुरेल)को आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य तथा सांस्कृतिक विकासको लागि संरक्षण, संबर्द्धन र विकासका लागि राज्यले विशेष व्यवस्था गर्नुपर्ने ।

९. सामाजिक समाहिकरणको नाममा विभिन्न संघसंस्थामार्फत् दातृसंस्थाहरूले कार्यक्रम सञ्चालन गरिरहेको तर अति सीमान्तकृत, लोपोन्मुख र अति गरिबीको अवस्थामा रहेका आदिवासी जनजातिहरू वञ्चित छन् । त्यसैले ती कार्यक्रमहरू जनजाति महिलाहरूमार्फत् नै सञ्चालन हुनुपर्ने ।

१०. आदिवासी जनजाति महिलाको परम्परागत ज्ञान, सीप, कला, संस्कृतिलाई मान्यता दिने, प्रबर्द्धन, संरक्षण, विकास गर्ने र नियन्त्रण हुने अधिकारको व्यवस्था हुनुपर्ने ।

११. सूचना र सञ्चारमा आदिवासी जनजाति महिलाको पहुँच र नियन्त्रण हुनुपर्ने ।

१२. अपाङ्ग, युद्धपीडित महिलाहरूको बारेमा उल्लेख हुनुपर्ने र राज्यद्वारा विशेष व्यवस्था गर्नुपर्ने ।

१३. लोकतान्त्रिक गणतन्त्र र संघीय शासन प्रणालीको आधार लैङ्गिक समानता हुनुपर्ने ।

१४. आत्मनिर्णयको अधिकारसहितको जातीय, क्षेत्रीय स्वशासन स्थापना गर्नुपर्ने ।

१५. सामाजिक, आर्थिक व्यवस्थाको रुपान्तरण गर्दै आदिवासी जनजाति महिलाहरूलाई सम्पत्तिमा समान हकको व्यवस्था हुनुपर्ने ।

१६. महिलाहरूलाई जातीय समानुपातिक प्रतिनिधित्वका लागि सिट तोकिनुपर्ने, त्यसमा आदिवासी जनजाति महिलाहरूलाई जातीय संख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने ।

१७. अल्पसंख्यक एवं अत्यन्त उत्पीडित समुदायका आदिवासी जनजाति महिलाहरूको लागि शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था गर्नुपर्ने ।

१८. त्रिभाषिक नीतिको व्यवस्था गर्नुपर्ने ।

१९. जातीय स्वायत्त क्षेत्रभित्र सबै क्षेत्रमा भाषाको माध्यम मातृभाषा हुनुपर्ने ।

## अनुसूचि २ : आदिवासी जनजाति महिलाहरूको काठमाडौँ घोषणापत्र २००७[६७]

सार्वभौमसत्ता र राज्यसत्ताले सम्पन्न नेपाली जनताहरू आफैँले संविधानसभाका माध्यम राज्यको पुनरसंरचना समावेशी तरिकाले गरिनेछ भन्ने जनआन्दोलन भाग २ को म्याण्डेटलाई ध्यानमा राख्दै,

आदिवासीसम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, आदिवासीसम्बन्धी संयुक्त राष्ट्र संघका निर्णयहरू, सबै प्रकारका जातीय विभेद विरुद्धको महासन्धि, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धि महासन्धि, सामाजिक, आर्थिक तथा राजनैतिक अधिकारसम्बन्धी महासन्धि, बेइजिङ्ग घोषणापत्र र कार्ययोजना, जातीय विभेद विरुद्धको डर्बान घोषणापत्र र कार्ययोजना लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई स्मरण गर्दै,

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ धारा २१ सामाजिक न्यायको हकमा "आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ" भन्ने मौलिक हकलाई स्मरण गर्दै,

हामी आदिवासी जनजाति महिलाहरू एकातिर महिला भएको कारणले, र अर्कोतिर आदिवासी जनजाति भएको कारणले र त्यसमा पनि आदिवासी जनजाति महिला भएकोले तेहोरो उत्पीडनमा पर्दै आएको तथ्यमा चासो राख्दै,

आदिवासी जनजातिहरू र महिलाहरूले आफ्ना अधिकारहरू उपभोग गर्न हरेक प्रकारका विभेदहरूबाट मुक्त हुनुपर्छ भन्ने मान्यताप्रति प्रतिबद्ध हुँदै,

सबै प्रकारका हिंसा र प्रतिहिंसाका जराहरूलाई उन्मूलन गर्दै सकारात्मक शान्ति र विविधतालाई सम्बर्द्धन गर्नुपर्छ भन्ने यथार्थलाई मनन् गर्दै,

राज्य र आठ दललाई आफ्नो दायित्व प्रभावकारी तरिकाले पूरा गर्न प्रोत्साहित गर्दै,

यो घोषणापत्रले आदिवासी जनजाति महिलाहरूको पहिचान र अधिकारलाई संरक्षण र प्रबर्द्धन गर्न सघाउ पुऱ्याउने विश्वास लिँदै,

दोस्रो विश्व आदिवासी दशकलाई सम्झना गर्दै,

विश्व आदिवासी दिवस अगस्त ९, २००७ का दिन नेपालका विभिन्न क्षेत्रहरूबाट काठमाडौँमा भेला भएका हामी आदिवासी जनजाति महिला सञ्जालसँग आबद्ध संघ संस्थाहरूका प्रतिनिधि सहभागी हस्ताक्षरकर्ताहरू यो १० बूँदे काठमाडौँ घोषणापत्र, २००७ जारी गर्दछौँ ।

---

६७ राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जालद्वारा जारी गरिएको घोषणापत्र । यसको 'इलक्ट्रोनिक भर्सन' लेखकसँग सुरक्षित छ ।

१. संविधानसभामा जातीय समुदायगत पहिचान र महिलाको पहिचानसहित जातीय जनसंख्या र लैङ्गिक आधारमा पूर्णरूपमा समानुपातिक आधारमा प्रतिनिधित्वको सुनिश्चित गर्नुपर्ने ।

२. संघात्मक लोकतान्त्रिक गणतन्त्रको आधार आत्मनिर्णयको अधिकारसहित जातीय, भाषिक र क्षेत्रगत स्वायत्तता हो भनेर संविधानसभा अघि नै राज्यले घोषणा गर्नुपर्ने ।

३. राज्यले आदिवासी जनजाति महिलाको पहिचानलाई स्वीकार गर्नुपर्ने, राष्ट्रको योजना, नीति, रणनीति, कार्यनीति, कार्यक्रम, बजेट, अनुगमन र मूल्यांङ्कन आदि सबैमा आदिवासी जनजाति महिला भनी उल्लेख गर्नुपर्ने र समानुपातिक तवरले बजेट, स्रोत र साधन आदिको व्यवस्था गर्नुपर्ने ।

४. राज्यका तीनवटै अंगहरू (कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका) का सबै तह र तप्काहरूमा आदिवासी जनजाति महिला र पुरुषहरूको समानुपातिक प्रतिनिधित्व तथा विशेष अधिकार सुनिश्चित गर्नुपर्ने ।

५. सरकारी र नीजि सञ्चार माध्यमहरूमा संविधानसभा लगायतका जानकारीहरू र सूचना मातृभाषाहरूमा प्रसार गर्नुपर्ने र यसमा आदिवासी जनजाति महिलाको पहुँच र नियन्त्रण हुनुपर्ने ।

६. अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ लाई अविलम्ब अनुमोदन गर्नुपर्ने र संयुक्त राष्ट्र संघमा आदिवासीको अधिकारसम्बन्धी घोषणापत्र पारित गर्न नेपाल सरकारले सक्रिय भूमिका खेल्नुपर्ने ।

७. राज्य, महिला आन्दोलन र दातृ निकायहरूले महिला वा लैङ्गिक, भिन्न जातीय, भाषिक, सांस्कृतिक र क्षेत्रगत विविधतालाई स्वीकार गर्दै समानुपातिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने ।

८. राज्यले आदिवासी जनजाति महिलाको परम्परागत ज्ञान, सीप, कला, संस्कृतिको मान्यता दिने, प्रवर्द्धन, संरक्षण, र विकास गर्ने र नियन्त्रण हुने अधिकारको व्यवस्था गर्नुपर्ने ।

९. हाम्रो आधारभूत जीविकोपार्जनका साधन, हाम्रो जैविक विविधता, पुर्ख्यौली भूमि, वन-जंगल र क्षेत्रको अधिकारसहित मान्यता दिनुपर्ने ।

१०. राज्यबाट सूचीकृत ५९ आदिवासी जनजातिबाहेक छुट्न गएका आदिवासी जनजातिलाई सूचीकृत गरी आसन्न संविधानसभामा प्रतिनिधित्व सुनिश्चित गरिनुपर्ने ।

हामी आदिवासी जनजाति महिलाहरू आदिवासी जनजाति पुरुषहरूसँग र अन्य समान उद्देश्य भएका आन्दोलनकारीहरूसँग काँधमा काँध मिलाएर राजतन्त्र, बाहुनवाद, पितृसत्ता, केन्द्रीकृत राज्य र सबै प्रकारका जातीय, भाषिक, सांस्कृतिक, धार्मिक, लैङ्गिक, क्षेत्रगत र वर्गीय विभेद, शोषण, दमन र उत्पीडनका विरुद्ध लड्न कुनै कसर बाँकी राख्ने छैनौं ।

## अनुसूचि ३: नेपाल आदिवासी जनजाति महासंघ काठमाडौँ घोषणापत्र, २००८
## विश्व आदिवासी दिवस (अगस्त ९, २००८)[६८]

नेपाल आदिवासी जनजाति महासंघले,

सार्वभौमसत्ता र राज्यसत्ताले सम्पन्न नेपाली जनता आफैले संविधानसभाका माध्यमबाट राज्यको पुनर्संरचना समावेशी तरिकाले गरिनेछ भन्ने जनआन्दोलन भाग २ को जनादेशलाई ध्यानमा राख्दै,

जेठ १५, २०६५ मा बसेको संविधानसभाको पहिलो बैठकले धर्मनिरपेक्ष, संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनको ऐतिहासिक निर्णयलाई स्वागत गर्दै,

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ धारा २१ सामाजिक न्यायको हकमा "आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ" भन्ने मौलिक हकलाई स्मरण गर्दै,

हामी आदिवासी जनजाति महिला र पुरुषहरू सदियौंदेखि बाहुनवाद, गोर्खा साम्राज्यवाद, राजतन्त्र, आन्तरिक उपनिवेशीकरण, हिन्दूकरण, संस्कृतिकरण, खस नेपालीकरण, पितृसत्ता सामन्ती र साम्प्रदायिक राज्यसत्ताबाट हामी आदिवासी जनजातिहरूको पहिचान, भूमि, मातृभाषा, धर्म संस्कृति लगायतमा भएको शोषण, दमन, उत्पीडन र स्वामित्वहरण गलत, अवैध, निन्दनीय र अन्यायपूर्ण छन् भन्ने कुरालाई जोड दिँदै,

हामी आदिवासी जनजाति महिलाहरू महिला, आदिवासी जनजाति र आदिवासी जनजाति महिला भएका कारणले तेहोरो उत्पीडनमा पर्दै आइरहेको तथ्यलाई चासो राख्दै,

हामी आदिवासी जनजाति महिला र पुरुषहरूले आफ्नो अधिकारहरू उपभोग गर्न हरेक प्रकारका जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, क्षेत्रगत, लैङ्गिक, वर्गीय लगायतका विभेदहरूबाट मुक्त हुनुपर्छ भन्ने मान्यताप्रति प्रतिबद्ध हुँदै,

सबै प्रकारका प्रत्यक्ष, संरचनागत, सांस्कृतिक हिंसा र प्रतिहिंसाका जराहरूलाई सम्बोधन गर्दै सकारात्मक शान्ति र विविधतालाई सम्वर्द्धन गर्नुपर्छ भन्ने यथार्थतालाई मनन् गर्दै,

राज्य र संविधानसभामा प्रतिनिधित्व भएका दलहरूलाई आफ्नो दायित्व प्रभावकारी तरिकाले पूरा गर्न प्रात्सोहित गर्दै,

हामी आदिवासी जनजाति महिला र पुरुषहरूको पहिचान र अधिकारलाई संरक्षण र प्रबर्द्धन गर्न राज्यले सघाउ पुऱ्याउने विश्वास गर्दै,

नेपाल सरकारले सेप्टेम्बर १३, २००७ मा अनुमोदन गरेको अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ र सेप्टेम्बर १४, २००७ मा नेपालले सहमति जनाएको आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रलाई ध्यान दिँदै,

---

६८ थप जानकारीको लागि हेर्नुहोस् नेपाल आदिवासी जनजाति महासंघ २०६५ख ।

संविधानसभालाई सफलतापूर्वक सम्पन्न गर्नका लागि नेपाल सरकार र नेपाल आदिवासीजनजाति महासंघ र आदिवासी जनजाति संयुक्त संघर्ष समितिबीच अगस्त ७, २००७ मा भएको २० बूँदे सहमतिको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै, आदिवासीसम्बन्धी संयुक्त राष्ट्रसंघका निर्णयहरू, सबै प्रकारका जातीय विभेद विरुद्धको महासन्धि, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, सामाजिक, आर्थिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, जैविक विविधतासम्बन्धी महासन्धि, बेइजिङ्ग घोषणापत्र र कार्यजोजना, जातीय विभेद विरुद्धको डर्बान घोषणापत्र र कार्ययोजना लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई स्मरण गर्दै,

दोस्रो विश्व आदिवासी दशकले सरकार र सरोकारवाला पक्षहरू र आदिवासी जनजातिबीच नयाँ सहकार्यलाई कार्यान्वयन गर्ने प्रतिबद्धतालाई सम्झना गर्दै,

सदियौंदेखि राज्यद्वारा जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, लैङ्गिक, वर्गीय, क्षेत्रगत लगायतका विभेदमा पारिएका हामी आदिवासी जनजाति महिला र पुरुषहरू विश्व आदिवासी दिवस अगस्त ९, २००८, तद्नुसार साउन २५, २०६५ को अवसरमा नेपाल आदिवासी जनजाति महासंघले यो जातीय स्वायत्तता र आत्मनिर्णयको अधिकार, स्वाधीन, संघीय र समृद्ध नेपाल निर्माणको मूल आधारलाई हृदयङ्गम गर्दै अगस्त ६, २००८ मा काठमाडौँमा आयोजना गरेको राजनीतिक सम्मेलनले यो १९ बुँदे काठमाडौँ घोषणापत्र, २००८ जारी गर्दछौं ।

१. संघात्मक लोकतान्त्रिक गणतन्त्रको आधार जाति, भाषा र क्षेत्र हुनै पर्दछ र संविधानसभाले बनाउने नयाँ संविधानमा आत्मनिर्णयको अधिकारसहित जातीय स्वायत्तता सुनिश्चित हुनैपर्दछ र सहायक आधारहरू जनसंख्या, भौगोलिक क्षेत्रको क्षेत्रफल, स्रोत र संशाधन हुन सक्दछ तर यी सहायक आधारलाई मूल आधार बनाइनु हुँदैन ।
२. संविधानसभा र विधायिका-संसद र राज्यका अन्य हरेक नीति निर्माण र कार्यान्वयन गर्ने तहहरूमा आदिवासी जनजाति महिला र पुरुषहरूको समानुपातिक र समावेशी प्रतिनिधित्व सुनिश्चित हुनै पर्दछ ।
३. संविधानसभाले आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा भएका संवैधानिक हक अधिकारलाई संविधानमा कानूनी अधिकारलाई कानूनमा र अन्य कुराहरूलाई नीति तथा कार्यक्रममा जस्ताको तस्तै समावेश गर्नु पर्दछ ।
४. नेपाल सरकारले अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ को प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ र संविधानसभाले उक्त महासन्धिमा भएका संवैधानिक हक अधिकारलाई संविधानमा, कानूनी अधिकारलाई कानूनमा र अन्य कुराहरूलाई योजना, नीति तथा कार्यक्रममा जस्ताको तस्तै समावेश गर्नु पर्दछ ।

५. संविधानसभाले संविधानसभाको समिति बनाउँदा “आत्मनिर्णयको अधिकार कार्यान्वयन समिति”, “जातीय स्वायत्त राज्यको सीमा निर्धारण समिति”, “आदिवासी जनजाति समिति” र “आदिवासी जनजाति महिला समिति” बनाउनु पर्दछ ।
६. संविधानसभाले संविधानसभाको विषय समिति बनाउँदा “लोपोन्मुख आदिवासी जनजाति”, “अतिसीमान्तकृत र सीमान्तकृत आदिवासी जनजाति”, “आदिवासी जनजाति महिला”, “उष्णप्रदेशीय आदिवासी जनजाति”, “आदिवासी जनजाति बालबालिका र जेष्ठ नागरिक” र “अल्पसंख्यक आदिवासी जनजाति” विषय समितिहरू बनाउनु पर्दछ ।
७. संविधानसभाले बनाउने नयाँ संविधानमा आदिवासी जनजातिको हकअन्तर्गत निम्न हकहरू उल्लेख हुनुपर्दछः
   (क) आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ मा व्यवस्था भएका सम्पूर्ण अधिकारहरू आदिवासी जनजातिको न्यूनतम अधिकार हुनेछ ।
   (ख) आदिवासी जनजातिसँग सामूहिक रूपमा वा व्यक्तिगत रूपमा संयुक्त राष्ट्रसंघीय बडापत्र, मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानूनद्वारा स्वीकार गरिए अनुसारका सम्पूर्ण मानवअधिकार तथा मौलिक स्वतन्त्रताको पूर्ण उपभोग गर्ने अधिकार रहेको छ ।
   (ग) आदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकार हुनेछ । यो अधिकारलाई प्रयोग गरी आफ्नो राजनीतिक हैसियत निर्धारण गर्न स्वतन्त्र छन् र आफ्नो आर्थिक, सामाजिक, र सांस्कृतिक विकासलाई हासिल गर्न स्वतन्त्र छन् ।
   (घ) आत्मनिर्णयको अधिकार प्रयोग गर्दा आदिवासी जनजातिलाई आफ्नो आन्तरिक र स्थानीय विषयहरूमा स्वायत्तता वा स्वशासनका साथै स्वायत्त कार्यका लागि वित्तीय व्यवस्था र साधनहरूको समेत अधिकार छ ।
   (ङ) आदिवासी जनजातिहरूलाई जमिनमाथिको अधिकार हुनेछ ।
८. संविधानसभाले बनाउने नयाँ संविधानमा जातीय स्वायत्त राज्यमा कार्यपालिका, व्यवस्थापिका र न्यापालिकामा ६६ प्रतिशत प्रतिनिधित्वको अग्राधिकार हुनु पर्दछ ।
९. संविधानसभाले बनाउने नयाँ संविधानमा अल्पसंख्यक जात-जाति, भाषा, धर्म, लिङ्ग, क्षेत्र आदिको अधिकार संयुक्त राष्ट्रसंघले प्रदान गरेका अल्पसंख्यकको अधिकार बमोजिम सुनिश्चित हुनु पर्दछ ।
१०. केन्द्रिकृत, एकात्मक राज्यसत्ताले आदिवासी जनजातिविरुद्ध गरेका जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, राजनैतिक, आर्थिक लगायतका सबै प्रकारका विभेद, शोषण, दमन र उत्पीडन अन्यायपूर्ण भएकाले विगतका सो कार्यका सम्बन्धमा राज्यले औपचारिक रूपमा माफी माग्नु पर्दछ र अबदेखि राज्यबाट आदिवासी जनजातिविरुद्ध कुनै पनि प्रकारका विभेद नहुने, नगर्न प्रतिबद्धता गर्नु पर्दछ ।

११. राज्यले आदिवासी जनजाति महिलाको पहिचान र विविधतालाई स्वीकार गर्नुपर्दछ र राष्ट्रको योजना, नीति, रणनीति, कार्यनीति, कार्यक्रम, बजेट, अनुगमन र मूल्याङ्कन आदि सबैमा आदिवासी जनजाति महिला भनेर उल्लेख गर्नुपर्दछ र समानुपातिक तवरले बजेट, स्रोत र साधन आदिको व्यवस्था गर्नु पर्दछ ।

१२. संविधानसभा लगायतका जानकारी राज्यले सरकारी सञ्चार माध्यमहरूबाट मातृभाषाहरूमा प्रचार प्रसार गर्नु पर्दछ ।

१३. राज्य, महिला आन्दोलन र दातृ निकायहरूले महिला वा लैङ्गिकभित्र जातीय, भाषिक, सांस्कृतिक र क्षेत्रगत विविधतालाई स्वीकार गर्दै समानुपातिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्नुपर्दछ ।

१४. राज्यले आदिवासी जनजाति महिला र पुरुषको परम्परागत ज्ञान, सीप, कला, संस्कृतिलाई मान्यता दिँदै प्रबर्द्धन, संरक्षण र विकास गर्न र नियन्त्रण हुने अधिकारको व्यवस्था गर्नुपर्दछ ।

१५. हामी आदिवासी जनजातिको आधारभूत जीविकोपार्जनका साधन हाम्रो पुर्ख्यौली भूमि, वन-जंगल र क्षेत्रको स्वामित्व र अधिकारलाई जातीय स्वायत्त राज्यमा कानूनी मान्यताको ग्यारेन्टी गरिनु पर्दछ ।

१६. राज्यले आदिवासी जनजाति समुदायका महिला, बालबालिका र जेष्ठ नागरिक र शारीरिक रूपमा भिन्न क्षमता भएका व्यक्तिको विशेष अधिकार सुनिश्चित गर्नुपर्दछ ।

१७. हामी आदिवासी जनजातिहरू न्यायपूर्ण अधिकारका लागि आन्दोलनरत महिला, दलित, तराईवासी र अन्य उत्पीडित जात-जाति, भाषाभाषी, धर्मावलम्वी र क्षेत्रगत आन्दोलनलाई नैतिक समर्थन र ऐक्यवद्धता व्यक्त गर्दछौं ।

१८. हामी आदिवासी जनजाति महिला र पुरुषहरू अन्य समान उद्देश्य भएका आन्दोलनकारीहरूसँग काँधमा काँध मिलाएर बाहुनवाद, पितृसत्ता र सबै प्रकारका जातीय, भाषिक, सांस्कृतिक, धार्मिक, लैंगिक, क्षेत्रगत र वर्गीय विभेद, शोषण, दमन र उत्पीडन विरुद्ध लड्न कुनै कसर बाँकी राख्ने छैनौं ।

१९. संविधानसभाले बनाउने नयाँ संविधानमा आत्मनिर्णयको अधिकारसहित जातीय स्वायत्तता लगायतका आदिवासी जनजातिका न्यायोचित र जायज हक अधिकारहरू सुनिश्चित नभएको खण्डमा नयाँ संविधान जलाउनु पर्ने, जातीय विद्रोह गर्नुपर्ने अवस्था सृजना भएमा सोका लागि संविधानसभा र राज्य पक्ष नै जिम्मेवार हुनेछ ।

| | |
|---|---|
| रामबहादुर थापा | पासाङ शेर्पा |
| महासचिव | अध्यक्ष |

काठमाडौं ९ अगष्ट २००८